झापा विद्रोहका एउटा नायक

# शिवप्रसाद शिवाकोटी

(जीवनी)

नइ प्रकाशन

२०५२

झापा विद्रोहका एउटा नायक

# शिवप्रसाद शिवाकोटी

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
आवरण चित्र : शिवप्रसाद शिवाकोटी
आवरण सज्जा : इन्द्र खत्री
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
प्रथम संस्करण : २०७८ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १५५
मोल : दुई सय पचास रुपियाँ
© सुरक्षित, २०७८ (2021)

ISBN:978-9937-509-89-3
A Biography of Shiva Prasad Shiwakoti by Narendra Raj Prasai

नरेन्द्रराज प्रसाईद्वारा लिखित शिवप्रसाद शिवाकोटीको जीवनीकृतिमा झापा विद्रोहका कमान्डरको जीवनवृत्तान्तका साथै झापा विद्रोहको दस्तावेजै राखिएको रहेछ । यो पुस्तक पढेपछि त्यस कालखण्डमा मैले भोगेका घटना मेरा मस्तिष्कमा ताजा भएर खेल्न थाले । यो कृति झापा विद्रोहको इतिहासमा साक्षीका रूपमा रहनेछ । छोपिइसकेका र हराइसकेका शिवप्रसाद शिवाकोटीको जीवनी सिद्धहस्त जीवनीकारबाटै लेखिएकोमा मलाई गर्व लागेको छ ।

**• मोहनचन्द्र अधिकारी**

नरेन्द्रराज प्रसाईलाई झापा आन्दोलनको एउटा झिल्को भन्नु अतिशयोक्ति हुँदैन । तिनै झिल्कोबाट 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' जीवनीकृति प्रामाणिक रूपमा देखा पर्नु नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा थप हर्षको विषय हो । त्यतिखेर प्रहरीसँग नरेन्द्रको झडपका प्रसङ्गमा शिवप्रसाद शिवाकोटीले भनेको कुराको झापामा एउटा चर्चा थियो– 'नरेन्द्रले चकमकबाट झिल्को निकालेछ । त्यस झिल्काले भोलिका दिनमा कस्तो नतिजा ल्याउला, हेरौँ !' पछि देखियो– झापा आन्दोलनको एउटा झिल्को सुखानीमा बेजोडसित बलिदानको विस्फोटमा परिणत भयो, अर्को झिल्को नेपाल कम्युनिस्ट पार्टी (एमाले) बनेर पटकपटक प्रधानमन्त्रीको कुर्सीसम्म पुग्यो र तेस्रो झिल्को देशभक्तिपूर्ण आन्दोलनका लागि नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी) बनेर देशमा क्रियाशील रही आयो ।

**• सीपी मैनाली**

झापा विद्रोह भएको पचास वर्षपछि नरेन्द्रराज प्रसाईमार्फत मैले एउटा नौलो र अति आवश्यक ज्ञान पाएको छु । झापा विद्रोहका विषयमा मैले धेरै उत्सुकता राखेको थिएँ तर झापाली साथीहरूले मलाई यसबारे यसरी कहिले केही भनेका थिएनन् । मलाई यति थाहा छ– 'नेपाल कम्युनिस्ट पार्टी (एमाले)को मूल २०२७ सालदेखि २०३० सालसम्मको झापा सङ्घर्ष र विद्रोह नै हो ।' नरेन्द्र भाइले त्यही प्रसङ्ग केलाई 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' लेखेर त्यसबारेको मेरो ज्ञानलाई परिपुष्ट बनाएका छन् । नरेन्द्र भाइको अक्षरमार्फत झापा आन्दोलनको त्यो इतिहासलाई साथीहरूले चिनून्, बुझून्, पढून् र झापा विद्रोहका सन्दर्भमा अझै केही लेख्न बाँकी छ भने लेखून् । यति हो, नरेन्द्र भाइले छोपिइसकेको त्यो गाथा हाम्रा सामुन्ने राखिदिएकाले अब झापा विद्रोहको इतिहास हरायो नै भनेर हामीले पछुताउनुपर्ने ठाउँचाहिँ रहेन ।

**• प्रदीप नेपाल**

नरेन्द्रराज प्रसाई सधैँ नेपथ्यबाट बोल्छन्, कहीँ कतै आफ्नो डम्फु बजेको सुनिदैँन, कहीँ कतै मपाइँको स्वर घन्कँदैन । व्यक्ति वा वस्तुलाई अघि राखेर उनी एउटा चित्रकारले जस्तो चित्र कोर्दै जान्छन् । उनको भाषाशैलीले एउटा नयाँ भूमि टेक्न पुग्छ, विचारले एउटा नयाँ डाँडा उघार्न खोज्छ ।

• प्रा.राजनारायण प्रधान

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' नेपाली कम्युनिस्ट आन्दोलनको यात्राका लागि एउटा साक्षात् प्रमाणका रूपमा देखा परेको छ । यस किताबमा खोलिएका प्राग्घटनासमेतको आधारद्वारा पुष्पलालदेखि शिवप्रसाद शिवाकोटीसम्मको वामपन्थी इतिहासलाई केलाएर हेर्दा झापा विद्रोह नेपालको राजनीतिको एउटा अद्भुत र अलौकिक घटना साबित भएको छ । नरेन्द्रराज प्रसाईले गर्तमा पुरिएको झापा विद्रोहको घटनालाई लाल किल्लाको आलेखका रूपमा उजागर गरिदिएकाले शिवप्रसाद शिवाकोटीलाई इतिहासमा प्रस्ट रूपमा चिन्न र बुझ्न हामीलाई सहज भएको छ ।

• प्रा.डा.सुरेन्द्र केसी

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' नाउँको कृतिले झापा आन्दोलनप्रति न्याय गरेको छ । हाम्रा दाजु शिवप्रसाद शिवाकोटीको नायकत्वमा सञ्चालित झापा विद्रोहको थालनीमा मेरा भाइ नरेन्द्रराज प्रसाई पनि समेटिएका थिए । नरेन्द्र भाइजस्ता योद्धाबाटै लेखिएको यस कृतिले झापा विद्रोहको इतिहासलाई नै खुलस्त पारेको छ ।

• विष्णुभक्त प्रसाई

नरेन्द्रराज प्रसाईद्वारा लिखित शिवप्रसाद शिवकोटीको जीवनीकृति पढेपछि म पूर्वस्मृतिमा पुगेछु । एक जना सिद्धहस्त जीवनीकार र झापा विद्रोहका किशोर लडाकूले अर्का एक जना लुकिसकेका, छोडिसकेका, हराइसकेका र बिर्सिन खोजिएका युगपुरुषको विषयको दस्तावेज पढ्दा मलाई धेरैजसो ठाउँमा शिवप्रसाद शिवाकोटी सँगसँगै भएको महसुस भयो । यो कृति पढेपछि मलाई लाग्यो– 'यदि नरेन्द्रराज प्रसाईले 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' नलेखिदिएको भए शिवाकोटीको यसरी जरादेखि हाँगा र हाँगादेखि टुप्पासम्मको जीवनवृत्त र सालबारीदेखि सुखानीसम्मको इतिहास अरूबाट प्रकट हुन सक्तैनथ्यो । नेपाली कम्युनिस्ट आन्दोलनको शृङ्खलामा प्रस्तुत कृति सुन भएको मेरो ठहऱ्याइ छ ।

• जयप्रसाद यूके

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशन नाफाविहीन, सेवामुखी र गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप

विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित सात दर्जनजति कृतिमध्ये जीवनीकृति मात्रै साढे दुई दर्जन प्रकाशित भइसकेका छन् भने साढे सात सयवटा जति फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी'नामक कृतिभित्र समकालीन नेपालको राजनीतिको परिचय पनि पाइन्छ र नेपाली कम्युनिस्टको इतिहास पनि आउँछ । निष्क्रिय नेपाली वाम राजनीतिको सक्रियता झापाबाट पुन: सञ्चालित भएको हो । झापा आन्दोलनका नायक रामनाथ दाहाल मानिन्छन् भने झापा विद्रोहका नायक शिवप्रसाद शिवाकोटी नै थिए ।

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी'नामक ग्रन्थभित्र शिवाकोटीको जिन्दगानीको प्राय: सम्पूर्ण उतारचढावलाई सङ्क्षिप्त रूपमा भए पनि अत्यन्तै सकारात्मक र सग्लो रूपमा प्रस्तुत गरिएको छ । एउटा गैरगणतान्त्रिक लेखकले अर्का गणतान्त्रिक नेताबारे खुलस्त रूपमा यस कृतिमा चर्चा गरिएको छ । यति हुँदाहुँदै पनि लेखक प्रसाई झापा विद्रोह गराउने कारकमध्ये एक जना विद्रोही लडाकूसमेत थिए ।

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी'नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


• **भूमिका : प्रा.राजेन्द्र सुवेदी** • ११
• **लेखकीय** : झापा विद्रोहको साक्षी 'म' र मेरी आमाका भक्त 'शिव दाइ' • २२
१. शिवप्रसाद शिवाकोटीको पूर्वीभूमि • ३१
२. शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको नाता र राजनीति • ३६
३. शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको राजनीतियात्रा • ४०
४. शिवप्रसाद शिवाकोटीको व्यापार र खेतीपाती • ४६
५. शिवप्रसाद शिवाकोटीको किसान जागरण • ४९
६. शिवप्रसाद शिवाकोटीलाई माटोको माया • ५४
७. शिवप्रसाद शिवाकोटीको विष्णुभक्त प्रसाईसँग संलग्नता • ५७
८. शिवप्रसाद शिवाकोटीको रेखदेखमा हाम्रो घर • ६१
९. शिवप्रसाद शिवाकोटीबाट झापा विद्रोहको नेतृत्व • ६५
१०. शिवप्रसाद शिवाकोटीको आग्रह छाड्दा बुटन चौधरीको हत्या • ७३
११. शिवप्रसाद शिवाकोटी, झापा विद्रोह र गणतन्त्र • ८४
१२. शिवप्रसाद शिवाकोटीबारे उनका सहयोद्धाको उद्घोष • ९७
१३. शिवप्रसाद शिवाकोटीलाई सुखानी हत्याको झड्का • १०५
१४. शिवप्रसाद शिवाकोटीको निर्वासित जीवन • ११०
१५. शिवप्रसाद शिवाकोटीको स्वदेश प्रवेशपछिको पीडा • ११७
**स्रोतव्यक्ति** • १२०
**लेखक परिचय** • १२२

# वामगर्जनका शङ्खघोषकर्ता शिवप्रसाद शिवाकोटीप्रति नरेन्द्रराज प्रसाईको न्याय

शिवप्रसाद शिवकोटी मूल पात्रको जीवनीसँग अनेक भोक्ता पात्रका लघु जीवनीहरू समेटिएको **झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी**नामक प्रस्तुत कृति आफैँमा एक विशिष्ट जीवनी बनेको छ । नेपाली राजनीतिका र विशेष गरी वामआन्दोलनको प्रारम्भमा जोडिएका विभिन्न व्यक्तिहरूको लघु जीवनी अङ्कित भएका कारण प्रस्तुत कृति अधिजीवनी बनेको छ । यस कृतिमा स्रष्टा नरेन्द्रराज प्रसाईको आत्मजीवनीका अंशहरू पनि प्रभावकारी भूमिकामा देखिएकाले पनि यो अधिजीवनी बनेको हो । स्रष्टाले आफ्ना रचनाको सृजनामा पात्रको चयन गर्ने र प्रारूप निर्धारण गर्ने स्वतन्त्रता उपयोग गर्छ नै ! तर विशुद्ध परकीय जीवनीका सन्दर्भमा जीवनीकारले यस प्रकारको पात्रको प्रारूपीकरणगत स्वतन्त्रता गुमाउँछ । परकीय जीवनीमा यथार्थ व्यक्ति नै पात्रका रूपमा आउने र यथार्थ समाज तथा जीवनपद्धति एवम् समाजसंरचनाको मौजुदा स्थिति नै परिवेश पनि बन्ने भएकाले जीवनीलेखनमा विषय, पात्र, परिवेश तथा आचरणका विषयमा विचलन गर्ने अवसर नै मिल्दैन । त्यस कारण विशुद्ध सृजनात्मक रचनामा समग्र तथ्यहरूको विचलनको अवसर जति स्वाभाविकताका साथ स्रष्टाले उपयोग गर्ने अवसर पाउँछ, आत्मकथात्मक जीवनीमा त्यस्तो अवसर केही कम मात्र पाउँछ र परकीय जीवनीमा चाहिँ विचलनशीलताको अवसर किञ्चित् पनि पाउँदैन ।

परकीय जीवनीलेखन परपात्र वा व्यक्तिको जीवनीमा केन्द्रित रही लेखिने भएकाले यसमा तथ्यगत यथार्थकै वरिपरि रहेर लेखन कार्य गरिन्छ । यस विषयलाई स्रष्टाले सतर्कतासाथ स्मृतिमा राख्नुपर्ने हुन्छ । यहाँ नरेन्द्रराज प्रसाईले परकीय जीवनलेखनका यिनै माथिका अनुशासनमा रहेर शिवप्रसाद शिवाकोटीको जीवनीलाई आफ्ना शब्दमा समेटेर प्रस्तुत गरेका छन् । यस भूमिकाको लेखनमा अधिजीवनी शब्द सचेतताका साथ प्रयोग गरिएको छ । प्रस्तुत कृतिमा जति पात्रका नाम जोडिएका छन्, परोक्ष रूपमा ती सबैको जीवनीको उपस्थिति छ ।

नेपालको राजनीतिक इतिहासमा सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणका निम्ति भएका विभिन्न आन्दोलनहरूमध्ये पहिलो र लामो समयसम्म झड्का दिने आन्दोलनका रूपमा झापा विद्रोहले खेलेको भूमिकालाई नलिई धरै छैन । नेपालका माले वा एमाले र माओवादीजस्ता आवरणमा भएका आन्दोलनहरू यसै झापा विद्रोहको परिणाम हुन् भन्ने कुरा आजका स्थितिले सिद्ध गरेको छ । यस कृतिमा अनेक व्यक्तिका चिन्तन र चरित्रका बिम्बहरू समेटिएका छन् र तिनको रूपाकृति शिवप्रसाद शिवाकोटीको सान्निध्यमा प्रशिक्षण पाएर धारिलो बनेका व्यक्तिपात्रहरूमध्ये कतिपय चाहिँ विचारको धारमा खिया लागेर बीचैमा भुत्ते बनेका छन् । यस क्रममा कतिपय चाहिँ आफूलाई छेपारे रङ्गमा घोलेर मुलुकको सर्वोच्च सम्मानित तथा कार्यकारी शासकसम्मको हैसियत आर्जन गरी देशको आर्थिक दोहन, सांस्कृतिक विध्वंसन र राजनीतिक स्खलनसम्मको यात्रालाई आफ्नो जिम्माको विरासत ठानेर उपयोग गरिरहेका छन् ।

नरेन्द्रराज प्रसाईकृत ‘झापा विद्रोहको साक्षी ‘म’ र मेरी आमाका भक्त शिव दाइ’ शीर्षकको भूमिकाको पाण्डुलिपि पढ्दै गर्दा म स्वयम्ले साढे पाँच दशकपहिलेको समयमा फर्किर्नुपर्ने

स्थिति आयो । २०२३–०२४ सालदेखि मेरो जीवन झापाको समाज र जीवनशैलीसँग जोडिन पुगेको हो । मैले त्यस समयमा केही व्यक्तिको नाम सुनेको थिएँ । म पहाडको पाँचथरको मान्छे थिएँ । पढाइका क्रममा २०१८ सालसम्म कक्षा आठ पढ्दै गरेको युवा उमेरमा प्रवेश गर्दै गरेको ठिटो हुँदा मैले कम्युनिस्ट विचारको प्रारम्भिक प्रशिक्षण पाइसकेको थिएँ । अध्ययनको क्रममा कालिम्पोङको विद्यालयमा पुगेको र बिदाको समयमा झापाको शनिश्चरे, बुधबारे, सुरुङ्गा अनि दमक, गौरादह र उर्लाबारीमा रहेका आफन्तहरूकोमा आवतजावत गर्ने क्रम पनि बढ्दै थियो । यस कारणले त्यहाँका विविध प्रकारका खास गरी वामपन्थी सूचना ग्रहण गर्ने प्रभाव पनि ममा राम्रै परिसकेको थियो । यस प्रभावको बीजारोपण पाँचथरकै विद्यालयको जीवनकालमा भएको र झापा तथा दार्जिलिङको बसाइमा त्यो बीज मभित्र अङ्कुरित बन्दै गएको थियो । २०२५ सालदेखि २०२९ सालसम्मका समयमा नेपालको वामआन्दोलनको केन्द्र झापा नै रहेको स्थितिका सन्दर्भमा वामचिन्तनमा आएका विकृतिलाई जीवनीकार प्रसाईले शिवप्रसाद शिवाकोटीकै मुखबाट आएको उद्‌गारद्वारा प्रस्तुत गरेका छन् ।

मैले चिनेको पहिलो कम्युनिस्ट शिक्षक २०१९–०२० सालको समयमा वल्लभमणि दाहाल थिए । आठराईको पोखरी माध्यमिक विद्यालयको शिक्षक बनेर दाहाल हरेक शनिबार गाउँगाउँ पुगेर वामपन्थी चिन्तनको प्रचार गर्थे, सचित्र चीन पत्रिका, माओको राजनीतिक चिन्तनको अध्ययनका निम्ति जन्तर मानिएको रातो किताब पढ्न प्रेरित गरिरहेको स्थितिमा मैले उनलाई पाएको थिएँ । स्पष्ट र सरल ढङ्गले कार्यकर्तालाई प्रशिक्षित गर्ने र गोप्य तवरबाट कार्यक्रम परिचालन गर्ने विधिको प्रशिक्षण पनि मैले त्यहीँ लिएको थिएँ । पछि एमएको पढाइका क्रममा मैले उनै दाहाललाई गुरुका रूपमा पाएको थिएँ ।

मेरो स्नातकसम्मको अध्ययनको क्रममा कालिम्पोङ र बनारसबाट झापा आउजाउको आवागमनले ममा नयाँ ऊर्जा थपिँदै गरेको पनि अनुभव भएको थियो । जीवनीकार प्रसाईले यस ग्रन्थको केन्द्र बनाएका शिवप्रसाद शिवाकोटी आठराई इवामा रहँदादेखि नै वामराजनीतिक विचारबाट प्रशिक्षित बनिसकेका व्यक्ति थिए भन्ने कुरा झापाको बसाइसराइभन्दा पहिले नै झापामा परिचित बनिसकेका थिए भन्ने कुरा पनि मैले यसबाट थाहा पाएँ ।

प्रस्तुत जीवनीकृतिका केन्द्र शिवप्रसाद शिवाकोटीको झापाको आजको चारपानेमा बसाइसराइ २०१९ सालमा भएको र यस कृतिका कृतिकार प्रसाईको परिवार हाङपाङबाट झापाको शनिश्चरेमा बसाइसराइ भएको सन्दर्भसँग मेरो पनि नजानिँदो पाराले सम्पर्क बनेको स्थिति थियो । २०२६ सालमा प्रसाई परिवार सालबारीमा बसोबास गर्न थालेअघि चारपानेबाट शिवप्रसाद पनि सालबारीमै सरेर आएको विषयसँग म राम्ररी नै परिचित बन्न पुगेको थिएँ । २०२६ सालमा स्नातक उत्तीर्ण गरेर ताप्लेजुङको सिनाममा पुग्दा मलाई राम्ररी थाहा भयो– आठराईका पोखरी हाईस्कुलमा सूर्य कन्दङ्वा, नरेश शाक्यको उपस्थिति; त्रिमोहन हाईस्कुलमा पुण्य सिटौला, फुङ्लिको हाईस्कुलमा नन्दकुमार प्रसाई, खोकलिङ हाईस्कुलमा ओमकृष्ण सिटौला, सिनाम हाईस्कुलमा खेमराज खरेल र राजेन्द्र सुवेदी, पाँचथरकै च्याङथापु हाईस्कुलमा नरेश शिवाकोटी आदिको उपस्थिति थियो । कुरा के थियो भने माथिका सबै नाम कम्युनिस्ट विचारका व्यक्तिका थिए । २०२७–०२८ सालतिर झापा विद्रोह उत्कर्षकतर्फ बढिरहेको अवस्थाका बाछिटा इलाम, पाँचथर र ताप्लेजुङतर्फ पनि पर्न लागेको थियो ।

आठराईमा तत्कालीन वामपन्थी विद्रोहको प्रभावले धेरै थर्काउन लाग्दा त्यो क्षेत्र आतङ्कित बनेको अवस्था थियो । त्यही फेरोमा जागिरकै खोजीमा म झापा आएको समयमा मैले ध्रुव अथवा खड्गप्रसाद

वलीका नामबाट परिचित व्यक्तिलाई सालबारी, शनिश्चरे र अनारमुनीमा सिटी नामबाट सम्बोधन गर्ने गरेको प्रसाईबाट थाहा पाएँ । यस विषयलाई जीवनीकारले अत्यन्त आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् । यसको तात्पर्य त निकै पछि आएर मात्र थाहा भयो । यसको कारण के रहेछ भने शिवप्रसाद शिवाकोटी, रामनाथ दाहाल, विष्णुभक्त प्रसाई आदिले परिचालित गरेका अभियानमा सरकारी तहबाट बाधा पुऱ्याउने खालका गतिविधि हुन लागेमा या प्रशासनको हस्तक्षेप हुन लागेको थाहा पाएमा सिटी फुकेर सतर्क गराउने काम त्यतिखेर यिनै आजका खड्गप्रसाद वलीको थियो भन्ने कुरा पछि मात्र थाहा भयो ।

शिवप्रसाद शिवाकोटी यसै पहिलो उत्कर्षको केन्द्र हुँदाहुँदै पनि सिङ्गो नेपाली वामआन्दोलनको आधार स्तम्भ बनेर उभिएका र जत्रो आँधी आए पनि ढलपल नहुने र अनगिन्ती वैचारिक बीजका संवाहक तथा आफ्ना समवर्ती पुस्ता तयार गर्ने अथाह योद्धाका रूपमा तयार भएका सिङ्गो अभियन्ता थिए । उनका समवर्ती पुस्ताका योद्धाहरूमा रामनाथ दाहाल,  विष्णुभक्त प्रसाई, षडानन्द भारद्वाज (वाग्ले), जयप्रसाद यूके अर्थात् उप्रेती कुमाईं, मोहनचन्द्र अधिकारीहरूले यस क्षेत्रमा वामपन्थी विचार र गतिविधिसमेतलाई राम्ररी मलजल गरेका छन् भन्ने कुराले शिवप्रसाद शिवाकोटीको सङ्गठन निर्माण र त्यसको कुशल परिचालनलाई सिद्ध गरेको छ । दामोदर भारद्वाज, राधाकृष्ण मैनाली, नारद भारद्वाज (वाग्ले), द्रोणाचार्य क्षत्री, सीपी मैनाली, कृष्ण कुइँकेल, विरेन राजवंशी, नेत्र घिमिरे, रुद्र खरेल, खड्ग (ध्रुव) वली, दुर्गा पोखेल, तेजराज खतिवडा र त्यसभन्दा केही पछिल्लो पुस्तामा दधिराम उप्रेती, नरेन्द्रराज प्रसाई, खड्गप्रसाद दाहाल, रामप्रसाद उप्रेती, लीला उदासी आदिको भूमिका गहन रहेको सन्दर्भ पनि प्रस्तुत पुस्तकमा प्रकटमा आएको छ ।

बाल्यकालमै वामपन्थी चिन्तनको प्रशिक्षण पाएका शिवाकोटीका जीवनकार प्रसाईको आत्मकथा र मार्क्सवादी चिन्तनको मिश्रणमा तयार भएको कैशोर व्यक्तित्वको रेखाङ्कनद्वारा यस जीवनीमा नेपालको वामराजनीतिको प्रकार्यात्मक व्यवहारको स्थितिलाई प्रकटमा ल्याइएको छ । बाल्यकालका अत्यन्त उतारचढाउ र तनावको स्थितिले गर्दा शिवप्रसादको विचार बढी धारिलो र क्रियाकलाप नतिजामुखी बन्दै गएको स्थिति यस कृतिले प्रकटमा ल्याएको छ । शिवप्रसादमा एकातर्फ कलाकारिताको कोमल आन्तरिक संवेदना पनि थियो र अर्कातर्फ समाजका राजनीतिक तथा आर्थिक विसङ्गतिका अनेक कुरूपताका सन्दर्भहरूलाई समूल उच्छेदन गरेर फाल्नुपर्ने लक्ष्यका साथ गतिवान् बन्दै गएका र यस प्रकारको अभियानमा अनेक सहयोद्धालाई सङ्गठित बनाउँदै लिएर अगि बढेका शिवाकोटीको जीवनका अनेक आयामहरू थिए भन्ने कुरा यस जीवनीमा समेटिएका छन् । शिवप्रसाद शिवाकोटीबाट आजसम्मका नेपालको वामराजनीतिका योद्धाहरूले अप्रत्यक्ष रूपमा मार्गदर्शनको प्रेरणा लिएको भए पनि यसलाई स्पष्टसँग उल्लेख गर्ने हिम्मत प्राप्त गरेका छैनन् । अर्को पक्ष नेपालको कम्युनिस्ट आन्दोलनलाई नै विषय बनाएर विद्यावारिधिसम्मको अध्ययन गर्नेले पनि यस विषयलाई केन्द्रमा ल्याउन सकेको देखिएन । यस प्रकारका विविध र व्यापक प्रभाव सम्प्रेषण गर्ने विषय र यस विषयका प्रणेता शिवप्रसाद शिवाकोटीको यो जीवनी प्रसाईबाट तयार भएको मात्र नभएर शिवप्रसादप्रतिको न्यायसमेत सिद्ध भएको छ ।

पहिलो र प्रशंसनीय पक्ष के हो भने मौला आयतनको यस जीवनीमा प्रसाईले विषयको विविधता समेटेका छन् । दोस्रो विशेषता के हो भने विषयको व्यापकतालाई उनले छोटो आयतनमा विशिष्ट तवरबाट समेटेका छन् । तेस्रो विशेषता के हो भने विचार, भाव, व्यावहारिक जीवनसञ्चालनको कुशलता, आफ्ना आदर्श र प्रेरणाका

स्रोत, सहयोद्धा र भावी कार्यकर्ताप्रतिको संरक्षणप्रति प्रवीण र गतिशील रहने शिवाकोटीको जीवनचर्यामाथि तटस्थ न्याय सम्पादन गर्न सक्ने खुबी प्रसाईको लेखनकलामा प्रकट भएको छ । चौथो विशेषता के हो भने प्रारम्भिक तथा किशोर जीवनकालमा विचार तथा दर्शनकै सहभागी बनेर काटेका भुक्तमानलाई ठीक आधा शताब्दीपछि आफू गैरगणतान्त्रिक विचारका तर स्रष्टाको आसनमा प्रतिष्ठित रहेर पनि एक गणतान्त्रिक विचारका अभियन्ताको जीवनवृत्तको निरूपण गर्न सक्नु प्रसाईको विशेषता बनेको छ । त्यसरी नै भाव, विचार, जीवनदर्शन, समाजविज्ञान, सामाजिक यथार्थताका कुरूपताको निराकरणका सन्दर्भलाई लघु आयतनको रचनाकायमा विविध विषय र समग्रमा समाजवादी चिन्तनलाई सघन रूपमा प्रतिष्ठापन गर्न सक्नु पनि निकै कठिन विशेषता हुँदै हो । समष्टिगत दृष्टिले हेर्दा शिवप्रसाद शिवाकोटीको प्रतिमाको प्रतिष्ठा कायम गर्नुजस्ता तथ्यबाट प्रसाई वैचारिक तथा भावसंवेदनालाई भाषामय प्रतिमा बनाउन सफल भएका देखिन्छन् ।

मोटामोटी रूपमा विष्णुभक्त प्रसाईसँग जोडिएर शिवप्रसाद शिवाकोटी र नन्दकुमार प्रसाईको २०१५ सालदेखि आरम्भ भएको वामआन्दोलनको जीवनयात्रा प्रस्तुत कृतिमा उपस्थित भएको छ । यस्ता पात्रहरूले २०२० को आसपास आउँदा आठराईबाट तराईतिर बसाइँ सरेको र केही पात्रले पहाडकै अभियानलाई निरन्तरता दिइरहेको सन्दर्भ यस कृतिको विषय बनेको छ । २०१५ सालदेखि २०२५ सालसम्मको एक दशक पार गर्दा नगर्दै नेपाल कम्युनिस्ट अभियानले तेह्रथुम र झापामा आन्दोलनको तन्तु जोडिसकेको थियो । मनमोहन अधिकारीजस्ता वामचिन्तकले पनि यस अभियानलाई नजिकैबाट नियालिरहेको र मोहनचन्द्र अधिकारीले आफूसमेत सहभागी भएर यसलाई अघि बढाएको सन्दर्भ पनि प्रसाईको लेखनबाट छुटेको छैन । आज आधा शताब्दीपछिको समयको थुम्कीबाट शिवप्रसादको

अभियानलाई नियाल्ने नेताहरूले कुन चस्मा लाएका छन् त्यो त भन्न सकिन्न; तर भन्न पक्कै केचाहिँ सकिन्छ भने २०१५ सालदेखि झिल्कोको रूपमा आरम्भ भएर ज्वाला बन्दै गएर दावाग्निका रूपमा पहिलो उत्कर्षमा पुगेको झापा विद्रोहको न्यानो राप ताप्ने र सत्ताको स्वादका रूपमा निवृत्तिभरण खानेहरूले आफ्ना मार्गदर्शकलाई कसरी हेरेका छन् र कति सम्मान गरेका छन् त भन्ने विषयचाहिँ हामीजस्ता पाठकका निम्ति गम्भीर चासोको विषय नै बनेको छ ।

सुखानी काण्डमा सहादत प्राप्त गर्नेका स्वजनहरूले के कस्ता सम्मान पाए, त्यो त अध्ययनको विषय हुँदै हो । शिवप्रसाद शिवाकोटीजस्ता जीवित सहिदको बलिदान, जयप्रसाद यूकेजस्ता गहन चिन्तकको विचारलाई भँजाएर कृतघ्नताको स्वादमा रमाउने र त्यतिखेर पछिपछि लागेकै भरमा आज पनि जेल बसेको, निर्वासित जीवन बिताएको र भूमिगत भएको भनी प्राप्त सत्तासुखको स्वाद लिने अवसर पाइसकेका र सिटी फुकुवाहरूकै भरमा आज सत्ताको चुलीबाट नियाल्दा अनि शिवप्रसाद र अरू अग्रजहरूको योगदानलाई 'मैले कति सम्मान गरेको छु' भन्ने कसैलाई लाग्छ कि लाग्दैन होला ? आज आन्दोलनका भुक्तभोगीहरूले प्रश्न गरेको लाग्छ कि लाग्दैन होला ? झापाको चारपाने र सालबारीबाट सल्किएको झिल्को फुक्दै र ज्वाला दन्काउँदै सिङ्गै नेपाललाई प्रज्वलित बनाउने तीव्र ज्योति सल्काउने शिवप्रसादलाई सत्तारोहीहरूले विस्मृतिको गर्तमा थन्क्याइसकेका विषयलाई यस जीवनीकृतिले गहकिलो थप्पड हानेर बिउँझाएको छ । यो कृति पढ्दा सत्तासुखको निवृत्तिभरण सुम्ठ्याउन नपाएका र इमानदार विचारका संवाहकलाई लज्जाबोध होला; तर सत्ताको रसरङ्गमा आकण्ठ मग्न बनेका र आफ्ना एक्काइसै कुलका निम्ति पुग्ने गरी जोरजाम गर्नेहरूले त अवश्य फालिसकेका हुन्छन् नै !

**झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी**नामक प्रस्तुत कृतिका विषयलाई प्रसाईले जम्मा पन्ध्रवटा प्रकरणमा वितरण

गरेका छन् । तिनको क्रम यस प्रकार मिलाइएको छ : (१) शिवप्रसाद शिवाकोटीको पूर्वीभूमि, (२) शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको नाता र राजनीति, (३) शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको राजनीतियात्रा, (४) शिवप्रसाद शिवाकोटीको व्यापार र खेतीपाती, (५) शिवप्रसाद शिवाकोटीको किसान जागरण, (६) शिवप्रसाद शिवाकोटीलाई माटोको माया, (७) शिवप्रसाद शिवाकोटीको विष्णुभक्त प्रसाईसँग संलग्नता, (८) शिवप्रसाद शिवाकोटीको रेखदेखमा हाम्रो घर, (९) शिवप्रसाद शिवाकोटीबाट झापा विद्रोहको नेतृत्व, (१०) शिवप्रसाद शिवाकोटीको आग्रह छाड्दा बुटन चौधरीको हत्या, (११) शिवप्रसाद शिवाकोटी, झापा विद्रोह र गणतन्त्र, (१२) शिवप्रसाद शिवाकोटीबारे उनका सहयोद्धाको उद्घोष, (१३) शिवप्रसाद शिवाकोटीलाई सुखानी हत्याको झड्का, (१४) शिवप्रसाद शिवाकोटीको निर्वासित जीवन र (१५) शिवप्रसाद शिवाकोटीको स्वदेश प्रवेशपछिको पीडा । यसरी प्रस्तुत कृतिको विषयवितरण व्यवस्थित भएको पाइन्छ । शिवप्रसाद शिवाकोटीको केन्द्रमा रहेर नेपालको वामआन्दोलनलाई एक गैरवामपन्थी लेखकले गहन समीक्षा गर्नु आफूलाई वामपन्थी भनाउनेहरूप्रतिको वजनदार झापट हुँदै हो र अध्येताका नाममा ट्रेडमार्क भजाउनेहरूप्रति पनि झिल्का देखाउन यो चोटिलो थप्पड नै पनि हो ।

प्रस्तुत कृतिमा सबैजसो यथार्थ र जीवित पात्रको उपस्थिति छ । कतिपय इमानदार चरित्रको उपस्थिति छ र तिनको जीवनीका सकारात्मक सन्दर्भहरू यो जीवनी पढ्नासाथ अगाडि आउँछन् । उदाहरणका निम्ति मनमोहन अधिकारी, मोहनचन्द्र अधिकारी, रामनाथ दाहाल, विष्णुभक्त प्रसाई, खगेन्द्र प्रसाई, जयप्रसाद यूके, षडानन्द दाहाल, माइला बाजे, चन्द्रकाका मैनाली, झलनाथ खनाल, माधवकुमार नेपाल आदिको उपस्थिति पनि यहाँ उल्लेख गरिएको छ । प्रारम्भमा धारिलो र आशालाग्दो विचार बोकेकाहरू बिस्तारै

अर्जित चिन्तन र क्षमता, अर्जित जनविश्वास सबै कतै लगेर धितो राख्ने स्थितिमा पुग्ने खलचरित्र पनि यसै विद्रोहका उपज हुन् भन्ने कुरा यस जीवनीले सिद्ध गरेको छ । यस प्रकारका अनेक पात्रहरूले मोटामोटीमा २०१५ सालदेखि आजसम्मको लगभग साढे छ दशकको अवधिको इतिहासलाई बलात्कार गर्न भ्याइरहेका छन् भन्ने कुरा यस जीवनीका मूल केन्द्र शिवप्रसाद शिवाकोटीको कथनले सिद्ध गरेको छ–

> शिव दाइ म नरेन्द्रराज प्रसाईको घर घट्टेकुलोमा आएर कमरेडहरूको चालामालाका बारे कुरा गर्दै रोएका थिए । त्यस बेला उनले मलाई भनेका थिए– 'भाइ ! हामीले जनउत्थान र देशको समृद्धिका लागि ज्यानको बाजी लगायौँ, माटो गुमायौँ र जनधन नै पनि गुमायौँ । २०४६ साल आउँदा मैले त केही न केही रूपमा जनताको शासन आयो भन्ठानेको थिएँ तर होइन रहेछ । कमरेड ठानिएकाहरूलाई पैसा, पद र कुर्सी मात्र नै चाहिएको रहेछ । शिर ठाडो पारेर हिँडेको कम्युनिस्टको सिद्धान्तलाई २०४६ सालपछि मूर्छित पारिएको रहेछ । अब त मलाई कम्युनिस्ट हुन पनि ग्लानि हुने भयो । तिमीले बेलैमा कम्युनिस्टको सिद्धान्त छाडेर मुक्ति लिएछौ (पृष्ठ ११९) ।

कम्युनिस्ट आन्दोलनलाई उत्थानको दिशानिर्देश गर्ने र गति दिने शिवप्रसाद शिवाकोटीको यस कथनमा लुकेको मर्म प्रस्तुत जीवनी लेखिरहेका समयमा प्रसाईका अघिल्तिर कम्युनिस्ट भनाउँदाहरूले सिङ्गै मुलुकलाई मैदान बनाएर नाङ्गो नाच नाचिरहेका समयको चित्र आजभन्दा साढे दुई दशकअगाडि नै आइसकेको थियो । चिन्तक तथा मार्गदर्शकहरू युगद्रष्टा पनि हुन्छन् । शिवाकोटी यसकै प्रतीक थिए र त्यसो भन्ने हिम्मत पनि गरेका थिए । आजभन्दा २६ वर्षअघि शिवाकोटीले जे भनेका थिए । यो जीवनी लेखिरहेका समयमा अर्थात् २०७७ सालमा नेपालका कम्युनिस्टहरू

नाङ्गो बनिसकेको दृश्य शिवाकोटीले त्यसै समयमा झलझली देखेका थिए भन्ने कुरा प्रस्तुत उद्धरणले सिद्ध गरेको छ । आज राष्ट्रिय स्वाधीनता र समग्र जनताको जनमतको समीकृत पुञ्जको प्रतीक बनेका कथित कम्युनिस्ट नामधारी र वैचारिक आधारमा विक्षिप्त नेताहरू आफूसहित आफ्नो राष्ट्रिय अस्मितालाई दाउमा राख्न हतारिएका बेला यो जीवनीकृति आएका कारण अझ पनि केही स्वस्थ र अविक्षिप्त कम्युनिस्ट बाँकी छन् भने तिनको आँखाको बादल हटाइदिने काम यस कृतिले अवश्य गर्नेछ ।

**झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी**नामक कृतिका स्रष्टाले हाम्रै समाजको परिवेशबाट टपक्क टिपेर जोरजाम गरेको र अनेक किसिमका उपाधिधारीले पनि उपेक्षा नै गरेको तर चिन्न नसकेको हीराको बिम्ब बनेका शिवाकोटीको जीवनलाई सबैका निम्ति ग्राह्य बनाएका छन् । नेपालका कम्युनिस्टहरूका निम्ति चाहिँ दीक्षा लिनैपर्ने मन्त्र बनेको यस कृतिका निम्ति सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाई बधाईका पात्र बनेका छन् । हार्दिक बधाई !

**• प्रा.राजेन्द्र सुवेदी**

# झापा विद्रोहको साक्षी 'म' र मेरी आमाका भक्त 'शिव दाइ'

शिवप्रसाद शिवाकोटीको नाउँ लिनेबित्तिकै म आफ्नो किशोर वयमा फर्कने गर्छु । त्यतिखेर उनको अनुहार देख्नेबित्तिकै हामीलाई जोस, जाँगर र उत्साह पलाउने गर्थ्यो । त्यति मात्र होइन; उनको साथ, निर्देशन र संरक्षणका कारण हामी उनका कार्यकर्ताको हिम्मत नै बढ्ने गर्थ्यो । त्यतिखेर उनी हामीलाई माओ त्सेतुङको रातो किताबको प्रमुख पात्रझैँ लाग्थ्यो । त्यसैले हामी निर्धक्कसँग शत्रुसँग जुध्न अगाडि सर्थ्यौं ।

अहिले आएर झापाका ती दिनहरूको मलाई माया लाग्छ । जीवन बाँच्तै जाँदा एउटा मान्छेले अनेक अवस्था भोग्नुपर्ने रहेछ भन्ने पाठ मैले ताप्लेजुङको हाङपाङदेखि झापाको सालबारीसम्म र काठमाडौँका चिसाताता समयको विगतको सम्झनामा अहिले फेरि घोत्लिरहेको पनि छु । मेरा लागि झापा आन्दोलन एउटा विशाल पुस्तकालय थियो । त्यस बेलाको मेरो योग्यता, क्षमता र त्याग जेजस्तो भए तापनि ती दिनहरूकै अझै मलाई माया लाग्ने गर्छ । त्यति बेलाको त्यो झापा विद्रोहको कृत्य चाहे आवश्यक थियो र चाहे अनावश्यक थियो, जे भए पनि त्यस बखत झापा विद्रोहसँग मेरो अगाध प्रेमचाहिँ थियो । किनभने त्यो कहालीलाग्दो यात्रामा मेरो तन र मन गाँसिएको थियो ।

झापा आन्दोलनका बारेमा यथार्थ चित्रण कुनै पनि इतिहासका किताबमा लेखिएको देखिएन । सुनेका भरमा, हल्लाका भरमा र गफका भरमा त्यसबारेको फाट्टफुट्ट कथनचाहिँ घटीबढी नदेखिएको पनि होइन । सत्य कुरा के हो भने काटमारको बाहेक झापा विद्रोहको खासै इतिहासचाहिँ बाहिर आएको थिएन । अनि झापा विद्रोहका एक जना नायक शिवप्रसाद शिवाकोटीबारेको सङ्क्षिप्त बेहोराचाहिँ मेरी आमा भागीरथा प्रसाईले नै सर्वप्रथम शङ्खनाद गरेकी थिइन् । मेरी आमाका ती संवाद मेरी गुरुदेवी इन्दिरा प्रसाईकृत 'मेरी सासू' (२०६५)मा प्रकाशित छ ।

पछिल्ला समयमा शिवप्रसाद शिवाकोटीबारेको स्मृति ग्रन्थ अथवा भनौं, 'झापा विद्रोहका कमान्डर : शिवप्रसाद शिवाकोटी'मा उनीबारे केहीले खुलस्थ रूपमा र जनहरूद्वारा जिब्रो चपाएर लेखिएको पनि देखियो । जानीनजानी रूपमा जतिले जेजस्तो किसिमको डम्फू बजाए तापनि त्यसभित्र पनि शिव दाइको बिम्बहरू आएको देखिन्छ ! खडेरी परेका बेला एक झर पानीको पनि कति महत्त्व हुन्छ ? शिव दाइका प्रसङ्गमा जजसले जेजे लेखे पनि त्यसको अति ठूलो मूल्य भएको मैले महसुस गरेको छु । यति हुँदाहुँदै पनि झापा विद्रोहको सम्पूर्ण भ्रूणको साक्षीचाहिँ दधिराम उप्रेती, खड्गप्रसाद दाहाल र म (नरेन्द्रराज प्रसाई) नै थियौँ । हामी तीनमध्ये पनि मुख्य साक्षीका रूपमा दाहाल र उप्रेती मात्र थिए । तर उनीहरू दुई जनापछाडि तेस्रो नम्बरको एक जना साक्षी म पनि थिएँ भन्न रुचाउँछु ।

झापा विद्रोहका नायक शिवप्रसाद शिवाकोटीको घर, भावना र दृष्टिकोणभन्दा म केही अलग्गै पनि थिएँ । खड्ग दाहाल र दधिराम उप्रेती शिव दाइकै दायाँबायाँ थिए र उनीहरू शिवकृष्णा गृहकै सदस्य पनि थिए । शिव दाइका नातामा दाहाल साला र उप्रेती मावली भाइ भएकाले पनि शिव दाइ उनीहरूका संरक्षक थिए र उनीहरू शिव दाइप्रति पूर्ण रूपमा बफादार र निष्ठावादी थिए । शिव दाइका मनमा

आएको सैद्धान्तिक र व्यावहारिक बेहोरा प्राय: ती दुई भाइले तुरुन्तै चाल पाउँथे । अनि उनीहरूबाट मेरा कानमा खुस्केका कुरा अतिरिक्त शिव दाइबाट समेत प्रदत्त कुरा म ग्रहण गर्थें । साथै शिव दाइले बेलाबखत मेरी आमा भागीरथा प्रसाई र मेरा माझमा आफ्नो मनपेट खोल्ने गर्थे । शिव दाइ मेरी आमाका भक्त थिए । उनले सायद आफ्नी आमापछाडि मेरी आमा र रामनाथ दाहालकी आमालाई नै श्रद्धा गर्थे । यी दुवै आमा नातामा उनका सानीमा पनि पर्थे ।

झापा विद्रोहको इतिहास रच्ने काम नै शिवप्रसाद शिवाकोटीले गरेका थिए । तर त्यस विद्रोहलाई उकास्ने, पछार्ने र बढाउने कृत्यको भागचाहिँ झापा जिल्ला प्रशासनलाई पनि लागेको थियो । प्रशासनले एउटा झिल्कोलाई निभाउनुको सट्टा त्यसैलाई डँडेलो बनाउने काम गरेको थियो । तर जे भए तापनि त्यो विद्रोहचाहिँ पछिल्ला दिनसम्म बीउबिजनका रूपमा स्थापित भइ नै रह्यो । त्यसैको प्रत्यक्ष परिणाम नै अहिलेसम्म पनि नेपालको राजनीतिमा देखा परिरहेको छ । 'झापा विद्रोह नेपाली राजनीतिक इतिहासमा एउटा कोशेढुङ्गा भएको' बेहोरा पुष्पकमल दाहाल 'प्रचण्ड'ले नै घोषणा गरेका थिए । नेपालमा गणतन्त्र ल्याउने प्रमुख पात्र प्रचण्डले झापा विद्रोहबारे भनेका थिए– 'सहिदले सुखानीमा गरेको बलिदानकै जगमा आजको परिवर्तन सम्भव भएको हो ।'

शिवप्रसाद शिवाकोटी एक जना होनहार क्रान्तिकारी थिए । उनको जनप्रेमका कारण उनी झापा विद्रोहको नायकमा नै पनि स्थापित भए । उनी व्यक्तिगत स्वार्थभन्दा माथि उठेका कम्युनिस्ट नेता थिए । त्यसैले झापा विद्रोह भएको आधा शताब्दीपछि पनि उनैको चर्चा, परिचर्चा र टीकाटिप्पणी हामीले लेख्नुपरेको छ । वास्तवमा झापा विद्रोहले थर्काएको कम्पनको अनुकम्पन नेपाली आकाशमा अहिलेसम्म पनि चलिरहेकै हो । त्यस बेलाका त्यस रौनकले कति उचाइ लिएको थियो भन्नुको प्रमाण पचास वर्षपछिसम्म

पनि शिव दाइको लेखाजोखा गर्नुपरिरहेकै छ । उदाहरणका लागि भन्ने हो भने महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीसमेतले पनि 'शिवप्रसाद शिवाकोटी र रामनाथ दाहाल झापा आन्दोलनका अगुवा' भनेर लेखेका छन् (नरेन्द्रराज प्रसाईको जीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई समीक्षात्मक विमर्श' २०७६) पृ.४५ । त्रिपाठी भन्नु राजनीतिसँग प्रत्यक्ष मलकाज नभएका अमर प्राज्ञ हुन् । त्यस बेलाको त्यो साक्ष्य नबिलाओस् भनेरै मैले पनि 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी'को इतिहाससम्बन्धी लेख लेखेँ र सो लेख डा.नारदनाथ भारद्वाज र सोमनाथ दाहालको सम्पादनमा शिवकृष्णा युवा फाउन्डेसनले प्रकाशनमा ल्याएको थियो । अनि त्यस किताबको नाउँ 'शिवप्रसाद शिवाकोटी : झापा विद्रोहका कमान्डर' (२०७७) राखियो । त्यस कृतिमा भएका अन्य केही गुदीलाई समेत निफनेर मैले यस कृतिमा पनि समावेश गराएको छु । जस्तै– मोहनचन्द्र अधिकारीदेखि माधवकुमार नेपालसम्मले शिव दाइउपर कस्तो धारणा राखे त ! उनीहरूका ती धारणामध्ये 'बिम्ब'लाई केलाएर कर्कलामाथिको पातमा पानीको थोपा राख्ता जसरी टल्कन्छ त्यस्ता बुँदाहरूचाहिँ मलाई छाड्न मन लागेन र यस कृतिभित्र पनि त्यस्ता मुख्य ठानिएका प्रसङ्गहरूसमेत प्रवेश गराएको छु ।

•

शिवप्रसाद शिवाकोटीकाबारे मैले लेख्नै पर्‍यो । म उनको शिव सेनाको छेवैमा टाँसिएर कार्य गरेको कमरेड र उनी हाम्रो घरपरिवारको स्थानीय संरक्षक भएका कारणसमेत जोडिँदा र म लेखक र लेखकीय विधाअन्तर्गत जीवनीकार पनि भएको नाताले मैले उनीबारे लेख्नै पर्‍यो र लेखेँ । यो कृति मैले कम्युनिस्ट व्यवस्था राम्रो हो भन्ने मनसायले लेखेको चाहिँ होइन । तर एकातिर झापा विद्रोहको प्रारम्भमा मेरो ठाडो संलग्नता थियो र अर्कातिर शिव दाइबारे मेरो

लेख्ने कामै हो भनेर नै मैले यो कृति लेखेँ । मानौँ, यो कृति मेरो लेखकीय दायित्वभित्रै थियो ।

शिव दाइ हरबिहान प्राय: हाम्रा घरमा आएर एक कप चिया खाने गर्थे र हरेक साँझ हाम्रा घरमा नटेकी उनी आफ्ना घर फर्कँदैन थिए । उनी मीठो पारामा मेरी आमालाई सानीमा भन्थे, आश्वासन दिन्थे र भनेको पनि पुऱ्याउँथे । उनी मेरी आमाका भक्त थिए । अनि म उनको आज्ञाकारी कार्यकर्ता थिएँ । सालबारीजस्तो अनकन्टार ठाउँमा उनी नै हाम्रो परिवारको भरोसा थिए । त्यतिखेरको सालबारी कस्तो थियो र त्यहाँ हामी कसरी टिक्यौँ भन्ने कुरा मैले 'मेरी आमा भागीरथा प्रसाई' (२०७६) नामक जीवनीकृतिमा उल्लेख गरिसकेको नै छु ।

म काठमाडौँ आएको सत्य पनि शिवप्रसाद शिवाकोटीकै कारणले हो । झापामा जनहत्याको परियोजना बन्न थालेपछि मेरो कवि मनले त्यहाँ बस्न पटक्कै मानेन । अनि मलाई त्यहाँबाट डकोटा विमान चढाएर सुटुक्कै काठमाडौँतिर हुत्याइदिने मेरी आमा र दिदी नीरा सिटौला नै थिए । मेरी आमा र दिदीका कारणले नै म रातोरात काठमाडौँ भित्रिएको थिएँ । म आएको चार महिनामा नै बुटन चौधरीलाई मारेको सूचना पनि मैले मेरी आमामार्फतै सुनेको थिएँ ।

झापाको लालकिल्लाबाट एक चिम्टी माटो बोकेर काठमाडौँ छिरेको थिएँ । काठमाडौँमा आएपछि मैले क्रमश: साहित्य पनि लेख्न थालेको थिएँ । अविरल मिहेनतका कारण त्यही माटोलाई मिसाएर मैले खेतको गरासमेत बनाउन सकेछु । अनि यसै खेतमा मैले शिव दाइलाई पनि फलाउन सकेछु । अर्थात् भनौँ, 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' लेख्न पनि म सफल भएछु ।

मैले इमानदारीका साथ 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' लेखेँ । मेरो यस लेखनमा एक जना बुद्धिजीवीसँग

म भूमिकाका लागि परामर्श गर्न गएँ । किनभने 'झापा विद्रोह बुझेका, जानेका र त्यस बखतको वामराजनीति मन पराउने प्रा.राजेन्द्र सुवेदी पनि एक हुन्' भन्ने मैले सुनेकै थिएँ । त्यसैले मैले प्रा.सुवेदीलाई यस कृतिको भूमिका लेख्न आग्रह गरेँ । यसभन्दाअघि पनि राजेन्द्र दाइबाट नै मेरा सम्पूर्ण एकल जीवनी कृतिहरूको भूमिका लेखिएका थिए । ती भूमिकाहरूको अर्को एउटा बिटो नै जनमाझ आएकै पनि छ– 'नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण' २०७३ । प्रा.सुवेदीको छोटो परिचय महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीबाट नै पाइन्छ– 'नेपाली समालोचना हराए राजेन्द्र सुवेदीलाई खोज्नु !'

मेरा प्रिय मित्र प्रा.डा.ऋषिराम शर्मा र बहिनी सिर्जना तिम्सिनाबाट प्रस्तुत 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी'लाई उकास्न थप ऊर्जा पाएको बेहोरा मैले भुल्न मिल्दैन ।

'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' लेख्न मलाई प्रेरित गर्ने मेरी गुरुदेवी इन्दिरा नै हुन् । अनि मेरा कृतिहरूप्रति गौरव मान्ने मेरा छोराछोरी कञ्चनजङ्घा र अनुकृतिका नै प्रमुख पात्र हुन् ।

२०७७ साल चैत २९ गते

**• नरेन्द्रराज प्रसाई**

झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी

# शिवप्रसाद शिवाकोटीको पूर्वीभूमि

शिवप्रसाद शिवाकोटीका पुर्खाहरू तीन शताब्दीअघि दोलखाको सुनखानीबाट तेह्रथुमको आठराई इवामा पुगेका थिए । अनि उनीहरूले त्यतै आफ्नो कर्मभूमि बनाएका थिए । तर पनि उनीहरूको आर्थिक अवस्था सामान्य स्तरबाट माथि उक्लन सकेको चाहिँ थिएन । यति हुँदाहुँदै पनि वैकल्पिक स्रोत नहुनाले उनीहरूले आफूहरूलाई त्यहीँ नै जबरजस्ती उभ्याइरहेका थिए ।

शिवप्रसाद शिवाकोटीका बाजे काशीनाथ शिवाकोटीको आर्थिक कारणले घरगृहस्थी चाहेजस्तो अवस्थामा उठ्न सकेको थिएन । उनीहरूको दिनचर्या टुमटुमकै अवस्थामा मौजुद थियो । त्यसैले उनी कामको खोजीमा भारत या म्यान्मा जानेबारे घोत्लिएका थिए । त्यही सिलसिलामा उनी मुलुकबाहिर पलायन भएका थिए । अनि त्यतिखेर उनी त्यस बेलाको बर्मा पुगेका थिए । उनका किशोर छोरा षडानन्द शिवाकोटी पनि बुबाका पछिपछि लागेर बर्मा अर्थात् म्यान्मा नै पुगेका थिए । त्यहाँ पुगेपछि उनीहरूका लागि 'के खोज्छस् कानो आँखो' नै भएको थियो । भनौँ, त्यहाँ उनीहरूले खेतीपाती गर्ने राम्रै अवसर पाएका थिए ।

काशीनाथ शिवाकोटी म्यान्मा पुगेर खेतीपातीमा सबल भइसकेका थिए । तर त्यहाँ पनि उनीहरूका लागि कर्मले यथोचित साथ नदिएकै अवस्थाको सिर्जना हुन थालेको थियो । अथवा भनौँ, प्रथम विश्वयुद्धका कारण पराई देशमा उनीहरू रन्थनिनुरन्थनिन

थालेका थिए । अन्ततः म्यान्मामा गरी खान उनीहरूको भाग्यले साथ दिएन । वास्तवमा उनीहरूको प्रारब्ध 'बर्मा गए कर्मसँगै'मा रूपान्तर नै भएको देखियो । त्यसैले म्यान्मामा दस वर्षसम्म बसेपछि आफ्नो श्रीसम्पत्ति छाडेर उनीहरू म्यान्माबाट अन्तैतिरको बाटो लाग्न बाध्य भएका थिए । त्यही दुःखद अवस्थाका कारण उनीहरू १९७२ सालतिर म्यान्माबाट आसाम पुगेका थिए । अनि आसामको बोकाखाटमा उनीहरूको बसोबास हुन थालेको थियो ।

•

षडानन्द शिवाकोटीले आसाममा नै विवाह गरे । त्यहाँ उनका छोराछोरी पनि जन्मे । केही वर्ष बसेपछि त्यहाँ उनको मन स्थिर हुन सकेन र उनी १९८६ सालतिर नेपाल आएका थिए । त्यस बेला उनी पत्नीबेगर नै आफ्ना बाबुबाजेले सृष्टि गरेकै ठाउँ तेह्रथुमको आठराई इवामा फुट्टो पुगेका थिए । अनि त्यहाँ बस्तै जाँदा त्यहीँको रसले उनलाई लोभ्याउन थालेको थियो । परिणामस्वरूप उनले त्यहाँ फेरि विवाह गरे । १९८७ सालमा मुक्तिनाथ उप्रेतीकी छोरी कमला उप्रेतीसँग उनको दोस्रो विवाह भएको थियो । कमला उप्रेती शिवाकोटी भन्नु मेरी आमा भागीरथा प्रसाईकी दिदी थिइन् । अथवा भनौँ, उनी मेरी आमाका काकाकी छोरी थिइन् ।

षडानन्द शिवाकोटी र कमला शिवाकोटीबाट एक छोरी र एक छोरा जन्मे । उनीहरूकी छोरी देवकलाको जन्म १९८८ असार ९ गते र छोरा शिवप्रसादको जन्म १९९० भदौ २७ गते भएको थियो । अनि ती दुवैको जन्म आठराई इवामा नै भयो । नेपालतिर श्रीमती र दुई सन्तानका पिता भएपछि षडानन्दले आफूलाई त्यहाँ पनि स्थिर राख्न सकेनन् । यसको मुख्य कारण के हो भने आठराईको इवामा पनि उनको भनेजस्तै खेती कमाइ भएको थिएन । त्यसैले त्यहाँ उनको मन बरालिन थाल्यो । त्यसपछि उन्नतिको बाटो

समाउन उनी चिन्तित हुन थाले । अनि उनले आठराई छाड्नेबारे योजना बनाए ।

अन्ततः षडानन्द शिवाकोटीले आफ्नी जेठी श्रीमती भएकै ठाउँ अर्थात् आसाममा नै जाने निर्णय गरे । कान्छी पत्नी कमला र छोराछोरीसँग पनि उनले यसबारे सल्लाह गरे । सोहीबमोजिम कान्छी श्रीमती र छोरोसहित जेठी पत्नी भएठाउँ जाने विषयमा उनीहरूको मोतो पनि मिल्यो । त्यसपछि उनी कान्छी श्रीमती र कलिला छोराछोरी लिएर आसामतिर लागे ।

आसाममा षडानन्द शिवाकोटीले दुवै परिवारलाई एउटै घरमा राखेका थिए । तर उनकी जेठी पत्नीलाई पतिको चालामाला निको लागेको थिएन । यति हुँदाहुँदै पनि षडानन्दले आफ्ना दुवै पत्नीलाई एक वर्षसम्म अडचाएर एकै ठाउँमा राख्न सकेका थिए । तर त्यसपछि कान्छी श्रीमती आफ्नी सौतासँग टिक्न सक्ने अवस्था थिएन । त्यसैले शान्ति प्राप्तिका लागि उनले त्यो घर छोड्ने निर्णय गरिन् । त्यसै बेला षडानन्द शिवाकोटीको निधन भएको थियो ।

छहारी नै खसेपछि कमला शिवाकोटी र उनका नाबालक छोराछोरीको बिजोकै भयो । नचिनेको प्रवासमा घुम्रिने तिनीहरूको कुनै आधार पनि थिएन । अनि उनले पहाडै फर्किने सोच राखिन् । त्यसपछि उनी आफ्नो छोराछोरीलाई लिएर नेपाल नै फर्केकी थिइन् । त्यतिखेर उनीहरू सरासर आफ्नै जन्मभूमि इवामा नै पुगेका थिए ।

आफ्नो माइतीमा आएकी कमलाका लागि शिर बिसाउने मात्र काम भयो । तर उनका लागि बनीबुतो गर्नुपर्ने अवस्थाको सिर्जना हुन थाल्यो । सुरुका दिनहरूमा आमाछोराको भौतारिने मात्रै काम भयो । पहाडी जीवनमा उनीहरूले सोचेअनुसारको गाँसबासको उचित प्रबन्ध हुन सकेन । गाउँघर घुम्ने र आफ्नो दुक्ख बिसाउनेसिवाय कमलाको

अरू उपाय पनि थिएन । यता र उता डुलेकै भरमा उनको घरको स्थायी स्रोत पनि जुट्न सकेको थिएन ।

शिवप्रसाद शिवाकोटीको बाल्यावस्था अखक्कै परेको थियो । त्यतिखेर उनले न पौष्टिक आहार खान पाएका थिए न त स्कुलेशिक्षा नै राम्ररी लिन पाएका थिए । पहाडमा उनीहरूको गुजारा टुमटुममा नै बित्ने गरेको थियो । त्यही परिवेशमा आर्थिक कारणले उनको आसन स्थिर पनि हुन सकेन । त्यस कालखण्डमा उनी एउटा ढुङ्गामाथि सरेको सिउँडीजस्तै थिए । भनौँ, उनले न मलजल पाए, न गतिलो ओत नै पाए । उनले किशोरावस्था टेकिन्जेलसम्ममा उनको कृत्य आमाको सेवा गर्नु र दिदी देवकलाको रक्षा गर्नुमा नै सीमित थियो । तर उनी कहिल्यै पनि आफ्नो जीवनदेखि भड्केनन् । भनौँ, उनी महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'साग र सिस्नो खाएको बेस आनन्दी मनले' भन्ने परिभाषामा अटल थिए ।

शिवप्रसाद शिवाकोटीभित्र 'धैर्य'नामक एउटा तत्त्व जीवित थियो । अनि शिवप्रसाद शिवाकोटी भनेको त्यो नाउँ बन्यो– जसले हिम्मत हार्न कहिल्यै जानेन । क्रमशः उनी किशोरावस्थाको चुली पुग्दासम्ममा आफ्नै पौरखमा गौरव मान्ने रूपमा परिवारभित्र देखिन थालेका थिए । अनि सङ्घर्ष भनेको उनको जीवनको अपरिहार्य नाउँ बन्न गयो । त्यही सङ्घर्षले नै उनी वनको काँडाझैँ तिखारिन थाले । उनी त्यही तीखो, धारिलो र लाग्ने जीवनशैली बोकेर युवावस्था टेकेर नेपाली समाजमा हिँड्न थालिसकेका थिए ।

शिवप्रसाद शिवाकोटीको चेतनाको उचाइ बढोत्तरीमा थियो । त्यसैले मधेशमा गएर गरिखाने उद्देश्यका साथ उनले पहाड छाड्ने निर्णय आफ्नी आमालाई सुनाएका थिए । त्यतिन्जेलसम्ममा उनकी दिदीको पनि विवाह भइसकेको थियो । आमाछोराको सल्लाह मिलेपछि उनी आफ्नी आमा र श्रीमतीसँग झापातिर ओर्लिएका थिए । झापा

पुगेपछि उनी एकातिर रामनाथ दाहालको परामर्शमा व्यापार व्यवसायमा लागे भने अर्कातिर दाहालसँगै बाँधिएर अन्याय, अत्याचार र रूढिवादी धारणाको विरोधमा लागे । उनी झापामा बस्तै जाँदा अन्याय र अत्याचारका विरुद्ध लड्ने धारिलो हतियार बन्न थालेका थिए । आफ्नो जीवनलाई आफैँ अर्जापेर क्रमश: उनले बिरालाकोटी नेपालीमध्येका अर्का एउटा सशक्त नमुना भएर उपस्थिति जनाउन थालेका थिए ।

# शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको नाता र राजनीति

२०१९ साल माघको कुरा हो– कमला शिवाकोटीसँग उनका छोराबुहारी शिवप्रसाद शिवाकोटी र कृष्णा सिवाकोटी इवाबाट पाँच दिन पैदल हिँडेपछि झापा पुगेका थिए । त्यहाँ उनीहरू सरासर चारपाने पुगेका थिए । चारपानेमा कमला शिवाकोटीकी बहिनी लक्षिमा दाहालको घर थियो । उनै लक्षिमा र उनका छोरा रामनाथ दाहालको आडमा शिवाकोटीहरू चारपानेमा नै बस्न थालेका थिए । चारपानेमा रामनाथ दाइको मूल घरछेउमा अर्को घर पनि थियो । त्यही घरमा शिव दाइका परिवार बस्ने गर्थे ।

रामनाथ दाहाल रामकान्त दाहालका एक्लो छोरा थिए । रामकान्त आठराईका नामी, धनी र दानवीरमा समेत नाउँ चलेका व्यक्ति थिए । रामकान्त दाहालकी तेस्री पत्नीको नाउँ लक्षिमा थियो । विवाह गरेको समयमा लक्षिमाको उमेर दस वर्ष थियो भने रामकान्त चालिस वर्षका थिए । यी दम्पतीको जोडी बाँधिदिने काम शिवप्रसाद शिवाकोटीका बाजे काशीनाथ शिवाकोटीले गरेका थिए । ती बाजेचाहिँ लक्षिमाका फुपाजु थिए ।

कमला शिवाकोटी, लक्षिमा दाहाल र मेरी आमा भागीरथा प्रसाई एउटै बाजेका नातिनी थिए । त्यसैले शिव दाइलाई रामनाथ दाहालका आडमा बसेर आफ्नो व्यवस्थापन गर्न सजिलो भएको

थियो । त्यतिखेर रामनाथ आफ्नो पैतृक सम्पत्तिको समेत संरक्षण गर्दै ठाँटिलो पाराले चारपानेमा बसेका थिए ।

रामनाथ दाइ र शिव दाइको चाहिँ तेहेरो नाता थियो । उनीहरूका आमा र बुबासँगको बेग्लाबेग्लै दुईवटा नाता छँदै थियो । त्यसपछि रामनाथ दाइकै बहिनी पर्ने कृष्णा दाहालसँग शिव दाइले विवाह गरिसकेपछिको उनीहरूमाऊ एकअर्कामा तेस्रो नातासमेत गाँसिएको थियो ।

रामनाथ दाइ शिव दाइभन्दा पाँच वर्षले कान्छा थिए । तर पनि शिव दाइ र रामनाथ दाइ जोडा भएरै हिँड्थे । उनीहरू राजनीतिमा को ठूला थिए भनेर त्यतिखेर हामी भन्न सक्तैनथ्यौँ । किनभने उनीहरू जे काम गर्दा पनि दुवै एक भएर गर्थे । उनीहरू रथका दुई पाङ्ग्राजस्ता थिए । त्यसैले यी दुवै सँगै हिँड्थे, सँगै खान्थे र सँगै सभाहरू गरिरहन्थे । तीमध्ये पनि रामनाथ दाइ सिद्धान्तका कुरा गर्थे भने शिव दाइ सिद्धान्तलाई व्यवहारमा लागू गर्ने काम गर्थे ।

रामनाथ दाइ शिव दाइको प्राय: कुरा मिल्थ्यो, सिद्धान्त पूरै मिल्थ्यो र विचार पनि मजाले मिल्थ्यो । यति हो– शिव दाइ आक्रामक थिए भने रामनाथ दाइ नरम बोलीचालीका कुबेर थिए । शिव दाइ शोषकलाई तर्साएर, कुटेर र भौतिक रूपबाट विसर्जन नै गरेर पनि काम गर्नुपर्छ भन्थे तर रामनाथ दाइ अनुपातिक रूपमा शान्त स्वभावका थिए । उनी भन्थे– 'मान्छेको ज्यान समाप्त पार्नु मात्र पनि सामधान होइन ।' शिव दाइ जुलुस, सभासम्मेलन र भाषणभूषणमा धेरै नै केन्द्रित हुन्थे भने रामनाथ दाइ सङ्गीतप्रेमी थिए । समय पाउनासाथ रामनाथ दाइ हार्मोनियम बजाएर गीत गाइरहन्थे । अनि उनलाई गीत गाएर बाजागाजामा साथ दिनेहरू शिवप्रसाद शिवाकोटी, जयप्रसाद यूके र रविलाल दर्नाल आदि हुन्थे । त्यति बेला रामगृहमा प्राय: गाइरहने गीत थियो–

**धोइदेऊ न धोवी राजै**
**केको रङ्ग लाग्यो मलाई !**

मेरा मावली र रामनाथ दाइ एकअर्काका छिमेकी थिए । त्यसैले मावली घर गएको बेला म पनि रामनाथ दाइका घरमा प्राय: जाने गर्थें । मैले देख्ता उनका हातमा सधैँ हार्मोनियम हुन्थ्यो । उनी घरमा प्राय: हार्मोनियमसँग पलेटी कसिरहेका हुन्थे । शिव दाइलाई पनि मैले प्राय: रामनाथ दाइका घरमा भेट्थें । त्यतिखेर त्यस ठाउँमा बौद्धिक मान्छे भनेका जयप्रसाद यूके थिए । त्यति बेला रामनाथ दाइ हार्मोनियम बजाउने, शिव दाइ मादल बजाउने र यूके दाइ गीत गाउने गर्थे । अनि यी तीनै जना गीत र कविता पनि लेख्थे । रामनाथ दाइ र यूके दाइचाहिँ बाँसुरी बजाउन पनि सिपालु थिए । यी तीनै जना जनपक्षीय राजनीतिमा पूर्ण केन्द्रित थिए । तर पनि रामनाथ दाइ र यूके दाइ हातहतियारबिनै क्रान्ति गर्नुपर्छ भन्ने धारणा राख्थे । शिव दाइ भने चिनियाँ सांस्कृतिक क्रान्तिका कट्टर समर्थक थिए ।

शिव दाइ, रामनाथ दाइ र यूके दाइको अर्को एक विषयमा पनि राम्ररी कुरा मिल्ने गर्थ्यो । त्यो कुरा के हो भने उनीहरू वसुधैव कुटुम्बकम्का हिमायती थिए । मानव जातिको रगत एउटै हुन्छ र एउटै रगतमा पनि किन भेद भन्ने पुरातन दृष्टिकोणउपर उनीहरूको प्रश्न हुन्थ्यो । त्यसैले ती तीन भाइ नै जातीय छुवाछुत र नीचउचका विरोधी थिए । उनीहरूले सुरुमा एकातिर शोषक, सामन्ती र जालीफटाहाहरूलाई तह लगाउने नीति अपनाएका थिए भने अर्कातिर जातीय छुवाछुतको विरोध गरेर झापामा आन्दोलन चलाएका थिए । अनि यसको ठाडो नेतृत्वचाहिँ रामनाथ दाइले नै गरेका थिए । उनी धनले सम्पन्न भएर पनि दलित र गरिबका विषयमा आवाज उठाउने विशिष्ठ योद्धा थिए । त्यति बेला जुनसुकै सभाहरूमा रामनाथ दाइ भन्ने गर्थे– ‘देशका सबै सामन्तका जग्गा बाँड्ने हो भने

नेपालमा कोही पनि सुकुमबासी हुँदैनन् ।' अनि उनको विचारमा बूढी औँठा थिच्ने र सिद्धान्तलाई जनमाझ पुऱ्याउने शिव दाइ नै हुन्थे । शिक्षक भएका कारणले यूके दाइ घरीघरी बाह्य गतिविधिमा त्यति देखिँदैन थिए । साथै उनी प्राज्ञिक पनि थिए । तर भित्रभित्रैचाहिँ उनी पनि आगो खाएर खरानी निकाल्ने योद्धा नै थिए ।

रामनाथ दाइ र शिव दाइ धेरैथोरै जेजस्तो भए पनि कम्युनिस्ट सिद्धान्तको उद्देश्य प्राप्तिका लागि उत्सर्गिक थिए । यही व्यवस्थाबाट मात्र नेपालको सर्वाङ्गीण विकास र जनताको कल्याण हुने कुरामा उनीहरू विश्वस्त थिए । शिव दाइ विद्रोही भएर झापा झरेको केही वर्षमा नै उनको सोचले उचाइ प्राप्त गरिसकेको थियो । तर पहाडैदेखि अङ्कुरित उनका परिकल्पनालाई व्यावहारिक परिचालन गर्न त्यति सजिलोचाहिँ थिएन । यति हुँदाहुँदै पनि रामनाथ दाइ होस्टे भन्थे र शिव दाइ हैँसे भन्ने गर्थे । होस्टे हैँसे ! होस्टे हैँसे ! यसरी नै झापामा उनीहरूको प्रारम्भिक दिन बितेको थियो ।

# शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालको राजनीतियात्रा

आधा शताब्दीअघिको कुरा हो– रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटी माटाको भर ढुङ्गो र ढुङ्गाको भर माटो थिए । रामनाथ दाइ झापामा कहलिएका धनी थिए । त्यसै बेला रामनाथ दाइको अट्ठाइस बिघा जग्गा थियो । उनको 'रामनाथ दाहाल राइस मिल' नाउँको धान कुट्ने व्यापारिक कारखाना पनि थियो । साथै उनको एउटा रसियन जिप पनि थियो । त्यति बेला झापा जिल्लामा ठाँटसँग हिँड्नेमध्ये रामनाथ दाइ पनि एक जना थिए ।

रामनाथ दाइ सम्पन्न भएर पनि गरिब र दु:खीको हेरचाह गर्थे । उनका घर, मिल र खुर्सानीबारीमा प्राय: सतार जातिका कामदार हुन्थे । मालिक र कामदारका बारेमा बाहिरका मान्छे झुक्किन्थे । भनौँ, त्यहाँ मालिक काम गर्ने हुन् या कामदार मालिक हुन् भनेर झट्ट अड्कल काट्न सकिँदैनथ्यो । वास्तवमा धनी भएर पनि उनको विचार साम्यवादी धारामा ढल्किरहेको अवस्थामा थियो ।

रामनाथ दाइका घरमा भात खानेहरूका लागि समान रूपको भात पाक्थ्यो । त्यस घरमा एक पल्टमा दसपन्ध्र जनाजति पाहुनाका लागि भात पाक्थ्यो । मैले पनि धेरै चोटि मेरी सानीमाका घरमा भात खाएको थिएँ । त्यस घरमा गएपिच्छे मैले रामनाथ दाइको अर्ती उपदेश पाउने गर्थें । त्यसै बेला मैले शिव दाइ, मोहनचन्द्र अधिकारी

दाइ र खड्गप्रसाद वली दाइलाई पनि त्यहीँ भेटेको थिएँ । त्यस बेलासम्म पनि खड्गप्रसाद दाइको नाउँचाहिँ ध्रुव वली थियो । त्यति बेला उनी रामनाथ दाइकै संरक्षणमा थिए । अनि उनी रामनाथ दाइकै घरमा बसेर पढेका थिए । त्यहीँ बसेपछि प्रशासनका आँखाबाट जोगाउन शिव दाइ, रामनाथ दाइ र यूके दाइका सल्लाहले उनको नाउँ पनि फेरिएको थियो अर्थात् उनी ध्रुव वलीबाट खड्गप्रसाद शर्मा वली भएका थिए ।

रामनाथ दाइसँगको सङ्गतमा परेपछि खड्गप्रसाद दाइ पनि क्रान्तिकारी हुन थालेका थिए । त्यसैले वामराजनीतिक विरोधीहरू उनीसँग पनि क्रुद्धै थिए । उदाहरणका लागि भन्ने हो भने उनी कहिले प्रशासन, कहिले काङ्ग्रेस र कहिले पञ्चबाट धेरै पल्ट लखेटिएका थिए र मृत्युका मुखबाट पनि उम्केका थिए । खड्गप्रसादका गुरु जयप्रसाद यूकेका अनुसार– ‘आठराईमा खड्गप्रसाद र तुलसी दाहाललाई शेरबहादुर इङनामहरूले मार्ने अभिप्राय नै राखेका थिए । त्यही सिलसिलामा चोप्पुरबाट भदौरे जाने क्रममा एक दिन उनीहरूलाई घेराउ पनि गरिएको थियो । तर त्यो जालबाट फुस्केर उनीहरू हठात् भागेका थिए । खड्गप्रसाद हामफाल्ने क्रममा तमोर नदीमा डुबेर मरेको अड्कलमा इङनामहरू ढुक्क थिए । त्यतिखेर खड्गप्रसाद मरिसके भन्ने आठराईमा खुबै ठूलो हल्ला चलेको थियो । तर उनीहरूचाहिँ त्यताबाट सोझै झापातिर हान्निएका थिए ।’ तिनै इङनामचाहिँ पछिल्ला दिनमा पञ्चाङ्ग्रेसको सहयोगमा तेह्रथुमबाट राष्ट्रिय पञ्चायतका माननीय सदस्य पनि चुनिएका थिए ।

•

शिव दाइ जनउत्थानका लागि लड्दै, पढ्दै झापा छिरेका थिए । त्यतिन्जेलसम्ममा रामनाथ दाइको प्रवृत्तिको शिव दाइ भक्त नै भइसकेका थिए । शिव दाइले चारपाने बसेदेखि नै राधाकृष्ण

मैनाली र रामनाथ दाहालको पनि घनिष्ठता देखेका थिए । राधाकृष्ण र चन्द्रप्रकाश मैनाली पनि धनी बाबुका क्रान्तिकारी छोरा थिए । चन्द्रप्रकाश अथवा सीपी मैनालीचाहिँ सानैदेखि बौद्धिक, तार्किक र दार्शनिक थिए । साथै उनी निस्वार्थ रूपमा दलित, गरिब र पीडितरूको हितका लागि उभिन्थे । त्यसैले रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटीलाई उनको साथले आफ्ना योजना अघि सार्न सजिलो भएको थियो । त्यतिखेरकै सन्दर्भ हो– मैले देख्ता मोहनचन्द्र अधिकारी ठूलो, लामो खुकुरी भिरेर हिँड्थे । मानौँ, त्यतिखेर उनी राज्यका एक नम्बरका क्रान्तिकारी महारथी थिए । अनि अधिकारीले नै झापा आन्दोलनको गुरुयोजना तयार पारेका थिए ।

रामनाथ दाइ र शिव दाइको भावना, रुचि र मान्छेप्रतिको दृष्टिकोण नै अरूको भन्दा फरक थियो । साथै उनीहरू पञ्चायत व्यवस्थाका विरोधी थिए । उनीहरू राज्यव्यवस्थाबाट निर्मित या राज्यको कानुन मानेर बनाइएका जुनसुकै कृत्यलाई पनि बुर्जुवा प्रणालीको द्योतक भन्थे । उनीहरूको त्यस्तै दृष्टिकोणका कारणले देवीप्रसाद उप्रेतीले स्थापना गरेको घैलाडुब्बाको आदर्श विद्यामन्दिको पुस्तकालयमा समेत आगो लगाउने यी दुवै भाइको योजना थियो । त्यतिखेरका विद्यार्थी रामप्रसाद उप्रेतीलाई शिवाकोटी र दाहाल भन्ने गर्थे– 'रामू ! तिम्रो जिम्मामा स्कुलको पुस्तकालयमा आगो लगाउने परेको छ । बुर्जुवा शिक्षाको हामीले नामोनिसान राख्न हुँदैन ।' तर रामप्रसाद उप्रेतीबाट त्यो काम सम्पन्न हुन सकेको थिएन । पछिल्ला दिनको कुरा गर्ने हो भने डा.उप्रेती त्रिभुवन विश्वविद्यालयका प्राध्यापक र महाराजगञ्ज मेडिकल कलेजका प्रिन्सिपलसमेत भएका थिए ।

२०२६ सालतिरको कुरा हो– त्यतिखेर झापाको चारपानेमा शिवप्रसाद शिवाकोटी, रामनाथ दाहाल, राधाकृष्ण मैनाली, सीपी मैनाली, ईश्वरीप्रसाद उप्रेती र जयप्रसाद यूके भएर मार्क्सवाद,

लेनिनवाद, माओविचारधारा अध्ययन कमिटी खोलेका थिए । त्यस कमिटीमा विद्यार्थीपट्टिका प्रमुख कार्यकर्ताका रूपमा खड्गप्रसाद वली र रामप्रसाद उप्रेती सक्रिय थिए । त्यतिखेर भूमिगत रूपमा घरघरमा कम्युनिस्ट साहित्य पुऱ्याइने गरिन्थ्यो । त्यो संस्था खूब प्रचारमा आएको पनि थियो । त्यतिखेरै यूकेले किसानमूलक साहित्यिक पत्रिका 'ऋम्पल' चलाउन सक्रियता देखाएका थिए । 'ऋम्पल'मा साथ दिने अर्का योद्धा यज्ञराज प्रसाई पनि थिए । साथै 'ऋम्पल' सञ्चालनमा सीपी मैनालीको पाश्र्व भूमिका गहिरो भएको बेहोरा यूके कहने गर्छन । त्यसै बेला मोहनचन्द्र अधिकारीचाहिँ मेचीकोसी मार्क्सवाद, लेनिनवाद र माओवाद विचारधाराका संयोजक थिए । उनी  ज्ञानज्ञुनका पनि भण्डार थिए । त्यस भेकमा उनी पनि नामी राजनीतिज्ञमा गणना हुन्थे ।

'होचिमिह्नले लेखेको 'म लेनिनवादबाट कसरी प्रभावित भएँ' अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरेर यूकेले 'ऋम्पल' पत्रिकामा छापेका थिए । अनि त्यसै लेखका कारण त्यो पत्रिका कम्युनिस्टकै रहेछ भन्ने स्थानीय प्रशासनलाई ठाडो प्रभाव परेको थियो । त्यस पत्रिका प्रकाशनमा रुद्र खरेलको पनि गतिलो भूमिका थियो । त्यतिखेर त्यस प्रकारको पत्रिका निकाल्नेले धेरै ठूलो हन्डर बेहोर्नु पर्थ्यो ।

'ऋम्पल'काण्डमा २०२७ सालमा यूके प्रक्राउ परेर ऋापामा थुनिए । यूके थुनामा परेपछि शिव दाइ, रामनाथ दाइ र सीपी दाइहरू पनि प्रशासनबाट सशङ्कित हुन थालेका थिए । अनि यूकेचाहिँ नौ महिनासम्म जेलको हावा खाएर निस्केका थिए । उनका बुबा खगेश्वर उप्रेती चारपाने गाउँ पञ्चायतका उपप्रधानपञ्च भएकाले अनेक तरिका अपनाएर उनीलाई जेलबाट मुक्त गराइएको थियो । मेरा कान्छा मामा खगेश्वर उप्रेतीचाहिँ प्रशासनको नजिक पनि थिए । उनी कम्युनिस्टका घोर विरोधी थिए । त्यसैले यूके भन्ने गर्थे– 'मेरा बाबै बोक्सी पनि आफैँ हुन्थे र ऋाँक्री पनि आफैँ हुन्थे ।'

त्यही कारणले रामनाथ दाइ र शिव दाइ पनि आफ्ना मामा खगेश्वर उप्रेतीसँग डराउने गर्थे ।

यूके भन्नु रामनाथ दाइ र शिव दाइका बौद्धिक खुराक थिए । रामनाथ दाइ पनि सङ्गीतप्रेमी भएकाले यूकेबिना उनलाई हुँदैनथ्यो । यूके आफैं गीत लेख्तै, हार्मोनियम बजाउँदै गीत गाउने गर्थे । यूकेका सन्दर्भमा कुरा उठ्ता मैले मेरो जीवनीकृति 'रोहितको आकृति' (२०६९ : पृ.३३) मा लेखेको थिएँ :

**झुकाई हिमाल झुक्तैन**
**ताकेर सगर खस्तैन**
**नेपाली रगत बगेको**
**टिस्टाको पानी सुक्तैन ।**

२०३२ सालतिरको कुरा हो, जयप्रसाद यूकेले स्वनिर्वासित भएका बखत बनारसमा 'झुकाई हिमाल झुक्तैन' भन्ने गीत प्राय: गाइरहन्थे । त्यति बेलाको यूकेको गीत त्यहाँको नेपाली विद्यार्थी र राजनीतिज्ञमाझ लोकप्रिय पनि थियो । रोहितको पनि त्यस गीतप्रति झुकाउ थियो र नै 'जनताको साहित्य'ले त्यस गीतलाई स्थान दिएको थियो । त्यही सिर्जनात्मक सम्बन्धका कारणले पनि यूके रोहितको राष्ट्रवादी चिन्तनसँग प्रभावित थिए । अनि त्यति बेला म पनि त्यस गीतसँग नजिक थिएँ । अरूहरूझैं यूकेले २०२७–०२८ को झापाको किसान आन्दोलन खेपेका थिए । त्यही आन्दोलनको भासबाट उम्केर मचाहिँ काठमाडौं छिरेको थिएँ । तिनै यूके मेरो साहित्यिक धारका चिन्तक र सल्लाहकार पनि भए ।

मेरा दाइ यूके पुर्वाञ्चलीय कम्युनिस्टहरूका लागि बौद्धिक सल्लाहकार मानिन्थे । अनि शिव दाइ र रामनाथ दाइले यूके सकेसम्म आफूहरूबाट पर भएको हेर्न चाहँदैन थिए । अनि उनीहरूको जमघट भएपछि प्राय: 'झुकाई हिमाल झुक्तैन' भनेर गीत गाउन थालिहाल्थे । यो गीत उनीहरूको एक प्रकारको स्लोगान नै थियो । उनीहरू गीतसङ्गीतका खुबै पारखी पनि थिए ।

त्यतिखेर बुर्जुवाहरूबाट उत्पादित धान लुट्नेदेखि गाउँका शोषक, जाली, फटाहाहरूसम्मका दाइँ सकिँदानसकिँदै धान लुटेर गरिबका ढुकुटी भर्न शिव दाइ र रामनाथ दाइले आफ्ना कार्यकर्तालाई अह्राउने गर्थे । त्यतिखेर खमार लुट्ने अभियान नै थियो । धान लुट्ने काममा कम्युनिस्ट कार्यकर्ताहरू अग्रसर भइरहन्थे । त्यति बेला खड्गप्रसाद वलीचाहिँ लिखुरे र सिकुटे भएको हुँदा उनलाई भारी बोक्ने काम दिइँदैनथ्यो । प्रा.डा.रामप्रसाद उप्रेतीका अनुसार– 'खड्गप्रसाद दाइका जिम्मामा सिटी फुक्ने काम हुन्थ्यो । खड्गप्रसाद दाइले सिटी फुकेपछि परबाट कोही मान्छे आउँदै गरेको सङ्केत अरूहरू भारी बोक्ने कमरेडले चाल पाउने गर्थे र त्यहीअनुसार आफूहरूलाई परिचालन गर्थे । खड्गप्रसाद दाइ आफ्नो चोर औँला मुखमा लगेर सिटी बजाउन सिपालु थिए । त्यस बेला हामी उनलाई सिटी भन्ने गर्थ्यौं ।

२०२६ सालपछि शिव दाइ, रामनाथ दाइ, यूके दाइ, मोहनचन्द्र दाइ, राधाकृष्ण दाइ, चन्द्रप्रकाश दाइ, खड्गप्रसाद दाइ, रुद्र खरेल दाइलगायत तिलविक्रम ढकाल, नारायण शिवाकोटी, हरिचरण शिवाकोटी, मङ्गलसिंह सुनुवार, धर्म घिमिरे, तुलसी सिलवाल, शेरबहादुर निरौला, हर्क खड्का, षडानन्द वाग्ले, नारद भारद्वाज, नरेश खरेल, नरेश शाक्य, सूर्य कन्दङ्वा, नेत्र घिमिरे, वीरेन राजवंशी आदि वामपन्थी योद्धाहरू झापा किसानहरूको हित, मर्यादा र जागरणका लागि खुबै सक्रिय हुन थालेका थिए । त्यसैले त्यस ठाउँमा उनीहरूका लागि दिउँसै माटोमाथि हिँड्न पनि त्यति सजिलोचाहिँ थिएन ।

# शिवप्रसाद शिवाकोटीको व्यापार र खेतीपाती

शिवप्रसाद शिवाकोटीको खेतीपातीका गुरु रामनाथ दाहाल थिए । रामनाथ दाइको चारपानेकै छेउ लालमिट्टीमा पनि जग्गा थियो । त्यहाँको पाँच बिघा जग्गामा खुर्सानी मात्र उब्जाउ गरिन्थ्यो । त्यतिखेर खुर्सानी व्यापार पनि भनेजस्तै भएर सप्रेको थियो । साथै रामनाथ दाहाल राइस मिलबाट हुने आयस्ता पनि राम्रो थियो । वास्तवमा नै रामनाथ दाइ इलमी थिए । उनको त्यही खेतीपाती गर्ने शैली र इलमका चाहिँ शिव दाइ विद्यार्थी थिए ।

शिव दाइले रामनाथ दाइको सङ्गतबाट घरेलु ज्ञान, सीप र व्यवहारहरू सिके । त्यही क्रममा उनले खुर्सानी व्यापारदेखि धानचामलसम्मको व्यापार गर्न थाले । चारपानेको बेल्डागीमा शिव दाइको व्यापारिक थलो थियो । बेल्डागीहाटमा हप्ताको दुई दिन बजार लाग्थ्यो तर त्यो अति सानो बजार थियो । त्यसै बजारमा पनि शिव दाइले धान, सनपाट, तोरीको व्यापार पनि गरे । व्यापारबाट उनी शुभलाभतिर डोरिएका थिए । वास्तवमा शिव दाइ र कृष्णादेवी भाउजू त्यस काममा खुबै खट्ते । त्यसैले रात दुई गुना दिन चार गुनाले उनीहरूको व्यापार पनि फस्टाउँदै जान थालेको थियो ।

शिव दाइको व्यापारमा बढोत्तरी हुन थालेपछि उनले केही ठूलो बजारको ठाउँ रोजे । अनि घैलाडुब्बामा पनि व्यापारको आरम्भ गरे । त्यहाँ गएर पसल थाप्ता पनि उनी यस काममा अधिकतम सफल हुँदै गए । क्रमश: उनले यो काम शनिश्चरे बजारमा पनि

कायम गरे । त्यहाँबाट पनि यी धूमधामले उस्के । उनको त्यस व्यापारले उनी चाँडोभन्दा चाँडो त्यस ठाउँमा परिचित साहूजी नै हुन थाले । उनको मिहेनत र कार्यशैली जन्मजात व्यापार गर्नेहरूभन्दा कम्तीको थिएन ।

••

रामनाथ दाइ भनेका शिव दाइका आदर्श थिए अथवा दाहाल उनका रोल मोडेल थिए । त्यसैले रामनाथ दाइले भनेपछि शिव दाइलाई ढुङ्गाको अक्षर हुन्थ्यो । त्यसैले रामनाथ दाइले शिव दाइलाई 'वन फँडानी' गर्ने र जग्गाजमिन जोड्ने तरिका सिकाए । त्यहीअनुरूप शिव दाइले पनि त्यस्तो खाले वनजङ्गल हेर्दै गए । त्यही क्रममा उनी शनिश्चरेस्थित सालबारी पुगे । त्यति बेला त्यहाँ रेखाङ्कन भएर महेन्द्र राजमार्ग बन्ने क्रममा थियो । अनि त्यही राजमार्गबाट तीनचार सय मिटर उत्तरतिरको जङ्गलमा शिव दाइले आँखा लगाएका थिए । स्थानीय समाजसेवी बलिराज इङनामको हार्दिक इच्छाबाट नै उनी त्यस ठाउँमा पुगेका थिए । शिव दाइ सालबारी पुग्नुको खास कुरा के थियो भने– बलिराज इङनाम हाम्रा पहाडे मामा थिए । साथै इवामा शिव दाइ र बलिराज मामाको घर पनि सँगसँगै थियो । हामी झापा पुग्नु दशकअघि नै बलिराज मामाले सालबारीमा आफ्नो वर्चस्व कायम गरिसकेका थिए ।

सालबारी मनोरम स्थल मानिन्छ । त्यो ठाउँ तराई भए तापनि पहाडैजस्तो शीतल, चिसो र रसिलो ठाउँ मानिन्छ । त्यो ठाउँ मन पराएपछि सर्वप्रथम शिव दाइले कमाएको पैसासमेत र रामनाथ दाइको सहयोगले उनले त्यहाँ पाँच बिघा जग्गा किनेका थिए ।

२०२४ सालको कुरा हो– शिव दाइले सालबारीमा जग्गा किनेपछि उनीहरू चारपानेबाट सालबारीमा बसाइँ सरेका थिए । सुरुमा उनले आफू बस्ने त्यहाँ सानो छाप्रो बनाएका थिए । त्यतिखेर

शिव दाइले वन फँडानी गरेको जग्गाको धनीपुर्जा पनि सजिलैसँग पाएका थिए । क्रमश: त्यहाँ उनको पन्ध्र बिघा जग्गा कायम भएको थियो । त्यसपछि त्यहाँ उनको एउटा भव्य घर पनि बनेको थियो । सालबारीका आकर्षक र राम्राराम्रा घरहरूमध्ये शिव दाइको घर पनि दरिने गर्थ्यो ।

कृष्णा भाउजू मनकारी थिइन् । शिव दाइका घरमा पुगेका मान्छेले जुठो मुख नलगाई फर्केर आँगन काट्न पाइँदैनथ्यो । भाउजू सधैँ हँसिली हुन्थिन् र उनलाई बोलिरहनुपर्थ्यो । उनका हँसाइमा मानवजीवनको सग्लो प्रतीक भेटिन्थ्यो । किनभने उनी जनताको भोकतिर्खा बुझ्ने गर्थिन् । उनको बोलाइमा पनि आत्मीयता हुन्थ्यो । त्यसैले हामी शिव दाइसँग कम्युनिस्टको पाठ पढ्नुभन्दा भाउजूले पकाएको खान प्राय: शिवगृहमा पुग्ने गर्थ्यौं ।

# शिवप्रसाद शिवाकोटीको किसान जागरण

२०२४ सालदेखि शिवप्रसाद शिवाकोटी प्रत्यक्ष रूपमा राज्यसरकारको विरोधमा अग्रसर भएका थिए । त्यसै बेलोदेखि उनी किसानहरूको हक, हित र सुरक्षाका लागि समर्पित थिए । उनी त्यस बेलादेखि नै सरकारी नीतिको विरोधमा ठाउँठाउँका पञ्चायत विरोधीहरूसँगको साठगाँठमा पुगिसकेका थिए । त्यस बेलादेखि उनले झापाका विभिन्न ठाउँमा साहूका खेत जोत्ने मोहीहरूको तथ्याङ्क राख्ने क्रमको समेत सुरुवात गरेका थिए । त्यसैअनुरूप उनले भित्रभित्रै मोही सङ्गठनको उचाइमा तीव्र रूप दिइरहेका थिए । जसको जोत उसैको पोतीय हक अथवा भनौँ, मोहीको सर्वोच्चता कायम गर्नका लागि उनको पूर्ण ध्येय थियो । त्यसैले खमारमा दाइँ गरेर प्रतिमन प्रतिबिघामा निश्चित धान खमारैबाट साहूलाई तिर्ने जस्ता क्रान्तिकारी जनसुधारका लागि झापा जिल्लाभरि शिव दाइले गुरुत्तर भूमिका खेलेका थिए ।

२०२४ सालकै कुरा हो– नेपालउपर भारतीय थिचोमिचो र हेपाहा नीतिको झापाली युवाहरूलाई चित्तै बुझेको थिएन । त्यतिखेर खगेन्द्र प्रसाईले रामनाथ दाहाल, शिवप्रसाद शिवाकोटी र विष्णुभक्त प्रसाईसँग सल्लाह गरेर शनिश्चरेमा विरोधसभाको आयोजना गरेका थिए । समारोहस्थलको व्यवस्थापन विष्णुभक्त दाइले गरेका थिए । त्यस दिन शिव दाइ र खगेन्द्र दाइले आकाश छेड्ने गरेर भाषण गरेका थिए । तर रामनाथ दाइले भाषण गर्ने बेलामा प्रहरीको प्रवेशले

समारोहस्थल आतङ्कित भएको थियो । विरोध सभाका कारण त्यस दिनको शनिश्चरे हाटबजार पनि आतङ्कितै भएको थियो । खगेन्द्र प्रसाई भन्नु शिवप्रसादको किसान आन्दोलनका अर्का योद्धा थिए ।

शनिश्चरे बजारमा शिव दाइको भाषण निकै कडा थियो । आवश्यकताअनुसार शिव दाइ कडा मिजासका पनि हुन्थे । उनको शब्द जति कडा हुन्थ्यो जनतासँगको सम्बोधन त्यति नै नरम हुन्थ्यो । उनको भद्र, सरल र आत्मीय बोलीवचनका कारण उनी किसानहरूको नेतृत्वदायी भूमिकामा पनि सफल हुँदै गएका थिए । कतिसम्म भने कतै किसानलाई साहूले मर्का पारेको थाहा पाए भने उनी गाँस छाडेर पनि त्यहाँ पुगिहाल्थे । साथै उनी पुगेको ठाउँमा हरेक कसरत गरेर साहू र किसानमाऋको मुद्दा पनि मिलाइदिने काम गर्थे । उनको लक्ष्य किसानहरूको संरक्षण, हित र उपकारमा नै सीमित हुन्थ्यो । त्यसैले उनी ऋापाका किसानका सर्वप्रिय नेतामा गणना भएका थिए ।

••

शिव दाइ राजनीति गर्ने; कृष्णा भाउजू कार्यकर्तालाई मकै, भटमासदेखि दहीच्यूरासम्म खुवाउने गर्थिन् । उनीहरू दुवै जनाको मन मिल्थ्यो । दुवैले प्राय: एउटै विषय चिताइरहेका हुन्थे । कहिलेकाहीँ यदि दुवैको मोतो नभएर काम भइहालेको थियो भने पनि दुवैले गरेको कामको प्रकृतिमा ऋन्नै एउटै प्रकारको नतिजा निस्कन्थ्यो । साना भन्ट्याङभुटुङ हेर्नेदेखि आफ्ना पतिका शत्रुहरूसँग भिड्ने काममा कृष्णा भाउजू सधैँ चनाखो देखिन्थिन् । शिवाकोटीदम्पती आफ्नो हरेक योजनाहरूमा सधैँ क्रियाशील देखिन्थे । अनि उनीहरूलाई सघाउपघाउ गर्ने हर्ताकर्ता र विश्वासपात्र खड्ग दाहाल र दधिराम उप्रेती नै प्रमुख थिए ।

शिव दाइ पद, पैसा र शक्तिभन्दा किसानको चाहनामा नै समर्पित थिए । राधाकृष्ण मैनालीका शब्दमा भन्नुपर्दा– ‘शिवप्रसाद

शिवाकोटी किसानका भरथेक र आडभरोसा थिए ।' भनौँ, उनी किसान नायक थिए । उनी आफ्ना कार्यकर्तालाई जनता भनेर सम्बोधन गर्थे । उनका हिसाबमा जनता भनेका प्राण थिए । उनी शासकले जनसेवा नै गर्नुपर्छ भन्थे । तर शासकले किसान दबाएको बेहोराले उनी विद्रोही थिए । उनको त्यो विद्रोह पहाडबाटै आएको थियो । उनको विद्रोही धाराले कहिले थकाइ मार्न पाउँदैन थियो । युवावस्थाको शिखर आरोहण गरिन्जेलसम्ममा शोषक, सामन्तीको थिचोमिचो र अन्यायको विरोधमा कुर्लने उनी एउटा कुशल, सुरो र वीर जनप्रवक्ता भइसकेका थिए ।

शिव दाइले झापाका किसानलाई धेरै भरथेक गर्ने कसरत गरिरहे । स्थानीय सामन्त र व्यापारीहरूले किसानलाई सकेसम्म निमोठ्ने गर्थे । कतिसम्म भने त्यतिखेरसम्म पनि छलकपट गरेर व्यापारीबाट तौलिने काँटा, तराजु र लिटर प्राय: नक्कली नै राखिन्थ्यो । यसको सुधारका लागि प्रथम आवाज नै शिव दाइबाट उठेको थियो । ती मालको सुधारका लागि शिव दाइले जुलुसको समेत नेतृत्व गर्नुपरेको थियो । सधैँ किसानको उत्थानमा पसिना पुस्तै हिँड्दा जुलुस र पुलिसको कुटाइ उनका लागि सहोदरी नै झैँ भइसकेको थियो । तर पनि उनका पाइला कहिले पछाडि फर्केका थिएनन् ।

किसानलाई डेढीदेखि दोब्बरसम्म ब्याज लिने र अनेक बहानामा उनीहरूको मोहियानी हक हटाउने सामन्तका विरुद्धमा लड्नका लागि पनि शिव दाइले कम्मरमा पटुका कसेका थिए । उनले चर्को ब्याजमा ऋण लिनेका विरुद्ध, किसानको शोषण गर्नेका विरुद्ध र मोहीहरूका लागि मोहियानी हक कायम गर्न पसिना बगाएका थिए । यसबारे उनले दरो नारा लगाएर धेरै किसानलाई वामपन्थीको व्यावहारिक पाठ पढाएका थिए ।

पहिलापहिला झापामा नक्कली मोहीहरू भित्रभित्रै घुस्रिन्थे । सक्कली मोहीले थाहा नपाउँदै तिनैले अर्कोलाई मोहियानी बेचिदिन्थे ।

अनि यो कुरा जग्गाधनीलाई पनि थाहा हुँदैनथ्यो । तर शिव दाइले पुराना मोही कायम गर्दै हिँडे । जालसाजले थपिएका मोहीलाई कायम नगर्ने नीति ल्याउन प्रशासनमा उनैले दौडधुप गरे । तर झापाको प्रशासनले यसबारे ठाडो कान लगाउँदैन थियो । पछिपछि रामनाथ दाहालदेखि जयप्रसाद यूकेसम्म पनि यसै कामका लागि एकोहोरो भएर भिड्न थाले । अनि शिव दाइ यस कृत्यमा सफल भए । त्यसपछि पुराना अर्थात् सक्कली मोहीले धमाधम मोहियानी हकको प्रमाण लिन थाले । त्यसपछि सक्कली मोहीले मात्र जग्गा उपभोग गर्न थालेका थिए ।

शिव दाइले नै पहल गरेर वास्तविक सुकुमबासीका नाउँमा जग्गा दिने आन्दोलन तीव्र पारेका थिए । त्यतिखेर झापामा पुनर्वास कम्पनी पनि थियो । तर त्यसले पनि एकातिर जग्गाधनीलाई सुकुमबासी नै बनाउने कृत्य गरिरह्यो भने अर्कातिर जग्गाधनी नै सुकुमबासी बनेर जग्गा जोड्ने रीतको झापामा बडोत्तरी भइ नै रह्यो । उदाहरणका लागि मेरा मामा खगेश्वर उप्रेतीको खेतमध्ये दस बिघा खेतचाहिँ पुनर्वास कम्पनीमार्फत हराएको थियो । सरकारी कारिन्दाले कागतपत्र मिलाई नक्कली सुकुमबासी स्थापना गरेर तिनैलाई मेरा मामाको जग्गा बाँडेका थिए । त्यस्तो व्यवस्थालाई चकनाचूर पार्ने अभियानमा शिव दाइ नै रातोदिन भिडेका थिए । अनि यस काममा पनि उनले सफलता प्राप्त गरेका थिए । तर उनी पनि तिनै मामा खगेश्वर उप्रेतीको दोहोरो चरित्रउपर विद्रोही थिए । किनभने खगेश्वर मामा उनीहरूका विरोधमा प्रशासनसामु उजुरबाजुर गर्न पनि पछि पर्दैन थिए ।

•

शिव दाइले नेपालमा शिक्षाको सुधारका लागि समर्पित हुँदा भोकतिर्खा पनि बिर्सेका हुन्थे । त्यतिन्जेलसम्म आफ्नै गाउँ अर्थात् चारपानेको बेल्डागीमा तीन कक्षासम्म पढाइन्थ्यो । शिव दाइको

नेतृत्वमा जयप्रसाद यूकेसमेतले त्यहाँ पाँच कक्षासम्मको स्कुलको व्यवस्थापन गरेका थिए । बेल्डागीमा स्कुल स्थापनाको काम सकेपछि यूके दाइ घैलाडुब्बाको आदर्श विद्यामन्दिर हाईस्कुलको शिक्षक भएका थिए । मेरा मामा देवीप्रसाद उप्रेतीले स्थापना गरेको र उनैको खर्चमा चलेको सो स्कुलमा दशौँ कक्षासम्म निःशुल्क पढाइन्थ्यो । त्यति बेला त्यस स्कुलमा यूकेले खड्गप्रसाद वली शर्मालाई पनि पढाएका थिए । खड्गप्रसाद दाइ राजनीतिमा जति चनाखो, सक्रिय र भिजेका थिए तर पढाइमा उनी त्यति मिहेनत गर्दैन थिए ।

त्यतिखेर जयप्रसाद यूके कम्युनिस्ट सिद्धान्तका राम्रो व्याख्याता भइसकेका थिए । साथै उनी मार्क्सवाद, लेनिनवाद र माओविचारधारा अध्ययनविषयक मेचीकोसीको युवा तथा महिला विद्यार्थी फ्रन्टको संयोजक थिए र झापाका किसानको फ्रन्टको संयोजक शिव दाइ थिए । उनीहरूको यस कार्यलाई स्थानीय प्रशासनले सामाजिक अपराध सम्झेको थियो । अनि क्रमशः पूर्वी नेपालमा विद्रोहका स्वरहरूको चाङ लाग्दै जान थालेको थियो । अनि त्यो बेहोरा प्रशासनका लागि झन् सारो अपराधझैँ देखिन थाल्यो । त्यो राजनैतिक विद्रोह नै थियो । त्यस विद्रोहमा सर्वप्रथम शिवप्रसाद शिवाकोटीले नै घरेलु हातहतियारसहित हामफालेका थिए ।

# शिवप्रसाद शिवाकोटीलाई माटोको माया

शिवप्रसाद शिवाकोटी नेपाली माटो, नेपाली जन र नेपाली स्वाभिमानमा गौरव मान्ने नेपाल राष्ट्रका गौरवी नागरिक थिए । जनद्रोह, माटोद्रोह र सार्वभौम द्रोहमा लाग्ने मान्छे नै उनको सबैभन्दा ठूलो शत्रु हुन्थे । त्यस्तो बेलामा राज्यबाट खटेर आएका कारिन्दाका नीति, निर्देशन र आज्ञालाई लत्याउने उनी झापा जिल्लाभरिकै वीर पुरुषमा समेत स्थापित भइसकेका थिए । त्यसैले उनी हरसमय पहरेदारको भूमिकामा मौजुद हुन्थे ।

राष्ट्रलाई नोक्सान, किसानलाई मर्का र व्यवहारमा छेकथुन हुने विषयको हरेक दफामा शिवप्रसाद शिवाकोटी निगरानीको भूमिकामा उभिएका हुन्थे । त्यस्तो कृत्यलाई सफल पार्न उनी जुनसुकै बेला पनि हूल बाँधेर हिँड्ने गर्थे । उदाहरणका लागि भन्ने हो भने– २०२६ सालतिरको कुरा हो, कालाबजारीले धानचामल मेचीपारि पुऱ्याएर नेपाललाई रित्तो पार्ने अवस्थाको सिर्जना गर्ने अभियान चलाएका थिए । त्यतिखेर नेपालतिरबाट भारतमा धानचामल लाने र नेपालमा अनिकाल पार्ने अवस्थाको सिर्जना भएको थियो । त्यस कार्यले भन्सारका कर्मचारी पनि रमाएका थिए । त्यतिखेर कालो धन्दा गर्नेजति सबै एकजुट थिए । तर पनि त्यस्तो अभियान असफल पार्न शिवाकोटीलगायत रामनाथ दाहाल, जयप्रसाद यूके, दधिराम उप्रेती, नेत्र घिमिरेहरू दत्तचित्त भएर लागेका थिए । त्यस्तो कहालीलाग्दो अवस्थामा पनि शिव दाइले आफ्नो क्रान्तिकारी धर्म निर्वाह गरेका थिए । त्यतिखेर उनले रामनाथ

दाइ, यूके दाइ, दधिराम दाइ, नेत्र घिमिरे, षडानन्द वाग्ले आदि हूल लिएर उनी मेचीपारि दसगजामा समेत पुगेका थिए र कालाबजारीका ट्रक रोकेर फिर्ता गर्नसमेत उनीहरू सफल भएका थिए । त्यसैले उनीहरू प्रशासनको आँखाको तारो पनि बनिरहेका थिए । तर बिनाकसुर प्रशासनले उनीहरूलाई आफ्नो कब्जामा राख्ने हिम्मत पनि गरेको थिएन । किनभने उनीहरूमार्फत क्रान्तिको ज्वाला दन्किन्छ भन्ने चेतना प्रशासनले बुझ्न थालेको थियो । शिव दाइ कडा थिए र उनी जनप्रेमी थिए । उनले चाहेमा जनहरू तुरुन्तै भेला पार्न सक्छन् भन्ने बेहोराको व्यावहारिक ज्ञानको पाठ प्रशासनले पहिलापहिला पनि ग्रहण गरिसकेकै थियो ।

••

२०२६ सालतिरकै कुरा हो– मेची नदीमा बाढी आइरहेको थियो । त्यति बेला मेची नदी आफ्नो स्वरूप बदलेर भारतबाट नेपालतिर खाँदिएको थियो । त्यस ठाउँलाई झापाको महेशपुर भनिन्छ । त्यति बेला मेची नदी वारिपट्टि बगेपछि पारिपट्टि भारत देखिने अवस्था आएको थियो । त्यतिखेर प्रशासन भने त्यो दृश्य टुलुटुलु हेरेर बसेको अवस्था थियो । तर शिव दाइले त्यो दृश्य हेरेर आफूलाई थाम्न सकेनन् । अनि आफ्ना सहयोगी साथीहरू नेत्र घिमिरे, रुद्र खरेल, जयप्रसाद यूके आदिसहित हूल लिएर उनी महेशपुर पुगेका थिए । त्यहाँ गएर उनले सर्वप्रथम नेपालको राष्ट्रिय झन्डा गाडे । त्यस्तो वीर काम गरेका शिव दाइलाई अञ्चलाधीश, सिडियो, पञ्च कसैले पनि सहयोग गरेका थिएनन् । तर उनैले नै त्यो ठाउँ नेपालको हो भनेर खबरदारी गरिरहे । अनि त्यतातिर परेका नेपालीलाई 'तिमीहरू नेपालको राष्ट्रिय झन्डा रुङेर बस, आफ्नो माटो छाडेर विचलित नहोऊ । तिमीहरूका लागि हामी छौँ' भनेर सम्बोधन गर्ने पनि शिव दाइ नै प्रथम पुरुष थिए । अनि त्यसपछि खोलापारि पनि नेपालकै जग्गा रहिरह्यो ।

झापा क्रान्तिका अर्का सशक्त योद्धा जयप्रसाद यूकेले मेचीपारिको नेपालका सन्दर्भमा मलाई पछिसम्म पनि भनिरहे– 'तिमीले मानेको पञ्चायत व्यवस्था नराम्रो थिएन । तर एकातिर राजा नदेख्ने र अर्कातिर राजाका कारिन्दा धन जोहो गर्न र चाकरीमा व्यस्त हुनाले देश भित्रभित्रै खोक्रिँदै जाने क्रममा थियो । त्यसैले शिवप्रसाद शिवाकोटीहरूले मुलुकको माटोको रक्षा गर्नुपर्ने अवस्था आएको थियो ।' शिवप्रसादले गाडेको राष्ट्रिय झन्डाको ओतमा बसेर नेपालीले भारतले थुत्न सक्ने नेपालको भूभाग जोगाएका थिए ।

झापाली सांसद राजेन्द्र लिङ्देनका अनुसार 'मेचीपारि नेपाली बस्ती नै अझै नदीले धार काट्नुअघिकै स्वरूपमा रहिआएको छ ।' वास्तवमा त्यो नेपाली बस्ती कायम गर्न शिव दाइकै एकछत्र भूमिका थियो । स्थानीय समाजसेवी लवकुमार कोइरालाका अनुसार मेचीपारि नेपाल जानलाई पछि झोलुङ्गे पुलको पनि व्यवस्था भयो । पछिल्लो दिनमा त्यो ठाउँलाई पृथ्वीनगर भनियो । अनि त्यस ठाउँलाई झापाको भद्रपुर नगरपालिकामा गाभियो ।

# शिवप्रसाद शिवाकोटीको विष्णुभक्त प्रसाईसँग संलग्नता

झापा विद्रोहको आरम्भअघि शिव दाइसँग म (नरेन्द्रराज प्रसाई) कसरी नजिक हुन गएँ भन्ने बेहोराको पृष्ठभूमि पनि बेग्लै छ । मेरो बाल्यकाल अर्थात् म बाह्र वर्ष नपुग्दै मेरा दाजु नन्दकुमार प्रसाईले ताप्लेजुङको आठराई, हाङपाङमा मलाई कम्युनिस्ट बनाएका थिए । उनैले मदन भण्डारीलाई पनि त्यही कालखण्डमा कम्युनिस्टको बिल्ला टाँसिदिएका थिए अरे । त्यति बेला नन्दकुमार दाइचाहिँ मेरा जेठा दाजु विष्णुभक्त प्रसाईका राजनैतिक चेला पनि थिए ।

त्यतिखेर आठराई क्षेत्र नै कम्युनिस्टमय थियो । खास गरेर हाङपाङ क्षेत्र माओ त्सेतुङको लाल किल्ला नै जस्तो भइसकेको थियो । ताप्लेजुङको हाङपाङस्थित सरस्वती हाईस्कुलमा मैले पाँच कक्षासम्म पढेको थिएँ । चारपाँच कक्षा पढेका बेलाचाहिँ माओको बिल्ला लगाएर मात्र म स्कुल जाने गर्थें । अरूहरू विद्यार्थी प्राय: धेरै जना माओको बिल्ला धारण गरेर मात्र पढ्न जान्थे । नन्दकुमार दाइले कताबाट हो कुन्नि भारीका भारी माओको मुहारअङ्कित बिल्ला लिएर घर आउँथे । त्यतिखेर हामी टोपीदेखि दौरा या कोट जे लगाएको छ त्यसैमा खापैखाप माओका बिल्ला लगाएर स्कुल जाने गर्थ्यौं । तिनै मेरा दाजु र राजनीतिक गुरु नन्दकुमार प्रसाई नेपालमा गणतन्त्र भित्रिएपछि नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को कोटामा संसद्को माननीय सदस्य पनि भएका थिए ।

••

२०१६ सालको कुरा हो– मेरा जेठा दाजु विष्णुभक्त प्रसाईले तेह्रथुमको आठराई भेगमा प्रथम पटक नेपाल कम्युनिस्ट पार्टीको झन्डा फहराएका थिए । अनि त्यो कम्युनिस्ट झन्डा सङ्क्रान्ति बजारमा रहेको हाम्रै घरको आँगनमा गाडिएको थियो । त्यतिखेर मेरा दाजुले कम्युनिस्ट पार्टीको झन्डा गाड्दा चन्द्रमान कन्दङ्वादेखि शिवप्रसाद शिवाकोटीसम्मको उपस्थिति थियो । साथै त्यहाँ वामपन्थी धारामा आस्था राख्ने स्कुलका विद्यार्थी पनि आएका थिए । त्यति बेला शिव दाइले मेरा दाइको काममा खुलेर समर्थन गरेका थिए । त्यस बेला सङ्क्रान्ति बजारमा पनि रहेको हाम्रो घरमा नेपाल कम्युनिस्ट पार्टीको एरिया कमिटीको कार्यालय पनि थियो । त्यस कार्यालयका प्रमुख पनि मेरै दाजु थिए । त्यस कार्यालयमा सहयोग गर्नेमध्ये एक जना शिव दाइ पनि थिए । शिव दाइ त्यस बेला दार्जिलिङबाट माइला बाजे अर्थात् रतनलाल ब्राह्मणबाट कम्युनिस्ट सिद्धान्तको टच्युसन पढेर भर्खरै मात्र नेपाल पसेका थिए । अर्को एक दिनको कुरा हो– त्यस बेला आठराईमा फरफराएको कम्युनिस्टको झन्डाबारे मेरा ठूल्दाजुले मेरा मामाका छोरा गङ्गाप्रसाद उप्रेती र मलाई एकै ठाउँमा राखेर भनेका थिए– 'रातो कपडा मैले नै किनेँ र सेतो कपडा पनि किनेर सूचीकारलाई यसरी हँसिया र हथौडा बनाउनु भनेर सिकाएँ । अनि मैले कम्युनिस्ट पार्टीको झन्डा बनाएर घरमा ल्याएँ । मैले मेरो घरका आँगनमा कम्युनिस्टको लाल झन्डा गाडेपछि आठराईभरि नै ठूलै खैलाबैला मच्चिएको थियो । तर २०१७ सालमा राजा महेन्द्रले राष्ट्रिय कदम चालेपछि कम्युनिस्ट पार्टीको झन्डामाथि प्रतिबन्ध भइहाल्यो ।' तर त्यसपछिका दिनमा पनि मेरा दाजुको दिलबाट चाहिँ कम्युनिस्ट सिद्धान्तको प्रतिबन्ध लागेको मैले चाल पाइनँ । त्यस समय मेरा ठूल्दाजुकै नेतृत्वमा नन्दकुमार प्रसाईहरूको हुद्धा कम्युनिस्ट आन्दोलनमा

अत्यन्तै सक्रिय भएको थियो । मेरा दाजुले हाम्रो घरमा झन्डा गाडेपछि जनार्दन सिटौलाबाहेक काङ्ग्रेसीहरूले दाजुको सङ्गतै छोडिदिएका थिए । त्यसबारे दाजुले मलाई भनेका थिए– 'सिटौलाचाहिँ समाजसेवी भएकाले जुनसुकै विचारधाराका मान्छेको पनि उनी कदर गर्थे ।'

•

२०२६ सालको कुरा हो, म त्यतिखेर शनिश्चरे हाईस्कुलमा छैटौँ कक्षामा पढ्थेँ । अनि त्यति बेला म मेरा जेठा दाजु विष्णुभक्त प्रसाई र भाउजू भागीरथा प्रसाईसँग बस्थेँ । शनिश्चरे बजारमा दाजुभाउजूको हाङपाङ फोटो स्टुडियो थियो । त्यहाँ हामीले एउटा घर भाडामा लिएर बसेका थियौँ । त्यस बेला हाम्रो घर शिव दाइहरू आबद्ध भएको कम्युनिस्ट पार्टीको छहारी (सेल्टर) थियो । अथवा कम्युनिस्ट पार्टीको अघोषित कार्यालयजस्तै थियो ।

त्यतिखेरकै एक दिनको कुरा हो– मध्याह्नमा शनिश्चरे बजारमा नारा लगाउँदै एउटा जुलुस आएको थियो । वास्तवमा मैले मेरो जीवनमा सरकारविरुद्ध जुलुस देखेकै त्यो पहिलो चोटि थियो । जुलुसमा एक सय पचास जनाजति क्रान्तिकारी थिए । त्यहाँ उत्साहका साथ आक्रामक नारा लगाएर हिँड्नेहरू २०–२५ वर्ष उमेर घटीका कोही पनि थिएनन् । अनि त्यस जुलुसको अगुवाइ गर्ने शिवप्रसाद शिवाकोटी थिए ।

केही महिनापछि शनिश्चरे बजारमा पनि त्यही प्रकृति र तिनै मान्छेहरूमध्येका मान्छे भएको अर्को जुलुस आएको थियो । सशक्त नारा लगाउँदै चम्केको जुलुस हाम्रा आँखै अगाडिबाट एकैछिनमा हराएको थियो । त्यतिखेर को कता गए, को कता गए, हामीलाई पत्तै भएको थिएन । तर हामी बसेको घरमा चाहिँ शिवप्रसाद शिवाकोटी, डम्बरबहादुर डाँगी, अम्बरबहादुर पौडेललगायतका

कमरेडहरू स्याँस्याँ र फ्याँफ्याँ गर्दै आएका थिए। उनीहरू छिरेको आधा घण्टापछि हाम्रा घरमा पुलिस पसेका थिए। अनि म दौडेर शिव दाइहरू लुकेको कोठामा पसेँ र पुलिसहरू घरभित्र भित्रिएको बेहोरा शिवप्रसाद दाइलाई जानकारी दिएँ। त्यसपछि उनी कुदेर हाम्रो आँगनको पल्ला छेउमा रहेको पाइखानामा पसेका थिए। अरू तीन जनाचाहिँ दाजुभाउजू सुत्ने खाटमुनि पसेका थिए। तर केही छिनमा पुलिसलाई मेरा दाजुले आकाशपातालका कुरा गरेर त्यहाँबाट बिदा गरेका थिए। वास्तवमा मेरा दाजु तुक र उखान जोडेर मान्छेलाई गलाउन सिपालु पनि थिए। त्यसैले त्यतिखेर ती पुलिसलाई पनि उनले फस्याङफुसुङ गरेर फिर्ता पठाएका थिए। राति झमक्कै भएपछि चारै जना कमरेड त्यहाँबाट हिँडेका थिए।

शिव दाइ सालबारीबाहिर प्राय: एक्लै हिँड्दैन थिए। उनका अघिपछि पन्ध्रदेखि पच्चिस जनासम्मका बलियाबाङ्गा कमरेडहरू पनि हुन्थे। शिव दाइका अघिपछि हिँड्ने कमरेडहरूलाई शिवसेना र शिव दाइलाई शिवसेनाका कमान्डर भनिन्थ्यो। तिनै शिवसेनाले आह्वान गरेका भरमा नै स्थानीय किसानहरूका खेत रोपिन्थे र दाइँ पनि गरिन्थे।

शनिश्चरे बजार आएका बेला शिव दाइ प्राय: सधैँ मेरा जेठा दाजु विष्णुभक्त प्रसाईका घरमा पस्थे र एकाध घण्टा छलफल गरेर फर्कन्थे। म पनि शिवसेनामा आबद्ध थिएँ। अनि शिवसेनाको विश्वासिलो पात्र भएर पनि मैले काम गरेको थिएँ।

# शिवप्रसाद शिवाकोटीको रेखदेखमा हाम्रो घर

शिवप्रसाद शिवाकोटीप्रति मेरी आमा भागीरथा प्रसाईको धेरै स्नेह थियो । उनी किशोरावस्थामा पनि मेरी आमालाई भेट्न मेरा मामा र मावली दाइहरूसँग आठराई हाङपाङको जिजु हाउसमा पुगिरहन्थे । त्यतिखेर इवाबाट हाङपाङ पुग्न आठनौ घण्टा पैदल हिँड्नुपर्थ्यो । त्यति बेलैदेखि मेरी आमासँग शिव दाइको घनिष्ठता थियो । त्यसैले हामीले शिव दाइकै आड, भरोसा र विश्वासमा सालबारीमा जग्गा किनेका थियौँ । हामीले त्यहाँ २०२६ सालको आरम्भमा जग्गा किन्यौँ र त्यसै साल मेरी आमा पहाड छोडेर मधेश बसाइ सरेकी थिइन् । साथै त्यसै वर्षको अन्तिमसम्ममा हाम्रो त्यहाँ घर बनेको थियो । घर बनाउन शिव दाइले पनि हामीलाई प्राविधिक मद्दत गरेका थिए । घर नबनुन्जेल उनी हरेक दिन एकदुईपल्ट हाम्रो घर आइ नै रहन्थे ।

सालबारीमा मेरी आमा, मेरो कान्छो भाइ र म बस्थ्यौँ भने शनिश्चरे बजारमा मेरा जेठा दाजुभाउजू बस्थे । सालबारीमा बस्न थालेपछि हामी आफैँले त्यहाँ खेतीपाती सुरु गरेका थियौँ । हाम्रो खेत पनि झापाका राम्रा खेतहरूमध्येकै अब्बल थियो । घरअगाडि नै सानो पैनी या भनौँ, खोली भएकाले हाम्रो खेत र बारी (भिटा)मा हिँउदे र बर्खे बाली लाग्थ्यो । त्यति मात्र होइन, हाम्रो खेतमा पनि शिव दाइकै खेत र भिटाजस्तो सालमा तीन बाली अन्नको उब्जाउसमेत हुने गर्थ्यो ।

हामीले सालबारीमा घर बनाएर बसाइँ सरेपछि सुरुका दिनमा त्यो ठाउँ हाम्रा लागि बिरानै लाग्थ्यो । तर हामीलाई नआत्तिन शिव दाइले हौसला दिइ नै रहन्थे । त्यतिखेर मेरी आमाले शिव दाइसमक्ष रुँदै भनेकी थिइन्– 'मेरो जेठा छोराले जङ्गलका माझमा ल्याएर हामीलाई थुपारिदिएको छ । उनीहरू लोग्नेस्वास्नी सुकिलामुकिला भएर महिनाको एक दिन आउँछन् र एकडेढ घण्टा बसेर बजारमा फर्किहाल्छन् ।' अनि शिव दाइ मेरी आमालाई उत्तर दिँदै भन्ने गर्थे– 'सानीमा म छु नि ! म भएपछि सानीमाले केको फिक्री मानेको नि !' वास्तवमा त्यतिखेर शिव दाइले हाम्रा लागि मुखले मात्र सहयोग गरेनन्; उनी कामले नै हामीमाझ प्रिय भएका थिए । उनैले हाम्रो घरका लागि गाईगोरु, भैँसी, राँगा, हली, गोठाला आदि प्राय: सम्पूर्ण व्यवस्थापन गरिदिएका थिए । हुन त गाउँले मामा बलिराज इङ्नाम, मित भाइ हरि रानामगर र छिमेकी जगत् रानामगर, इन्दिरा रानामगर आदिले पनि मेरी आमाको सेवार्थ अनेकौँ कृत्य गरेका थिए । तर शिव दाइ भने हाम्रा लागि संरक्षकजस्तै नै देखिन्थे । किनभने उनी मेरी आमाका दिदीका छोरा पनि थिए । उनी लडाकू स्वभावका थिए र निर्भीक पनि थिए । त्यसैले मेरी आमा उनको थप गुन गाउने गर्थिन् । उनीप्रति म पनि खुबै झुकाव राख्थेँ । सालबारीमा हाम्रो आडभरोसा भन्नु नै शिव दाइ अग्रपङ्क्तिमा थिए ।

शिव दाइ हरेक दिनको बिहान या साँझ मेरी आमालाई भेट्न हाम्रा घर आउँथे । कुनै दिन उनी साँझमा ढिलो आएका बेला हामी रातिसम्म पनि उनलाई कुरेर बस्थ्यौँ । कुनै एक दिन हाम्रा घरमा शिव दाइको प्रवेश नहुँदा भोलिपल्टको बिहानै मेरी आमाले मलाई भन्ने गर्थिन्– 'शिवप्रसादको चालचलन ठीक छैन, उसलाई पुलिसले लग्यो कि क्या हो ! के भएको रहेछ बुझेर आइज्, छोरा !' आमाले मलाई अराएपछि म तुरुन्तै शिवबस्ती पुग्ने गर्थें ।

शिव दाइ र मेरा ठूल्दाजुको खुबै मिल्ती थियो । हाम्रो घरबारीमा फलफूलका बोटबिरुवा रोप्न उनीहरूको पनि सल्लाह थियो । अनि शिव दाइको सल्लाह, सहयोग र निर्देशनमा हाम्रो घरको बारीमा हामीले बरबगैँचा पनि लगाएका थियौँ । हाम्रो नौ बिघा जमिनमध्ये एक बिघाजति भिटामा हामीले फलफूल मात्र लगाएका थियौँ । त्यति बेला सालबारीमा सबैभन्दा राम्रो फलफूलको बगैँचा शिव दाइको नै थियो र दोस्रो नम्बरमा हाम्रै बगैँचा गनिन्थ्यो । हाम्रा बारीमा बढेका लिची, आँप, कटहर, केरा, मेवा, नरिवल, सुपारीले हाम्रो घरलाई घेरेको देखिन्थ्यो । त्यति बेला हाम्रा बगैँचामा हरदिन एकदुई घरी केरा पाकेकै हुन्थे । त्यतिखेर हाम्रा बारीमा केराका बोट मात्र दुई सयजति थिए भने पन्ध्र सयवटा सुपारीका बोट थिए । हाम्रा बारीमा सिम्रिकदेखि पानसम्मका लहराले हाम्रो बगैँचा थप लोभिलो देखिन्थ्यो । मूलबाटो या केही परबाट देख्ता हाम्रो बगैँचा लघु जङ्गलजस्तै देखिन्थ्यो । अनि बगैँचाको माझमा हाम्रो आधुनिक शैलीको मधेसी घर र छेउमै अर्को सानो भान्साघर पनि थियो । अनि मेरी आमाले ती सबै निर्माणको श्रेय शिव दाइलाई नै दिने गर्थिन् ।

••

मेरी आमा भागीरथा प्रसाई राजनीतिमा पनि चासो राख्ने नारी थिइन् । शिव दाइलाई उनी राज्य सत्तामा गएको हेर्न नै चाहन्थिन् । त्यसैले उनी घरीघरी शिव दाइबारे बेलिविस्तार लगाउन पनि छाड्दैन थिइन् । त्यसै परिवेशमा मेरी आमाले इन्दिरा प्रसाईद्वारा लिखित 'मेरी सासू' (भागीरथा प्रसाईको आकृति : २०६५) नामक कृतिमा शिव दाइबारे पनि आफ्नो मन खोलेकी थिइन्–

'मेरी दिदीका छोरा शिवप्रसाद शिवाकोटीको पनि सालबारीमा घरजग्गा थियो । उनीहरूको जग्गा धेरै थियो । शिवको घर पनि सालबारीको सबैभन्दा राम्रो घरमा दरिन्थ्यो । त्यस घरमा फलफूलका

बोटहरू पनि धूमधाम थिए । मधेशमा पाउन सकिने सबै फलफूल शिवप्रसादका बारीमा पाइन्थ्यो । उनीहरूको घरचाहिँ राजमार्गतिर भएकाले त्यहाँ जानआउन झन्नै आधा घण्टाभन्दा बढी नै लाग्थ्यो । त्यसैले त्यतातिर जान म प्राय: भ्याउँदिनथेँ । अनि मलाई भेट्न प्राय: हरेक दिन शिवप्रसाद नै हाम्रो घर आउँथ्यो । सालबारीको बसाइँका क्रमको सुरुसुरुमा शिवले मलाई निकै सहयोग गरेको हो । सालबारीमा उसले मलाई निस्तो भात खान कहिल्यै दिएन । मेरा दुहुना गाईभैँसी थाक्नेबित्तिकै उसैले ल्याएर दुहुना बाँधिदिन्थ्यो । कठैबरी ! कम्युनिस्ट भएर निकै दुक्ख पायो त्यसले । शिवप्रसादलाई घोडा बनाएर निकै मानिस ठूला नेता भए । मेरो जेठो छोरो विष्णुभक्त र शिवप्रसाद खुबै मिल्थे । मेरो जेठो छोराले झापाका कम्युनिस्टलाई संरक्षण दिने गर्थ्यो । त्यसैले शिवप्रसाद शिवाकोटीहरूको बास पनि मेरो जेठो छोराको घरमा हुने गर्थ्यो । शिवप्रसाद शिवाकोटी न्यायवादी पनि थियो । उसले कसैलाई अन्याय पनि गरेन । कसैलाई अन्याय पऱ्यो भने उसले जुलुस उठाइहाल्थ्यो । झापामा शिवप्रसाद शिवाकोटी भनेपछि शोषकहरूको सातो जान्थ्यो । तर नेपालमा बहुदल आएपछि मैनालीहरू पनि मन्त्री भए तर सबैले गुरु मानेको शिवप्रसादले पछिसम्म पनि नेपाल पस्न पाएको थिएन । त्यस्तो महान् मान्छे भने कुनै पद नपाई मऱ्यो । मेरी दिदीको छोरो शिवप्रसाद शिवाकोटी र बहिनीको छोरो रामनाथ दाहाल भनेका झापा जिल्लामा नै गनिएका राजनीतिक मान्छे थिए । रामनाथलाई पनि सुखानीको जङ्गलमा लगेर पुलिसले गोली हाने ।'

•

म शनिश्चरे हाईस्कुलमा आठ कक्षामा पढेताकको कुरा हो– प्रशासनले धेरै दुक्ख दिन थालेपछि शिव दाइ भारत पसे । अनि म पनि नौ कक्षा पढ्न मेरी आमाबाट काठमाडौँतिर पठाइएँ । त्यसपछि सुखानी घटनाले झापा विद्रोह लाखापाखा लागेको थियो ।

## शिवप्रसाद शिवाकोटीबाट झापा विद्रोहको नेतृत्व

शिव दाइ र मोहनचन्द्र अधिकारी नभएका भए सायद झापा विद्रोहको नापनक्सा कोरिँदैनथ्यो । अधिकारीचाहिँ झापा विद्रोहका योजनाकार पनि थिए । त्यतिखेर शिव दाइका नेतृत्वमा हामी राजतन्त्रको विरोधमा उर्लिएका थियौँ । हाम्रो जोस, जाँगर र उत्साहले सालबारी भन्ने गाउँ बेग्लै मुलुक थियो कि भन्ने भान हुन्थ्यो । शिव दाइको तालिमका कारण हाम्रो एउटा हातमा रेडबुक र अर्का हातमा हाम्रै उचाइको डन्डी हुन्थ्यो । त्यस ठाउँमा प्रहरी आउँदा पनि बलियो मुटु बनाएर आउनुपर्थ्यो । त्यसैले त्यस गाउँमा प्राय: पुलिसको मुख देख्न पाइँदैनथ्यो । झापा विद्रोहको नेतृत्व गर्ने पङ्क्तिमा शिव दाइ नै प्रमुख थिए । वास्तवमा हातहतिहारबाट क्रान्ति गर्ने सोच उनैले जन्माएका थिए । त्यतिखेर म पनि प्राय: खुकुरी भिरेर हिँड्थेँ ।

झापा विद्रोहको श्रीगणेश एक हल गोरुले गरेको थियो । अथवा भनौँ, विद्रोहको निहुँ नै अम्बरबहादुर पौडेलले जोतेका गोरु थिए । कुरा के हो भने– पौडेल सालबारीका बासिन्दा थिए । उनले विचारी तुलसीप्रसाद श्रेष्ठको जग्गा जोतेका थिए । भनौँ, उनी विचारीका मोही थिए । उनले विचारी तुलसीप्रसादबाटै 'पाना'मा गोरु लिएका थिए । सालको पाँच मन धान तिर्ने सर्तमा उनले विचारीको एक हल गोरु राखेका थिए । साथै उनले दुई वर्षअघिदेखि नै विचारीको पाना गोरु जोतेका थिए । अनि ती गोरु नारेको दुई वर्षसम्म पनि उनले पाना तिरेका रहेनछन् । त्यसैले श्रेष्ठले पनि पौडेलसँग गोरु फिर्ता गर्न या

पाँच मन धान तिराउन पौडेलका घरमा प्रशासनलाई अनुरोध गरी पुलिस पठाएका थिए ।

२०२७ साल मङ्सिरको अन्त्यतिरको घटना हो– अम्बरबहादुर पौडेलका घरमा बिहानै पुलिस पुगेका थिए । त्यसपछि गाउँमा हाहाकार मच्चिन थालेको थियो । अनि हाम्रै सुराकीबाट त्यो बेहोरा शिव दाइका कानमा पनि पुऱ्याइएको थियो । त्यसपछि शिव दाइका निर्देशनमा उनका साला खड्ग दाहाल र म दौडिँदै पौडेलका घरमा पुगेका थियौँ । हामी पुग्नुअघि पुलिसले पौडेललाई हप्काइदप्काइ गरिरहेका थिए । प्रहरी भेटेपछि म उनीहरूसँग रन्केर बोलेको थिएँ । त्यहाँ प्रहरी र हामीमाझ भनाभन र सामान्य झपड नै भएको थियो । त्यतिखेर हामीले आफ्नो गच्छेअनुसारको जनताको हितको तर्क पनि प्रहरीसमक्ष पेस गरेका थियौँ । त्यसै बखत त्यस घरमा छिमेकीहरूको पनि भेला हुने क्रम थियो । साथै खड्ग र मैले प्रहरीसमक्ष गरिब जनताका कुरा पनि राख्तै गइरहेकै थियौँ । त्यति बेला मैले पुलिसहरूलाई भनेको थिएँ– 'तिमीहरू पनि कसैको हलो जोत्न र खेतबारीमा डल्ला फोर्न नसकेर त पुलिस भयौ । त्यसैले गोरु जोत्ने जनताको पनि माया गर्ने गर न !' पुलिसले हाम्रा कुरा राम्ररी सुनेजस्तो मलाई लागेन । अनि म फेरि जोडले कड्केको थिएँ– 'तिमीहरूसँग हाम्रो जनता पठाउने हो भने हामी यहाँ किन आउँथ्यौ ? अम्बर हाम्रा किसान हुन्, उनलाई लान हामी दिँदैनौँ, तिमीहरू फर्केर आफ्नो बाटो जाओ ।' वास्तवमा त्यति बेला मलाई पुलिससँग त्यति डर पनि लाग्दैन थियो । किनभने प्रहरी जवान पुण्य गिरी शनिश्चरे चौकीमा राजीनामा बुझाएर केही महिनाअघिदेखि हाम्रा घरको हलीमा बसेका थिए । त्यसैले मलाई पुलिससँग कड्किन पनि आउँथ्यो । पुलिसहरू नहल्लेको देखेपछि पुलिसका हात झड्काडेर फेरि पनि म बेजोडले कराएँ । अनि चाहिँ ती दुवै जना प्रहरी त्यहाँबाट रित्तै हिँडेका थिए । वास्तवमा उनीहरू हामीसँग डराएरै आफ्नो बाटो लागेका थिए । त्यस घटनापछि खड्ग र म शिव दाइ र गाउँलेको धन्यवादको पात्र भएका थियौँ । त्यसै बेला

शिव दाइले मलाई भनेका थिए– 'तिमीले पुलिसको सातो लिएछौ । यस घटनालाई मामुली नसम्झ है, भाइ ! साँझबिहान सतर्कै भएर हिँड । यो घटना चकमकको झिल्को हो भन्ने मलाई लागेको छ ।' त्यस दिनको त्यो झिल्को डँडेलोमा परिणत हुने सम्भावनाको सङ्केत मलाई शिव दाइले त्यसै बेला दिएका थिए ।

पुलिसलाई हामीले खाली हात पठाएको घटनाले सालबारी हल्लिएको रहेछ । अनि शिव दाइका कुरा पनि छिटोभन्दा छिटो साँचोमा रूपान्तर भइसकेको थियो । भनौँ, हामीले घोटेको चकमकको झिल्कोले पुलिसचौकीलाई पनि पोलेको रहेछ । किनभने हामीले पुलिस लखेटेको पर्सिपल्ट अम्बरबहादुर पौडेललाई समाउन सालबारीमा पाँच जना पुलिस आएका थिए ।

त्यतिखेर प्रहरीले पौडेललाई समाएर लाँदै थिए । उनीहरू सालबारी स्कुलमा पुगेपछि शिव दाइसँगै हामी पनि त्यहीँ पुगेका थियौँ । शिव दाइले पौडेललाई छाड्न प्रहरीसमक्ष दबाब दिएका थिए । अनि त्यतिखेर पुलिसहरू पनि कड्किन थालेका थिए । नटेरेजस्तो गरी पुलिसले पौडेललाई तान्दै अगाडि बढ्न थालेका थिए । अनि त्यसै बेला शिव दाइ जोसिलो पारामा प्रहरीसमक्ष बोलेका थिए– 'हाम्रो जनता छोडेर जान्छौ या तिमीहरू यतै बस्छौ ? यी दुइटा कुरामा एउटा उत्तर देऊ ।' शिव दाइका कुरा सुनेपछि प्रहरीहरू पनि चम्के– 'धम्क्याउने र तर्साउने काम नगर्नुहोस् ।' अनि फेरि उनीहरू पौडेललाई तान्दै अघि बढिरहेका थिए । शिव दाइले यो मेरो जनता हो, लान दिन्न भनेर पौडेललाई आफैँछेउ तानेका थिए । त्यतिखेर म पनि ती पुलिसको विरोधमा चिच्च्याएको थिएँ । अनि फेरि त्यहाँ पुलिस र शिव दाइको तानातानको खेल हुन थालेको थियो । त्यसपछि शिव दाइले पुलिसको कठालो नै समाएका थिए । त्यतिखेर पुलिसका लुगा च्यातिए, ब्याज भुइँमा झरे अनि शिव दाइका पनि लुगा च्यातिए । त्यतिखेर हामीमाझ डम्बरबहादुर बानियाँ

नाउँका एक जना दोहोरो शरीर परेका बलियाबाङ्गा किसान पनि थिए । अनि उनीचाहिँ हाम्रा मोही पनि थिए । सालबारीमा उनको अर्को परिचय पनि थियो; भनौँ, उनी शिव दाइका दायाँ हात थिए । त्यतिखेरको झगडामा उनले लगाएका पनि लुगा च्यातिएका थिए । अनि त्यतिन्जेलमा सालबारीका केही जनता भेला भइसकेका थिए । त्यसपछि अम्बरबहादुर पौडेललाई छोडेर पुलिसहरू त्यहाँबाट भागिसकेका थिए । झापा विद्रोहको यो दोस्रो झिल्को थियो ।

पुलिसको लुगा च्यातेको घटना डर मर्दैको थियो । त्यस घटनाबाट हामी सबै डराइरहेका थियौँ । अनि स्कुलप्राङ्गणमा त्यो घटना घटेपछि शिव दाइ हाम्रा घरमा पसेका थिए । किनभने उनका घरमा जानुअघि बाटैमा हाम्रो घर पर्थ्यो । त्यतिन्जेलसम्ममा मेरी आमालाई स्कुलमा शिव दाइको पुलिससँगको झगडा थाहा भइसकेको थियो । शिव दाइ हाम्रो घरमा पुग्नेबित्तिकै मेरी आमा बोलेकी थिइन्– 'किन यसरी जुद्धे गरेको छोरा ! अब पुलिसले हामीलाई टिकी खान दिँदैनन् !' अनि उत्तरका क्रममा शिव दाइले मेरी आमासमक्ष भनेका थिए– 'सानीमा ! अब म केही दिन यता हुन्न; मलाई नखोज्नू ।' शिव दाइका कुरा सुनेर मेरी आमा त्यहीँ रुन थालेकी थिइन् ।

भोलिपल्ट मध्याह्न सालबारीकै घुरन बस्तीबाट बच्चा मरेको खबर आयो । त्यस बच्चालाई गाड्न सरेडाँगीतिरको जङ्गलमा लाने कुरा भयो । शिव दाइ पनि त्यस बच्चाको मलामी गएका थिए । बच्चाको संस्कार सकेपछि सबैलाई 'लालसलाम' भनेर उनी चारआलीतिर लागेका थिए । अनि उनीसँग सालबारीसितको उज्यालोमा हुने प्रत्यक्ष सम्पर्क त्यसै दिन समाप्त भएको थियो । तर रातिरातिचाहिँ उनी प्राय: सालबारीतिर पनि आइरहने गर्थे ।

शिव दाइले 'लालसलाम' भनेको भोलिपल्ट शिव दाइलाई खोज्न सालबारीमा प्रहरीहरूको ओहोरदोहोर भइरहेको थियो । साथै

शिव दाइका घरमा पनि प्रहरीहरू टन्नै बसेका थिए । भाउजू कृष्णा शिवाकोटीसँग प्रहरीले अनेक केरकार गर्न थालेका थिए । भाउजूले शिव दाइ कहाँ छन् भन्ने विषयमा आफू अनभिज्ञ भएको जानकारी प्रहरीसमक्ष दिएकी थिइन् । त्यसपछि उनीहरूले भाउजूलाई 'हामी खसी काटेर खान आएका हौँ, खसी निकाल्' भनेका थिए । अनि भाउजूले उनीहरूलाई जबाफ फर्काएकी थिइन्– 'ऊ त्यो सुतेको कुकुर काटेर खाओ । तिमीहरूले खाने खसी त्यही नै हो !'

कृष्णा भाउजूको तीतो जबाफ पाएर पनि पुलिसहरू हाँसीमजा गर्दै शिव दाइका आँगनमा बसिरहेका थिए । साँझ परेपछि म घर फर्कें । भोलिपल्ट बिहानै म शिव दाइका घरमा पुगेँ । त्यतिखेर मैले त्यहाँ फेरि उति नै प्रहरी देखेँ । उनीहरूले मसँग शिव दाइकै प्रसङ्गमा केरकार गर्न थाले । मैले 'मेरी ठूलीआमाको घरमा खान आएको' भनेर म तर्केको थिएँ ।

डम्बरबहादुर डाँगी, अम्बरबहादुर पौडेल र आफूलाई पुलिसप्रशासनले पक्रने शिव दाइले सङ्केत पाइसकेका थिए । त्यसैले उनीहरू तीनै जना हठात् रूपमा नै भारतको पश्चिम बङ्गालको नक्सलबारीतिर पुगेका थिए । त्यति बेला उनीहरू दिउँसो नक्सलमा नै बस्थे र रात परेपछि नेपाल आउने गर्थे ।

शिव दाइले औपचारिक रूपमा घर छाडे । घर छाडेर बेघर पुगेपछि शिव दाइहरूले झापामा विद्रोह मच्चाउने योजना बनाए । त्यस योजनामा रामनाथ दाहालको पनि सल्लाह थियो । सामन्तको भौतिक चोलामाथि प्रहार गर्न शिव दाइको योजनामा धेरै क्रान्तिकारीहरूले समर्थन गरेका थिए । शिव दाइ दिउँसोदिउँसो मेचीपारि भारतको पानीटचाङ्की, नक्सल र सिलिगुडी बस्ने र रातिराति सङ्गठन विस्तार गर्न झापा आउने क्रम भइरह्यो । त्यतिन्जेलमा उनले झापामा निकै ठूलो किसान सङ्गठन बनाइसकेका थिए । त्यसै बेला शिव दाइले दधिराम उप्रेती र खड्ग दाहाललाई

लडाकू दस्तामा भर्ना गरेका थिए । उनीहरू शिव दाइका सबैभन्दा ठूला विश्वासपात्र थिए । उनीहरूमध्ये उप्रेती शिव दाइका मामाका छोरा र दाहाल साला थिए । त्यतिखेर उनीहरू दुवै शिवगृहमा नै बस्थे । सालबारीमा बसाइँ सरेपछि मैले पनि आफूलाई शिव दाइको योजनामा समाहित गरेको थिएँ ।

शिव दाइले चिनियाँ सांस्कृतिक क्रान्तिको समर्थन गरेर अघि बढेको सन्दर्भ कम्युनिस्टहरूका लागि प्रेरक थियो । त्यसैले पछि, पछि र पछिसम्म पनि मोहनचन्द्र अधिकारीले शिव दाइलाई 'झापा विद्रोहका कमान्डर' भनिरहे । कम्युनिस्टको चरण छुट्ट्याउनुपर्दा रामनाथ दाइ सैद्धान्तिक कम्युनिस्ट थिए, यूके दाइ बौद्धिक कम्युनिस्ट थिए र शिव दाइ व्यावहारिक कम्युनिस्ट थिए । शिव दाइको नीति नै बुर्जुवालाई छप्काउनुपर्छ भन्ने थियो । उनकै नीतिको अडानबाट नै झापा विद्रोहको आरम्भ भएको थियो ।

अम्बरबहादुर पौडेल, शिव दाइका अति नै आज्ञाकारी थिए । शिव दाइ उनका आदर्श व्यक्ति थिए । उनीझैँ भीष्म धिमाल, खड्ग मगर, अमृत कुमाल, जगत कुमाल, मसला धिमाल, मङ्गलसिंह सतार आदि पनि शिव दाइका विश्वासिला कार्यकर्ता थिए । साथै मङ्गलसिंह सुनुवार, ज्ञानबहादुर कार्की, डम्बरबहादुर बानियाँ, हरिभक्त गिरी, हर्क खड्का, षडानन्द वाग्ले आदि पनि शिव दाइसँगै भूमिगत रूपमा नै काम गर्थे । यी सबै जना प्राय: शिव दाइकै घरमा भेला हुन्थे । उनीहरू सबैले शिव दाइकै सल्लाहमा काम गर्थे ।

२०१९ देखि २०२७ सालसम्म रामनाथ दाइको घर झापा क्रान्तिकारीको केन्द्रीय कार्यालय थियो । त्यतिखेर मोहनचन्द्र अधिकारी, शिवप्रसाद शिवाकोटी, राधाकृष्ण मैनालीको रासोबासो नै त्यही घरमा थियो । त्यस घरको भान्सामा रातोदिन आगो बल्थ्यो । रामनाथ दाइलाई जनसम्पर्क र खुवाउने खुबै सोख थियो । त्यसैले त्यो घर

धर्मशाला हो या होटेल हो भनेर अरूहरूले थाहा पाउँदैन थिए । त्यति मात्रै होइन, रामनाथ दाइका घरमा प्राय: सांस्कृतिक कार्यक्रम पनि भइरहने गर्थ्यो । रामनाथ दाइ नाच्न, गाउन, बजाउन जे कुरामा पनि पारङ्गत थिए ।

सुरुमा झापा क्रान्तिकारीको कार्यालय रामनाथ दाइका घरमा सञ्चालन हुन्थ्यो भने २०२७ सालदेखि सालबारीको शिव दाइका घरबाट झापा विद्रोहको कार्यालय सञ्चालन हुन थालेको थियो । अथवा भनौं, शिवगृह झापा सङ्घर्षको अर्को प्रमुख कार्यालयमा रूपान्तरित भएको थियो ।

शिव दाइका घरमा रामनाथ, राधाकृष्ण, चन्द्रप्रकाश, मोहनचन्द्र, यूके, नेत्र घिमिरे, नारद भारद्वाज आदि विद्रोहीको उपस्थिति देखिन्थ्यो । त्यस बेलाको त्यो रौनकबारे शिव दाइका पुराना सहकर्मी राधाकृष्ण दाइले सधैं भनिरहे– 'शिवप्रसाद शिवाकोटीको घर हाम्रो अड्डा थियो । झापामा किसानका लागि उभिने एक मात्र नेता कोही थिए भने ती शिवप्रसाद नै थिए । उनी झापा विद्रोहका नायक नै थिए ।' त्यसै गरेर चन्द्रप्रकाश मैनालीले पनि भन्ने गरेका थिए– 'शिव दाइ भन्नु झापा विद्रोहका जगढुङ्गा थिए । सालबारी भन्नु किसान आन्दोलनको प्रमुख केन्द्र नै थियो ।'

••

सालबारीबाट साइकल चढेर म शनिश्चरे हाईस्कुलमा पढ्न जान्थेँ । म आठ कक्षा पढ्दै भएको बेला पुलिसले प्राय: मलाई भेटेर खेरिरहने गर्थे । त्यतिन्जेलसम्ममा स्थानीय सामन्तीलाई छिनाउने भन्ने शिव दाइबाट जारी मौखिक परिपत्र मेरा कानमा पनि घुसिसकेको थियो । त्यसपछि मेरो मनमा अनेक द्वन्द्वले मलाई भरङ्गै पार्न थालेको थियो । पुलिसको हप्काइदप्काइ एकातिर छँदै थियो । स्कुलछेउमा पनि पुलिसले हेर्दा मलाई नै पक्रिन हेरेको हो कि

भनेजस्तै मलाई भान हुन्थ्यो । मभित्र घट्न थालेका ती सबै बेहोरा मैले मेरी आमालाई बताउन थालेँ । आमाले पनि घरमा दिनरातैजसो मेरो बास हुन छाडेका कारण 'पुलिसले तँलाई फुन्डचाउँछन् छोरा ! बुद्धि पुऱ्याएर पाइला सार' भन्ने गर्थिन् ।

मेरी आमा, ठूल्दाजु विष्णुभक्त प्रसाई र दिदी नीरा सिटौला भएर मेराबारे छलफल गर्न थालेको मैले थाहा पाउँदै जान थालेँ । उनीहरू तीनै जनाको एक स्वरका कारण मैले झापा जिल्ला छाड्नुपर्ने अवस्था आएको थियो । त्यतिखेरसम्ममा मैले आठ कक्षा पढिसकेको थिएँ । एकातिर पुलिसको छापा, अर्कातिर विद्रोहइतर मान्छेको मप्रतिको दृष्टिकोण र शिव दाइको मान्छे छिनाउने कामको मन्त्रको आन्तरिक योजना मेरो मनले धान्नै सकेको थिएन । त्यसैले मेरी आमा भागीरथा प्रसाई र दिदी नीरा सिटौलाको आशीर्वाद थापेर २०२८ माघ ६ गते मेरा भिनाजु नीलकृष्ण सिटौलाको साथमा म भद्रपुरको हवाईमैदान पुगेको थिएँ । डकोटा विमान चढेर म त्यसै दिन काठमाडौँतिर हान्निएको थिएँ ।

# शिवप्रसाद शिवाकोटीको आग्रह छाड्दा बुटन चौधरीको हत्या

शिवप्रसाद शिवाकोटी र बुटन चौधरी एउटै वडाका बासिन्दा थिए । त्यसैले उनीहरूको प्राय: सम्पर्क भइ नै रहन्थ्यो । कहिले बुटन चौधरी शिवप्रसादका घर जान्थे त कहिले शिवप्रसाद बुटन चौधरीका घर आउँथे । शिवप्रसाद बुटनलाई दाइ भन्थे र बुटनले शिवप्रसादलाई भाइ भन्थे । वास्तवमा उनीहरू एकअर्कालाई कदर गर्न पनि जान्दथे । बुटन वडाअध्यक्ष र शिवप्रसाद किसान जागरणका नेता हुनुको तात्पर्यले उनीहरूमाझ छलफल पनि भइरहने गर्थ्यो । वास्तवमा शिवप्रसादचाहिँ अन्यायको विरोधमा लडिरहन्थे । त्यसैले स्थानीय सोझासाझाहरू शिवप्रसादले नै निसाफ दिन्छन् भनेर उनका छेउ पुगेर आफ्नो मन पनि खोल्ने गर्थे ।

२०२८ सालको कुरा हो– त्यस बेला सिफल सतारले शिवप्रसादलाई भनेका थिए– 'म मर्छु होला । त्यसपछि मेरो जग्गा अरूले नै खान्छन् होला । तपाईंबाट मेरो जग्गाजमिन बच्छ भन्ने मैले आशा गरेको छु ।' शिवप्रसादसँग रोएको एक महिना नपुग्दै साठी वर्षीय सिफल दिवङ्गत भएका थिए । त्यसपछि शिवप्रसाद सिफलको जग्गाको संरक्षणमा पनि लागेका थिए ।

सिफलको निधन भएपछि उनका बाह्र बिघामा रोपिएको धान पाक्न थाल्यो । अनि भगवान् गिरीको नेतृत्वमा गिरीको चिया बगानका मजदुर आई धान काटेर गिरीका खमारमा पुऱ्याएका थिए । त्यो डरलाग्दो लुटपाटले शिवप्रसादहरू चिन्तित भएका थिए । त्यसपछि उनीहरूले पनि योजना बनाए र किसानहरू भेला पारेर सिफलका खेतमा असारमा धान रोपिएको थियो । अनि धान पाक्न थालेको मात्र थियो, किसानहरूले सतारको धान माडेर बुटन चौधरीको संरक्षण भएको धर्म भकारीमा थुपारेका थिए । पछि जाली, फटाहाहरूले अर्काको धान फलानाहरूले लुटे भनेर आरोप लगाउँछन् भन्ने डरले सम्पूर्ण धानको हिसाबकिताप गरेरै बुटनकै संरक्षणमा शिवप्रसादहरूले धान राखेका थिए । तर केही दिन नबित्दै त्यो सबै धान बुटनले धर्म भकारीबाट निकाल्न लगाई गिरीलाई नै सुम्पेका थिए । त्यति मात्र होइन सिफलकी पत्नी रानी सतार्नीलाई समेत ललाइफकाई गरेर बाह्र बिघा खेत गिरीबन्धुकै हातमा पुगेको थियो । यस मामलामा पनि बुटनकै हात थियो भन्ने आरोप पनि लगाइयो । साथै रानीको बाह्रै बिघा खेत गिरीकै चिया बगानमा रूपान्तरित पनि भयो । आफ्नो घरजग्गा पूरै गुमेपछि रानी सतार्नी र उनका छोराछोरीले अरूहरूकै मजदुरी गरेर ज्यान पाल्ने गरेको बेहोरा दधिराम उप्रेतीले म (नरेन्द्रराज प्रसाई) लाई बताएका थिए । हुनेखाने रानी सतार्नी सुकुमबासी भएपछि बुटन चौधरी स्थानीय किसानहरूका ठूलै आँखी भएका थिए ।

स्थानीय विचारी पुण्यप्रसाद कोइरालाका कारण जोडिनाले पनि बुटन चौधरी किसानहरूका लागि खराब तत्त्वमा देखिएका थिए । विचारी भन्नु पहिला अदालतमा काम गर्थे । उनी लेखापढीको काममा पारङ्गत थिए ।  त्यही पेसाबाट उनी गरिबलाई जालझेल र अनेक प्रपञ्च गरेर कज्याउन सिपालु थिए । त्यसैले झापामा उनी जाली फटाहा विचारी कोइराला भनेर प्रसिद्ध पनि थिए । तर उनका

सहोदर भाइ ढुण्डिराज कोइराला भने मिलनसार र सरल मान्छेका रूपमा परिचित थिए ।

झापामा बुटन चौधरीले काटिनुपर्ने कारकमध्ये विचारी पुण्यप्रसाद कोइराला पनि एक जना थिए । कोइराला र चौधरी खुबै मिल्थे । बुटनको सोझोपनाको कोइरालाले एक सय प्रतिशत फाइदा उठाएका थिए । धर्म भकारीमा भएको धान पनि बुटनलाई फकाएर कोइरालले सापट लिएर जान्थे । अनि उनले त्यही धान महँगो भाउमा किसानलाई बेच्ने गर्थे साथै उनले समयमा धर्म भकारीमा आफूले लिएको धान सापट बुझाउन आलटाल गरिरहने गर्थे । त्यही कारणले स्थानीय किसानहरू बुटनसँग क्रुद्ध थिए । त्यसै प्रसङ्गमा शिवप्रसाद शिवाकोटीले बुटन चौधरीलाई बराबर भन्ने गर्थे– 'तपाईं वडाको सम्पत्ति विचारीको भकारीमा नपुऱ्याउनुहोस् । तर जति सम्झाए तापनि बुटनचाहिँ विचारीको कब्जाबाट उम्कन सक्तैन थिए । बुटन काटिनु धेरै पहिलादेखि नै शिवप्रसादले उनलाई बराबर भन्ने गर्थे– 'बुटन दाइ ! विचारी कोइरालादेखि गिरीहरूसम्मको सङ्गत छाड्नु भएन भने तपाईंलाई धेरै अप्ठचारो पर्न पनि सक्छ है !' तर बुटनले शिवप्रसादको सल्लाहमा कहिले ध्यान पुऱ्याएका थिएनन् ।

२०२९ वैशाख २८ गतेको कुरा हो– शिव दाइकै निर्देशनमा हाम्रो छिमेकी अथवा सालबारीकै बुटन चौधरीको भौतिक चोला समाप्त पारेको समाचार मैले काठमाडौंमा नै सुनेको थिएँ । चौधरी शनिश्चरे गाउँ पञ्चायत वार्ड नम्बर ६ का वडाअध्यक्ष थिए । किसानउपर अन्याय गरेको, रानी सतार्नीको बिजोग हुनुमा सहभागिता जनाएको र सामुदायिक सम्पत्तिको दुरुपयोग गरेको अभियोगमा उनको भौतिक चोला समाप्त पारिएको थियो ।

मेरो प्यारो भूमिमा बुटन चौधरीको हत्या भयो । त्यस घटनाले झापाको आकाशै डरले थरथर कामेको थियो । अनि त्यसै बेला मेरी आमाले मलाई एउटा चिठी लेखेकी थिइन्–

'मेरो प्यारो छोरा नरेन्द्रराज प्रसाई
तँलाई शुभाशिष् छ; बाबू !'

तँलाई बिदा गरेपछि मैले यता निरासिलो जीवन बिताइरहेकी छु । तँ यहाँ थिइस् र मसँगै सबै थोक थियो । तँ हिँडेपछि म शून्य भएकी छु, रित्तो भएकी छु ।

बुटन चौधरीलाई अस्ति वैशाख २८ गते काटेर मारेछन् । अहिले सालबारी कोकोहोलोमा छ । यता सबैतिर डर र रुवावासी छ । तँ धन्न हिँडिछस्; मेरो छोरा ! यदि तँ पनि यतै भएको भए तँलाई पनि थुन्थे । तेरो साथी खड्ग दाहाललाई पनि जेलमा हुलिसकेका छन् भन्ने सुनेँ । उसलाई पनि जेलमा कुवाउँछन् क्यारे ! शिवप्रसादको खुट्पत्तो छैन । यदि तँ यहाँ भएको भए तँलाई रूखका टुप्पामा झुन्ड्याएर गोली हान्थे होला । तँ बेलैमा काठमाडौँ गइस् र बाँचिस्; बाबै ! यता जे हुनु भयो, भइ नै सक्यो । तँचाहिँ घर नसम्झी राम्ररी पढ् है बाबू; मेरो छोरा !

तँलाई माया गर्ने तेरी दु:खी आमा
(भागीरथा प्रसाई)'

मेरी आमा निरक्षर थिइन् । तर उनी मलाई चिठी लेखी पठाइरहन्थिन् । मेरो भाइ हरि रानामगरका अक्षरमा मैले मेरी आमाको यो चिठी पाएको थिएँ । त्यतिखेर रानामगर ६ कक्षामा पढ्थे र अहिले उनी झापाको अर्जुनधारा नगरपालिकाका प्रमुख (मेयर) भएका छन् । त्यतिखेर हरि भाइले नै प्राय: मेरी आमाको चिठी लेखिदिने गर्थे ।

त्यतिखेर म पद्मोदय हाईस्कुलमा पढ्थेँ । नौ कक्षाको परीक्षा दिएपछिको स्कुल छुट्टीमा म झापा गएँ । बुटन चौधरीको हत्याको अभियोगमा मेरा साथी खड्ग दाहाल पनि जेल परिसकेका रहेछन् । उनलाई भेट्न म चन्द्रगढी जाने क्रममा थिएँ । त्यतिखेर मेरी आमाले

मलाई भनेकी थिइन्– 'छोरा ! तैँले त्यहाँ केही पनि नबोल्नु, भेटेर मात्र आउनु ।' अनि म सरासर जेलमा गएँ । जेलको दैलाछेउमा एकछिन कुरेपछि खड्ग दाहाल म भएठाउँमा आए । त्यस घडी हामी दुवै जना रोएका थियौँ । त्यतिखेर उनले मलाई भनेका थिए– 'पुलिसले कुटेर मेरा त घुँडाका पाङ्ग्रा पनि तल सारिदिएका छन् ।' त्यस घडी खड्गको कुरा सुनेर म एकाएक झोक्राएको थिएँ । वास्तवमा म काठमाडौँ आउन चार महिना मात्र ढिलो भएको भए मेरो हालत पनि खड्गको जस्तो नै हुने रहेछ भनेर मेरा मनमा कुरा खेल्न थालेको थियो । त्यसै बेला मैले सोही काण्डमा जेल बसेका दधिराम उप्रेतीलाई पनि भेटेको थिएँ । ती दुई भाइको त्यस्तो अवस्थाको दृश्य हेरेर म भित्रभित्रै धेरै दुखेको थिएँ । वास्तवमा त्यो दिन मेरो मन बेजोडले रोएको थियो ।

बुटन चौधरीको हत्याले पूर्वी नेपाल नै आतङ्कित भएको थियो । त्यसपछि घरघरमा शिवप्रसाद शिवाकोटीको नाउँ छ्यापछ्यापती भएको थियो । त्यस घटनापछि खास गरेर धनीमानी र किसानमाराहरू दुलोदुलोमा पस्न थालिसकेका थिए । त्यसअघि झापाका हुनेखानेका घरहरूमा पनि बार्दली खुला नै हुन्थ्यो । त्यस घटनाले प्रायः प्रत्येकका घरका बार्दली छडले घेरिन थालेका थिए । किनभने रात परेपछि विद्रोहीको सिकार हुने तिनीहरूमा डर थियो । साथै त्यसपछि हुनेखानेहरूको शौचालय पनि घरभित्रै बन्न थालेको थियो ।

••

बुटन चौधरीको हत्याले झापामा मात्र होइन देशैभरि कोहोलो मच्चिएको थियो । त्यस बेला सञ्चारको साधन न्यून भए तापनि त्यस घटनाले नेपालभरि झ्याली पिटेको थियो । अनि त्यस्तो घटना घटाउने झापा विद्रोह थियो भने बुटन चौधरी अनाहक मारिएका

थिए । उनको हत्या भएपछि विद्रोहीमध्ये धेरैले पश्चात्ताप पनि गरेका थिए । त्यस हत्याकाण्डपछि शिवप्रसाद शिवाकोटीको टाउको खोजिएको बेहोराले झापा छ्यापछ्यापती भएको थियो । त्यस हत्या काण्डमा सीपी मैनाली, राधाकृष्ण मैनाली, खड्गप्रसाद शर्मा वली मङ्गलमर्दी सतार, मसला धिमाल, भूसा धिमाल, दधिराम उप्रेती, खड्गप्रसाद दाहाल, छविलाल राजवंशी, भोगेन राजवंशी, हर्कबहादुर खड्का, टङ्कप्रसाद घिमिरे, खड्गबहादुर मगर, जगतबहादुर कुमाल, अमृतबहादुर कुमाल, रामदेव चौधरी, शेरबहादुर निरौला, ज्ञानबहादुर कार्की, गङ्गाप्रसाद भारती, हरि मैनाली, अमरबहादुर गिरी, तुलसी सिलवाल र शेरबहादुर श्रेष्ठ, देगनाथ दङ्गाल, कालीबहादुर बन र हरिभक्त गिरीलाई दण्ड दिने फैसला भएको थियो ।

**बुटन चौधरीको जीवनीको सार**

बुटन चौधरीको आवरण पञ्च थियो तर उनी काङ्ग्रेसका निष्ठावान् कार्यकर्ता थिए । काङ्ग्रेस भएरै पनि बुटन चौधरी कालान्तरमा नेपाली कम्युनिस्टको इतिहासमा एउटा जीवित पात्रसमेत भए । एकातिर म पूर्वलडाकू र पछिल्ला दिनमा लेखक नरेन्द्रराज प्रसाई पनि भएँ र अर्कातिर बुटनपरिवार मेरा छिमेकी पनि थिए । यी इत्यादि अर्थले उनीबारे पनि सूक्ष्म जानकारी दिनु मेरो प्रमुख कर्तव्य हुन गयो । उनको यो बेहोरा आजसम्म कहीँ, कतै छापिएकै पनि थिएन । पचास वर्षसम्म पनि मौन भएको शिवप्रसाद शिवाकोटी र बुटन चौधरीको इतिहासको सङ्क्षेप पनि यति नै हो–

बुटन चौधरीको जन्म १९९५ वैशाख २८ गते गाईघाटमा भएको थियो । बिहारी चौधरी र पवनी चौधरीका चार भाइ छोरा र तीन बहिनी छोरीमध्ये बुटन माहिला छोरा थिए । बिहारी चौधरी आफ्ना श्रीमती र लालाबाला लिएर झापाको शनिश्चरेअन्तर्गत सालबारी पसेका थिए । त्यस बेला सालबारी घना जङ्गल थियो । जग्गा फँडानी गरेर उनीहरू त्यहाँ बसेका थिए ।

बुटनको सानैमा सालबारीकै गौवती चौधरीसँग विवाह भएको थियो । यी दम्पतीबाट दुई छोरा नन्दलाल र रामनारायण चौधरी अनि एउटी छोरी पशुपति चौधरी जन्मे । तीन सन्तानकी आमा भएपछि गौवती स्वर्गीय भइन् । त्यसपछि बुटनले झापाकै दुवागढीकी रामदुलारी चौधरीसँग बिहे गरे । यी दम्पतीबाट डिल्लीराम र मदन चौधरी गरेर दुई छोरा जन्मे ।

बुटन चौधरी परोपकारी पनि थिए । आफूले नपढे तापनि शिक्षाको दियो सल्काउने उनले अभिलाषा राखेका थिए । उनैको इच्छाले २०१५ सालमा सालबारीमा महारानीगञ्ज प्राथमिक स्कुलको स्थापना भएको थियो । साथै सो स्कुलको पहिलो संस्थापक अध्यक्ष नै बुटन चौधरी थिए । महारानीगञ्ज माध्यामिक विद्यालयका अध्यक्ष रोहित ढकालका अनुसार– 'बुटनले सुरुमा आफ्नै घरछेउमा स्कुल स्थापना गरेका थिए । स्कुलको पठनपाठन सुरु भएकै दिन त्यस ठाउँमा गिद्दले छेरेको थियो । अनि त्यस ठाउँमा अपसगुन हुने हल्ला भयो । त्यस घटनाका कारण स्थानीय सबै जना भएर स्कुल सार्ने ठाउँको खोजीमा लागे । स्कुल खोल्ने पवित्र कार्य भनेर सालबारीनिवासी हर्कबहादुर कुमालले आफ्नो एक बिघा एक कट्ठा र ठकलीदेवी चौधरीले सोह्र कट्ठा जग्गा स्कुलका लागि दान दिए । अनि छेउभित्तामा पर्ने अरूहरूले पनि जग्गा दिएर त्यो स्कुलको उन्नत भौतिक सुधार भएको थियो । झन्डै दुई बिघा जग्गामा सो स्कुल परिचालित भयो ।

बुटन चौधरी भित्रभित्रै नेपाली काङ्ग्रेसमा आबद्ध थिए । उनी काङ्ग्रेसको सक्रिय कार्यकर्ता पनि थिए । उनको राजनीतिक निष्ठाबारे पनि स्थानीय धेरैलाई थाहा थियो । २०१८ सालमा जन्मेका बुटनका माहिला छोरा रामनारायण चौधरी आफ्नो बुबालाई हरतरहको अन्याय भएको बेहोरा बताइरहने गर्छन् । त्यही क्रममा उनले नरेन्द्रराज प्रसाईलाई बयान दिएका थिए– 'रामबाबू प्रसाई, सीके प्रसाई, काजी दलकृष्ण श्रेष्ठ, पटवारी हरिविलास वन, रणबहादुर बुढाथोकी,

डिआइजिपी फत्तेबहादुर बुढाथोकी आदिका सल्लाहले मेरा बुबाले आफ्नो इमान, धर्म देखाएर समाजका लागि काम गरिरहनुभयो । उहाँहरूले मेरा बुबालाई पञ्चायतमा पसेर काम गर्नुपर्छ नत्र पञ्च र प्रशासनले काम गर्नै दिँदैनन् । तिमीले यस पिछडिएको ठाउँमा बसेर समाजसेवा गर्नुपर्छ । त्यस्ता वचनका कारण मेरो बुबा पञ्च पनि हुनुभयो र इमानजमानका साथ उहाँले जनसेवा पनि गर्नुभयो । शनिश्चरे गाउँ पञ्चायतको ६ नम्बर वडाको अध्यक्षमा सधैँ उहाँले मात्र जित्नुहुन्थ्यो । अन्त्यमा 'धर्म भकारी काण्ड'मा मेरा बुबाले ज्यान फाल्नुपऱ्यो ।'

बुटन चौधरीका बुबा बिहारी चौधरीकै सल्लाहमा उनीहरू चार दाजुभाइले आआफ्नै तरिकाले गरिखाँदै आएका थिए । अंशबापत बुटनको भागमा सालबारीमा साढे दुई बिघा जग्गा परेको थियो । उनको त्यो अढाई बिघा जग्गा उनलाई व्यवहार चलाउन पनि पर्याप्त थिएन । त्यसैले उनले सालबारीका घुरन चौधरीको चार बिघा खेतमा पनि मोहियानी गरेका थिए ।

बुटन चौधरीको समाजसेवाप्रति कुनै कम्युनिस्टको विरोध थिएन तर उनको सिद्धान्तबाट स्थानीय कम्युनिस्ट रुष्ट थिए । काङ्ग्रेस सिद्धान्त बोकेर नै पनि बुटनले पञ्चायती काम गरिरहेकै थिए । अन्तत: धर्म भकारीलाई निहुँ बनाएर उनलाई छप्काउने कृत्य भयो । सारा शोषक, सामन्त र काङ्ग्रेसलाई तर्साउनेहेतु उनी झापा विद्रोहको सिकार भएका थिए ।

**बुटन चौधरीको हत्याको सारसङ्क्षेप**

बुटन चौधरी काटमारमा परेका स्थानीय चर्चित राजनीतिज्ञ थिए । उनको भौतिक शरीर नस्ट गरेको समयको पनि वास्तविकता यस्तो थियो– २०२९ साल वैशाख २८ गते;

बुटनका ज्वाइँ अर्थात् छोरी पशुपतिका पति बथु चौधरी सप्तरीका बासिन्दा थिए । उनी सहृदयी र सहयोगी भएको हुँदा

बुटनले उनलाई घरज्वाइँ राखेका थिए । थारू संस्कृतिअनुसार बथुले आफ्ना ससुराको पैतालादेखि टुप्पीसम्म दैनिक तेल लगाउने गर्थे । त्यसै कारण २०२९ वैशाख २८ गते साँझ पनि बुटन आफ्नो ओछ्यानमा ढल्किरहेका थिए र ज्वाइँ बथु चौधरीले आफ्ना ससुराका शरीरमा तेल लगाइरहेका थिए । त्यस दिन रातको साढे आठ बजिसकेको थियो । त्यतिखेर चौधरीका घरमा खान्द्रङखुन्द्रुङको आवाज आएको थियो । दसबाह्र जना जवानहरू भऱ्याङ उक्लेको हलचलले उनको काठको घर हल्लिइरहेको थियो । कोठाभित्र पसेपछि उनीहरू कमरेड नै भएको बेहोरा पनि चौधरीपरिवारले थाहा पाएका थिए । कमरेडहरू बुटन सुत्ने कोठामा पस्नासाथ उनीहरूले बथुलाई बलियाबाङ्गा देखेछन् । अनि प्रथम पटक नै उनीहरूमध्ये एकले बथुका पाखुरामा खुकुरीले हाने र भनेछन्– 'आँखा चिम्लेर बस्; यदि हेरिस् भने तेरो आँखा फोरिदिन्छौँ ।' त्यसपछि उनले आँखा चिम्लेजस्तै गरी अरूले थाहा नपाउँदो गरेर हेरेछन् । बथुका अनुसार त्यतिखेर खसी, राँगा काट्ने ठूलो हतियार या भनौँ; कत्तीका साथै खुकुरी, बन्दुक बोकेर कमरेडहरू बुटनगृह आएका थिए ।

राति हातहतियार लिएर सुत्ने कोठामा लाठेहरू प्रवेश गरेर दाहिने पाखुरा रक्ताम्मे भएपछि बथु चौधरीले पनि आफ्नो ज्यान माया मारिसकेका नै थिए । त्यसै बखत एक जनाले कत्ती हानेर बुटनको दाहिने पाखुरा छिनाइदिएका थिए । त्यसपछि तिनैले कत्तीले हानेर घाँटी छिनाउन पनि खोजे । घाँटी नछिनेपछि अर्काले टाउकामा कुखुरी प्रहार गरेका थिए । बथुले त्यति मात्रै दृश्य देखे र उनी अर्ध बेहोसी भए । त्यतिखेरै बुटनको त्यही प्राण गएको थियो । त्यसपछि बथुले त्यस घटनाको थप बयान दिन सकेनन् । बुटनका छोरा रामनारायणका अनुसार– 'बुटनका शरीरका अङ्गअङ्गहरूमा मूला कटाइ गरेझैँ काटिएको थियो ।'

रामनारायण चौधरीका अनुसार त्यहाँ आएका मध्ये सात जनाजति चाहिँ सालबारीका बासिन्दा नै थिए । रामनारायणले

भनेअनुसार त्यस रात जम्मा २०–२५ जना लाठे आएका थिए र भुइँतलामा दसबाह्र जनाले पहरा दिइरहेका थिए । तिनीहरूमध्ये केही जनालाई मैले कहिले देखेको पनि थिइनँ । म पनि लुक्नैतिर लागेँ । मेरा बुबालाई काटेपछि सबैतिर रगत बगिरहेको थियो ।'

बरन्डाबाट बुटनकी श्रीमती रामदुलारी र छोराछोरीले डाङडाङ र डुङडुङको त्यो आवाज सुनिरहेका थिए । त्यसैले विद्रोहीहरू घरपरिवारलाई पनि भौतिक कारबाही गर्न बरन्डामा पसेका थिए । तर त्यतिन्जेलमा घरका सबै जना भागिसकेका थिए । यति हुँदाहुँदै पनि उनीहरूलाई खुकुरी र बन्दुक देखाएर खेदाउने काम नरोकिएको भन्ने विवरण बुटनका छोरा रामनारायण चौधरीले नरेन्द्रराज प्रसाईलाई बताएका थिए । उनले फेरि भनेका थिए– 'मेरा बुबालाई मारेपछि नारा लगाएर कम्युनिस्टहरू त्यहाँबाट हिँडेका थिए ।'

बुटन चौधरीलाई मारेपछि शत्रुहरूले उनको सिरीखुरी पनि पार्ने नियत राखे । 'धर्म भकारी'बारे बुटनसँग सग्लो कागजात नहुनाले जसलाई जति मन लाग्छ त्यति बुटनले ऋण लिएको देखाउन थाले । सबैको ऋण तिर्दातिर्दै उनका श्रीमती र छोराहरूको जग्गा पनि सकियो । त्यसपछि उनीहरू भूमिहीन बने ।

•

बुटन चौधरीका घरछेउ बुटनको अर्धकदको सालिक पनि बनेको छ । झापा जिल्ला नेपाली काङ्ग्रेसका सभापति उद्धव थापाको सक्रियतामा उक्त सालिक बनेको थियो । त्यसै प्रसङ्गमा बुटनपुत्र रामनारायण भन्थे– 'मेरा बुबाको सालिकमा फूलमाला र अबिर चढाउन नेपाली काङ्ग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री रामचन्द्र पौडेललगायत धेरै केन्द्रीय नेताहरू पनि आइरहे । उनीहरूले हामीलाई केही गरिदिन्छु भनेर आश्वासन दिन पनि छाड्दैनन् । काङ्ग्रेस भएकै कारण मेरा बुबाको हत्या भयो । काङ्ग्रेसका नेताहरूले मेरा

बुबाका नाउँमा भाषण गर्छन् र भन्छन्– 'हामी छौँ, हामी बुटनका परिवारका लागि केही गर्छौं । तर खै ! उनीहरूले हाम्रा लागि केचाहिँ गरे ? अझै हामीले कति वर्ष पर्खनु ? हरसाल उनीहरू भन्छन् नै– 'हामी छौँ !' उनीहरूले हामी छौँ भनेको पनि पचास वर्ष हुन लागिसक्यो ! काङ्ग्रेसहरू अझै पनि छन् र हामी पनि बाँचिरहेकै छौँ । तर हामीसँग हामी मात्र छौँ; हाम्रो दुक्ख हेरिदिने कोही भएन ।' रामनारायण चौधरीका लागि नेपाली काङ्ग्रेस पनि तीतो नै लाग्ने गरेको छ ।

●●

मेरा दाजु नन्दकुमार प्रसाईको उत्साह, प्रोत्साहन र प्रेरणाले दसबाह्र वर्षकै उमेरदेखि माओ त्सेतुङको बिल्ला लगाएर मैले स्कुल जाने गरेको थिएँ । झापामा बसाइँ सरेपछि मलाई नेतृत्व दिने शिव दाइ स्थापित भएका थिए । झापामा चाहिँ माओको बिल्ला लगाउने परिवेशको स्थापना भएको थिएन । तर पनि माओका बिल्ला मेरा गोजीमै हुन्थे । अनि काठमाडौँको जीवनमा मैले प्रवेश गरेपछि सर्वप्रथम केदारमान व्यथितसँग मेरो सम्पर्क भएको थियो । उनी गङ्गालालको कुरा गरेर मलाई रुवाउने गर्थे । सोह्र वर्षमा गङ्गालाल सहिद भएका थिए र म पनि त्यतिखेर त्यही वयमा हिँडिरहेको थिएँ । त्यसैले गङ्गालालउपरका व्यथितका कुराले मेरो मन धुरुधुरु रुने गर्थ्यो । क्रमशः मेरो भावना कम्युनिस्टइतरतिर पनि बग्न थालेको अवस्था थियो । अनि मेरो मन साहित्यतिर पनि झुक्न थालेको थियो । तर मेरो विचार जेजस्तो रूपमा परिणत भए तापनि आजसम्म मेरो घरको बैठकमा माओ त्सेतुङको झन्डै चार इन्च उचाइको एउटा सानो पित्तलको सालिकचाहिँ मौजुद छ । मेरो बाल्यकाल र किशोर अवस्थाका नायक माओ त्सेतुङ मेरा आदर्श हुन् । वास्तवमा यस पृथ्वीमा राजा महेन्द्र र माओलाई मैले मेरो आदर्श पुरुष मानेको छु ।

# शिवप्रसाद शिवाकोटी, झापा विद्रोह र गणतन्त्र

झापा विद्रोहको कम्पनले नेपाल नै थर्किएको थियो । त्यतिखेर अहिलेको जस्तो सञ्चारको सुविधा थिएन । यति हुँदाहुँदै पनि त्यहाँका घटनाले नेपालका चौधै अञ्चल थर्काएको थियो । त्यति बेला त्यस घटनाले मेची अञ्चल प्रशासनलाई आच्छुआच्छु नै गराएको थियो । त्यसैको राप र तापका कारण नेपालमा माओवादी जनयुद्ध भएको बेहोरा पुष्पकमल दाहाल 'प्रचण्ड'ले सकारेका छन् । यसबारे प्रचण्डले भने– 'झापा विद्रोहको बलिदानकै जगमा आजको परिवर्तन सम्भव भएको हो ।' प्रचण्ड भन्नु नेपालमा गणतन्त्र ल्याउने कारक भनौँ या अभियन्ता भनौँ अथवा भनौँ प्रमुख व्यक्तिको नाउँ हो । यति हुँदाहुँदै नेपालको गणतान्त्रिक व्यवस्था ल्याउन भारतलगायतका देशहरूको गुरुयोजना (Grand design) बाट सम्भव भएको थियो । वास्तवमा नेपाललाई गणतान्त्रिक बनाउन त्यस बेलादेखि यस बेलासम्म पुष्पलालदेखि शिवप्रसाद शिवाकोटी हुँदै प्रचण्डसम्म नै धुरिएका चाहिँ थिए । तर झापा विद्रोहका विषयमा पुष्पलालको धारणा अलग्गै थियो । भनौँ, त्यस विद्रोहमा पुष्पलालको सहमति थिएन । त्यस घटनाबारे उनले आफ्ना शिष्य जयप्रसाद यूकेलाई भनेका थिए– 'व्यक्ति हत्या गरेर राजनीतिको विजय हुँदैन । वर्गीय रूपमा सञ्चालन गरेर परिवर्तन भएको राजनीतिचाहिँ उपयोगी हुन्छ । कसैलाई मारेर, कसैको

जीवनै समाप्त पारेर राजनीतिक परिवर्तन खोज्नु अन्याय हो ।' यसबारे थपेर उनले आफ्नी छोरी उषा श्रेष्ठलाई पनि भनेका थिए– 'झापा विद्रोह केवल हिंसाको विद्रोह हो । अबको संसारमा मरेर र मारेर शासनको परिवर्तन खोज्नु हुँदैन ।' नेपालमा २०६२–०६३ सालको आन्दोलनका प्रसङ्गमा राजा ज्ञानेन्द्रले चाहिँ 'मेरा जनता नमार्नु' भनेको बेहोरा र पुष्पलालको सिद्धान्त एकै नै प्रकारको देखिन्थ्यो । वास्तवमा जनता मारेर शासनको परिवर्तन गर्न हुँदैन भन्ने उनीहरूको सिद्धान्त थियो । आन्दोलनका क्रममा एकातिर राजा खुकुलो हुनु र अर्कातिर विदेशी शक्तिको आडले भनौँ या त्यो शक्ति ओइरिनाले नेपालमा हठात् रूपमा गणतन्त्र आएको सत्य पनि साबित भइसकेको छ ।

•

झापा विद्रोहको आरम्भ २०२७ सालमा शनिश्चरेको सालबारीबाट भएको थियो । त्यसपछि सामन्तलाई तर्साउनेहेतु कर्णबहादुर गौतमको हत्याअभियानमा विद्रोही जत्था लागेका थिए । २०२८ जेठ ३ गतेको घटना हो– ज्यामिरगढी गाउँ पञ्चायत वडा नम्बर ३ का अध्यक्ष कर्णबहादुर गौतमलाई मार्ने उद्धेश्यले विद्रोहीको एउटा जत्था रात परेपछि गौतमको पछि लागेको थियो । गौतमचाहिँ स्थानीय जमिनदार रघुवीर बुढोथोकीका कारोबारी थिए । साथै उनी त्यस भेककै हर्ताकर्ता थिए । त्यस दिन गौतम ज्यामिरगढी बजारको विचार्नी हाटबाट आफ्नो घर फर्कँदै थिएँ । त्यतिखेर विद्रोहीले गौतमलाई उनका घरछेउ ढुकिरहेका थिए । अनि फेला पारेपछि उनलाई घेराउ गरिएको थियो । त्यसपछि उनको भुँडीमा विद्रोहीले चुप्पीले रोपेका थिए । त्यसपछि गौतमले आफ्ना दुवै हातले पेटमा थिचिराखे । तर त्यसै घडी उनका हातखुट्टालाई केही विद्रोहीले आआफ्ना खुट्टाले थिचेर गौतमलाई चटपटाउन नै दिएका थिएनन् । त्यसपछि मुला काटेसरि उनका शरीरैभरि खुकुरीको धारले तीखातीखा

डाम लगाइएको थियो । अन्त्यमा उनीहरूले खुकुरीको एकै प्रहारमा गौतमको गर्धन छिनाएका थिए ।

गौतमलाई मारेको सुनेपछि घटनास्थलमा कैयौँ मान्छे पुगेका थिए । त्यस बेलाको त्यस घटनाबारे पूर्वमन्त्री केशवकुमार बुढाथोकी र साहित्यकार तथा पत्रकार नकुलकाजीले म (नरेन्द्रराज प्रसाई)लाई एकै स्वरमा भनेका थिए– 'ज्यामिरगढी गाउँ पञ्चायतको अर्को एउटा आम्दानीको श्रोत निन्दा खोला पनि थियो । त्यस खोलाको माछाबाट गाउँ पञ्चायतलाई प्रशस्त आम्दानी हुन्थ्यो । अनि त्यो खोलो वडा नम्बर ३ मा पर्थ्यो । त्यस वडाका अध्यक्ष गौतमलाई वीरेन्द्र राजवंशीले उनको जलारी ल्याएर यसैलाई ठेक्का दिनु भनेका थिए । अनि गौतमले राजवंशीलाई त्योभन्दा धेरै पैसा तिरेर माछा लाने जलारीको पनि निवेदन परेको छ भनेका थिए ।' त्यति बेला वीरेन भनिने वीरेन्द्र राजवंशीचाहिँ झापा जिल्ला पञ्चायत कार्यालयका जागिरे थिए त्यसैले पनि उनले आफन्त जलारीलाई ठेक्का पार्न अड्डी लिइरहे । अनि गौतमले उनको कुरा नमानेपछि उनले गौतमलाई मार्ने नै योजना बनाएका थिए ।

गौतम मारिएपछि उनलाई जारले काटेर मारे भनेर हल्ला पिटाइयो । त्यही बखत राजवंशीचाहिँ जिल्ला पञ्चायत कार्यालय जान छाडेका थिए । कार्यालयबाट बिनासूचना हराएको बेहोराका कारण जिल्ला पञ्चायतको उजुरीमा उनलाई अदालतले तीन महिनाको जेल तोकिदिएको थियो । उनी भागिरहेकै समयमा उनलाई वामपन्थी राजनीतिज्ञ गोपालकृष्ण प्रसाईले 'तोकिएको अवधिसम्म जेल बसेर आऊ' भनेर सम्झाएका थिए । त्यसपछि वीरेन आत्मसमर्पण गरेर जेल बसेका थिए । त्यस बेलासम्ममा गौतमबारेको अनुसन्धान पनि पूरा भइसकेको थियो । अनि त्यस अभियोगमा वीरेन राजवंशी नै प्रमुख पात्र भएको ठहर भएको थियो । जेलमा त्यसै बेला रघुवीर बुढाथोकीका छोरा केशवकुमार बुढाथोकीको वीरेनसँग भेट भएको थियो । बुढाथोकीचाहिँ नेपालमा सशस्त्र क्रान्तिहेतु हातहतियार

बोकेका अभियोगमा पक्राउ परेका थिए । बुढाथोकीचाहिँ शनिश्चरे गाउँ पञ्चायतको प्रधानपञ्च, झापा जिल्ला पञ्चायत सभापति, राष्ट्रिय पञ्चायत सदस्य, सहायक मन्त्री हुँदै उनी गणतान्त्रिक व्यवस्थामा मन्त्री पनि भएका थिए ।

वीरेन्द्र राजवंशीको योजनामा कर्णबहादुर गौतमको हत्या भएको थियो । त्यस अभियोगमा मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, भोगेन राजवंशीलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाइएको थियो ।

•

हुन त २०२६ साल मङ्सिर १६ गते पनि झापामा अर्को हत्याकाण्ड भएको थियो । तर यस काण्डबारे विवादचाहिँ रही आएको छ । त्यस दिनको घटनाचाहिँ यस्तो थियो– लप्टन हरिराज आङ्दम्बेका खेतबाट पाकेको धान काटी लान विद्रोहीहरू खेतमा पसेका थिए । त्यस घटनाको योजनाकार गोपाल शिवाकोटी थिए भने नेतृत्वचाहिँ करुणकुमार लिम्बूले गरेका थिए । धान लुट्नका लागि चालीस जनाजति विद्रोही धूलाबारीस्थित माउरमारी पुगेका थिए । त्यस घटनामा शिवाकोटी र लिम्बूलगायत केही विद्रोहीले जेल सजाय पनि भोगेका थिए । जेलमा रहेका बेला कैदी साथी दधिराम उप्रेतीलाई लिम्बूले भनेका थिए– 'हाम्रो जत्था धान काटेर त्यो धान किसानलाई बाँड्न गएकै हो । त्यो समाचार सुनेर दिउसो बाह्र बजेतिर हरिराज आङ्दम्बे बन्दुक भिरेर घोडामा आएका थिए । उनले हामीलाई 'तिमीहरू भाग, होइन भने तिमीहरूलाई म गोली ठोक्छु' भन्दै हामीमाथि एक फायर हानेर पनि देखाइदिए । त्यसपछि हामीले पनि उनलाई घोडाबाट झारेर लाठीमुङ्ग्री र रोल, खुकुरी जेजे हातमा छ त्यहीत्यहीले हान्यौं । यसै प्रसङ्गमा हरिराजका छोरा कमलराज आङ्दम्बेले म (नरेन्द्रराज प्रसाई)लाई भनेका थिए– 'नक्सलाइटले हाम्रा बुबालाई कुटेर छेदविच्छेद पारेरै मारे । मेरा

बुबाले आफ्नो सम्पत्तिको संरक्षण गरेको मात्र न हो, बुबाबाट मोहीहरूलाई अन्याय त भएको थिएन नि !' यसै प्रसङ्गमा राधाकृष्ण मैनालीले म (नरेन्द्रराज प्रसाई)लाई भने– 'हरिराज आङ्दम्बेको हत्यामा झापा विद्रोह सरिक थिएन । त्यो घटना हामीसँगै सम्बन्धी हुँदै होइन ।' तर केशवकुमार बुढाथोकीले चाहिँ भन्न छाडेनन्– 'हरिराजको ज्यान लिने काम नक्सलाइटलबाटै भएको थियो ।' हरिराज आङ्दम्बे भन्नु राणाकालीन लप्टन थिए ।

•

झापा विद्रोहले तेस्रो हत्या बुटन चौधरीको गरेको थियो । त्यो घटना २०२९ वैशाख २८ गते सालबारीमा भएको थियो । त्यस काण्डमा जम्मा पच्चिस जना विद्रोहीलाई दण्ड सजाय दिने फैसला भएको थियो ।

विद्रोहीले विचारी भनिने सालबारीका पुण्यप्रसाद कोइरालालाई पनि मार्ने योजना बनाएका थिए । विचारी भन्नु बुटन चौधरीका अभिन्न मित्र थिए । विचारीचाहिँ झापाका जाली, फटाहा र शोषकमा गनिन्थे । चन्द्रगढीमा पनि उनको घर थियो । तर धर्म भकारीको कुरा उठ्न थालेपछि उनी चन्द्रगढीमा नै बस्न थालेका थिए । उनी सालबारीमा आउन छाडेपछि घानमा बुटन चौधरी परेका थिए । त्यही बुटनकाण्डमा झापा प्रशासनले शिवप्रसाद शिवाकोटीको टाउको ल्याउनेलाई दस हजार रुपियाँ इनाम दिने झ्याली पिटाएको बेहोरा जयप्रसाद यूकेले म (नरेन्द्रराज प्रसाई)लाई भनेका थिए । (बुटन चौधरीको पूर्ण प्रसङ्ग 'शिवप्रसाद शिवाकोटीको आग्रह छाड्दा बुटन चौधरीको हत्या' शीर्षकमा आवद्ध छ) ।

•

२०२९ असार २७ गते राति खोपबाडी बस्ने समाजसेवी विष्णुप्रसाद विमली र उनका काकाससुरा ईश्वरीप्रसाद चुडालको हत्या गरिएको थियो । यी दुवै जना परोपकारी तथा धार्मिक प्रवृत्तिका

थिए । अनि विमलीचाहिँ नेपाली काङ्ग्रेसका समर्थक थिए । त्यस हत्याबारेको पूर्वकथाचाहिँ के थियो भने– विमलीले आफ्नो छिमेकीका रूपमा एउटा असल मानिस भइदिए हुन्थ्यो भन्ने भावना राखेका थिए । त्यसैताका जग्गा किन्न खोज्दै हिँडेका कृष्णप्रसाद सङ्ग्रौला विमलीका घरमा पुगेका थिए । सङ्ग्रौलाका विषयमा खोजीनिती गर्दा उनी पाँचथर जिल्ला पञ्चायत उपसभापति भइसकेका व्यक्ति भएको टुङ्गो लागेको थियो । त्यसैले विमलीले केही भाउ घटाएर भए पनि सङ्ग्रौलालाई आफ्नै खेतको साँधमा बाह्र बिघा जग्गा बेचेका थिए । तर सङ्ग्रौलाले चाहिँ चौध बिघा खेत आफ्नो भागमा पारेर सिमाना बाँधेका थिए । 'मेरो दुई बिघा खेत पनि तपाईंपट्टि नै परेछ; त्यो मलाई नै फिर्ता गरिदिनुपर्‍यो' भनेर विमलीले सङ्ग्रौलासँग भन्ने गरेका थिए तर सङ्ग्रौलाले खेत फिर्ता दिन चाहेनन् । त्यसैले जग्गा खरिदबिक्री भएको नौ वर्षपछि सङ्ग्रौला र विमलीमाझ त्यही दुई बिघा जग्गाका विषयलाई लिएर झगडा हुन थालेको थियो । अनि त्यसै झगडालाई साम्य पार्न विमलीको आग्रहमा गाउँलेले असार २९ गते पञ्चभलाद्मीको छलफल राखेका थिए । असार २७ गते सोमबार विमलीचाहिँ बिरामी चुडालको औषधी गर्न भद्रपुर गएका थिए । भद्रपुरबाट घर फर्कने क्रममा उनीहरू पर्सि हुने कचहरीका बारे छलफल गर्न गरामुनीछेउ भुसाबाडीमा टीकाप्रसाद प्रसाईका घरमा पुगेका थिए । उनीहरूले साँझको खाना प्रसाईकै घरमा खाए । त्यसै बेला प्रसाईले 'आज यतै बसौ न' भन्ने प्रस्ताव राखेका थिए तर विमलीले आफ्नो घरै जाने निर्णय सुनाएका थिए । त्यसपछि लालटिन बालेर विमली र चुडाल दुवै जना विमलीनिवास खोपबाडीतिर लागेका थिए । उनीहरू घर जाने क्रममा मियाबारी पुगेपछि उनीहरूलाई ढुकेर बसेका विद्रोहीले घेराबन्दी गरेका थिए । त्यसै घडी ती दुवैलाई विद्रोहीका खुकुरीले काटेर मारिएको थियो । चुडालचाहिँ त्यस घडी निकै बिरामी थिए । उनी ताप्लेजुङको नेशमबाट अल्सरको उपचारका लागि झापा झरेका थिए । आफू बिरामी भएर औषधि गर्दै गरेको बेहोरा त्यति बेला दुई हात जोडेर

चुडालले विद्रोहीलाई भनेका थिए । तर त्यसै मौकामा विद्रोहीद्वारा उनले नमस्कार गरेका अवस्थामा दुवै हातका नारी छिनाइएको थियो । त्यतिले मात्र नपुगेर त्यहाँ उपस्थित सबै विद्रोहीले बाँसले घोचीघोची विमली र चुडालको शरीर क्षतविक्षत पारेका थिए । अनि ती दुवैको रगतको टीका आआफ्ना निधारमा लगाएर उनीहरू त्यहाँबाट हिँडेका थिए ।

ईश्वरी चुडाल भन्नु ताप्लेजुङको नेशमका समाजसेवी थिए । त्यहाँका प्रसिद्ध शिक्षासेवी धनपति चुडालका उनी जन्तरे छोरा थिए । ईश्वरीको गरामुनीमा चार बिघा खेत थियो । तर उनी औषधी उपचार गर्नका लागि केही दिनदेखि ज्वाइँ विष्णुप्रसाद विमलीकै घरमा बस्तै आएका थिए ।

विमली र चुडालको हत्यामा कृष्णप्रसाद सङ्ग्रौलाका छोरा ईश्वरी सङ्ग्रौला पनि ज्यानमाराका रूपमा कैदी भएका थिए । ईश्वरी पनि झापा विद्रोहका सक्रिय कार्यकर्ता थिए । साथै अन्य दोषीमध्ये नेत्रप्रसाद घिमिरे र उनका भाइ धर्मप्रसाद घिमिरे पनि समावेश भएको बेहोरा खुलेको थियो । नेत्रप्रसादचाहिँ सुखानीमा सरकारद्वारा मारिएपछि उनलाई सजाय नदिने घोषणा भएको थियो । अनि यस काण्डमा नरेश खरेल र हर्कबहादुर खड्कालाई जन्मकैदको फैसला तोकिएको थियो । साथै त्यसै बेलाको घोषणामा शिवप्रसाद शिवाकोटीको सम्पत्ति बेचबिखनमा रोक लगाइएको थियो । खरेल र खड्का गरेर यस काण्डमा कृष्णप्रसाद सेढाइँ, पुण्य शर्मा निरौला, डिल्ली शिवाकोटी, कृष्ण कुइँकेल, टङ्क घिमिरे अर्थात् साइँलो मिस्त्रीलाई पनि जन्मकैदको फैसला सुनाइएको थियो । यस काण्डमा अरू दस जनालाई पनि कारबाहीको सूचीमा राखिएको थियो । विमली र चुडालको हत्याबारेको फैसलाचाहिँ मेची अञ्चलका कायममुकायम न्यायाधीश ऋद्धिमानन्द वज्राचार्यको एक सदस्यीय आयोगले गरेको थियो । त्यो हत्याकाण्डका विषयलाई लिएर झापा

आन्दोलनका नायक रामनाथ दाहालले उनका प्रमुख सल्लाहकार जयप्रसाद यूकेलाई भनेका थिए– 'नक्सलाइट आन्दोलन निकै अघि बढ्ने भयो ।' त्यतिखेर यूकेले चाहिँ आफ्नो विचार राखेका थिए– 'व्यक्तिहत्याले कुनै पनि जनक्रान्ति फस्टाउन सक्तैन । यसले बरु अराजकता बढाउँछ । विमली र चुडाललाई अनाहक मारियो । उनीहरूले समाजमा के बिराएका थिए र ?'

रामनाथ दाहाल र विष्णुप्रसाद विमलीको एउटा घुमाउरो नाता पनि थियो । कुरा के हो भने– हत्या गरिएका विमलीका छोरा गणेश विमलीकी साली विश्वेश्वरा दाहालचाहिँ झापा आन्दोलनका नायक रामनाथ दाहालकी कान्छी श्रीमती थिइन् । अर्को कुरा गणेश विमलीले आफ्नो जग्गा भोग गर्न पाऊँ भनेर प्रशासनसमक्ष निवेदन दिएका थिए । त्यसपछि अर्थात् २०३२ सालमा जिल्ला प्रशासनले उक्त जग्गाको जाँचपास गराई कृष्णप्रसाद सङ्ग्रौलाबाट दुई बिघा खेत विमलीलाई नै फिर्ता दिलाइएको थियो । विमली २०७० सालमा नेपाली काङ्ग्रेसका तर्फबाट सांसद पनि भए ।

•

२०२९ मङ्सिर २३ गते गरामुनीका उद्रकान्त राजवंशीलाई शरीर चिरैचिरा पारी काटेर मारिएको थियो । उनी गाई पालेर दूध बेची खाने साधारण किसान थिए । विद्रोही पक्षद्वारा राजवंशीलाई मार्न भारतका एक जना बङ्गालीलाई पनि समावेश गराइएको थियो । तर उक्त बङ्गालीलाई झापामा राजवंशी बनाइएको थियो र उनको नाउँ भोगेन राजवंशी राखिएको थियो । उनी नक्सलाइट आन्दोलनबाट खारिएका लडाकू थिए । निज बङ्गालीबाट झापा विद्रोहीले शत्रुको विनाश गर्नेबारेको प्रशिक्षण पनि लिने गरेका थिए ।

उद्रकान्त राजवंशीको हत्याकाण्डमा खड्गप्रसाद शर्मा वलीसहित अठार जनाजतिलाई ज्यानसम्बन्धीको मुद्दा लागेको थियो ।

साथै उनीहरूलाई डाँका मुद्दा र नगद जरिवानाको सजायको फैसलासमेत सुनाइएको थियो ।

•

झापामा २०२९ पुस १० गते धर्मप्रसाद ढकाल र उनका छोरा ज्ञानेन्द्रप्रसाद ढकाललाई खुकुरीले काटेर मारिएको थियो । त्यस बेलाको त्यस घटना पनि विचित्रको थियो । कुरा के हो भने– ज्ञानेन्द्र काशी विश्वविद्यालयमा बायोकेमेस्टीविषयक एमएस्सी पढ्दै थिए र छुट्टीमा झापा आएका थिए । शनिश्चरेमा पनि उनीहरूको भव्य घर थियो; तर उनका आमाबुबा हात्तीकिल्लामा बस्थे । त्यहाँ उनीहरूको फलफूलको जुस बनाउने 'मोरङ क्यानिङ कम्पनी' नाउँको ठूलै कारखाना थियो ।

ज्ञानेन्द्र साँझतिर आमाबाबु बसेको घर पुगे । छोरा आएकोमा त्यस घरमा हर्षबढाइँ भइरहेको थियो । अनि साँझ उनीहरू सँगै बसेर रात्रिभोजन गरिरहेका थिए । त्यसै बेला उनीहरूका घरमा पच्चिस जनाको हाराहारीमा विद्रोहीहरू पुगिसकेका थिए । लाठेहरू उनीहरूले भात खाइरहेका ठाउँमा पुगे । त्यसै बेला धर्मप्रसाद ढकाललाई उनीहरूले खुकुरीले काटेर त्यहीँ मारे । त्यसपछि उनीहरू छोरा ज्ञानेन्दप्रसाद ढकाललाई काट्न ठीक परेका थिए । तर ज्ञानेन्द्रले आफूलाई काट्न आउनेलाई बक्सिङ हानेर त्यहीँ ढालेका थिए । त्यसपछि उनी हाँप र झाँप गरेर भित्र कोठामा पसेका थिए । कोठाभित्र उनी बन्दुकमा टोटा भर्दै थिए । त्यसै बेला हर्कबहादुर खड्कासहित चार जना लाठे उनका कोठाभित्र पसे । त्यसपछि उनीहरूले ज्ञानेन्द्रलाई समाएर घरमुनि लगे । अनि आँगनमा पुऱ्याएर उनीहरूले ज्ञानेन्द्रका घाँटी खुकुरीले छपक्कै छिनाइदिएका थिए ।

दाइ खगेन्द्रप्रसाद ढकाललाई मार्न गएका विद्रोहीले मारिएका व्यक्तिचाहिँ भाइ ज्ञानेन्द्रप्रसाद ढकाल थिए । उनलाई मारिएको यस

अञ्जान बेहोराले पछिसम्म शिवप्रसाद शिवाकोटीहरूलाई पछुतो र पीडा भइरहेको थियो । तर उनीहरूका लागि आँखी भएका खगेन्द्र ढकाल पनि झापामा सरल, सहृदयी र सौम्य समाजसेवीका रूपमा नै परिचित थिए । स्थानीय भलादमी, पञ्च र शिक्षकहरू भन्थे– 'खगेन्द्र ढकालजस्तो नरम, शिष्ट र मर्यादित मान्छे विरलै हुन्छन् ।' उनले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एमए र पछि बीएल पनि पास गरेका थिए । उनी त्यसपछि आफ्नै गाउँको सेवा गर्नेहेतु झापा गएका थिए । जनसेवा गर्ने क्रममा उनी पाराखोपी गाउँ पञ्चायतका प्रधानपञ्चमा निर्वाचित पनि भए । उनकै कार्यकालमा र उनैको प्रस्तावमा पाराखोपीलाई अर्जुनधारा गाउँ पञ्चायत बनाइएको थियो (२०३१ सालमा राजा वीरेन्द्रको राज्याभिषेकका अवसरमा झापा, शनिश्चरेमा गठित 'श्री ५ वीरेन्द्र शुभराज्याभिषेक समारोह समिति'मा खगेन्द्र ढकाल र म (नरेन्द्रराज प्रसाई) आयोजक प्रतिनिधि थियौँ ।) ।

धर्मप्रसाद ढकाल राजनीतिज्ञ, समाजसेवी तथा साहित्यसेवी थिए । उनी २००७ सालको जनक्रान्तिमा पनि सक्रिय थिए । २००८ सालमा भैरवप्रसाद आचार्य झापा सामयिक सरकारको गभर्नर हुँदा ढकाल अर्थमन्त्री भएका थिए । साथै इलामको करफोकमा २००९ सालमा गठित नेपाली भाषा प्रचारक सङ्घमा उनी कोषाध्यक्ष थिए । अनि त्यस संस्थाको अगुवाइचाहिँ महानन्द सापकोटाले गरेका थिए । त्यसै घडी त्यस संस्थामार्फत उनीहरूले कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको इलामदेखि दार्जिलिङसम्म नै भव्य स्वागत गरेका थिए । २०१२ सालमा बालचन्द्र शर्मा शिक्षा, स्वास्थ्य र स्थानीय स्वायत्तशासन मन्त्री भएका बखत शर्माले गरेको नेतृत्वको प्रतिनिधि मण्डलमा ढकाल पनि चीन गएका थिए । उनलाई टङ्कप्रसाद आचार्यले पनि काखी च्यापेका थिए । उनको निष्ठाबाट आचार्य प्रभावित थिए । साथै उनी २०२० सालदेखि २०२४ सालसम्म राष्ट्रिय पञ्चायतका सदस्य भएका थिए ।

धर्मप्रसाद ढकाललाई मारिएको घटनाले झापामा मात्र नभएर देशैभरि ठूलो होहल्ला मच्चाएको थियो । ढकालको हत्या हुनुपूर्व झापा विद्रोहलाई हत्या, डकैती र रिसइवीको घटना मानिन्थ्यो । तर ढकालको हत्यापछि राज्यपक्षबाट यसलाई राजनीतिक रूपमा ग्रहण गर्न थालिएको थियो । ढकाल काण्डमा खड्गप्रसाद शर्मा वली, राधाकृष्ण मैनाली, दधिराम उप्रेती, मनकुमार तामाङलाई जनही सोह्र वर्षको कैद, नौ हजार तीन सय तीस रुपियाँ जरिवाना सुनाइएको थियो । यस घटनामा हर्कबहादुर खड्का, वली, मैनाली, उप्रेती र तामाङसहित पन्ध्र जनालाई सजाय तोकिएको थियो ।

•

झापा विद्रोहको घटना चरम चुलीमा पुगेको थियो । त्यो विद्रोहको राप चप्रामारीमा पनि पुगेको थियो । कुरा के हो भने– पशुपति खरेल भारतको आसामबाट झापाको चप्रामारीमा आएर जग्गा किनेर बसेका थिए । उनका छोरा दुर्गा खरेल र बुहारी त्यस बेला घैलाडुवाको आदर्श विद्यामन्दिरमा नौ कक्षामा पढ्थे । दुर्गा खरेलचाहिँ खड्गप्रसाद वलीका मिल्ने साथी थिए ।

राति खरेलदम्पती टुकी बालेर पढिरहेका थिए । त्यसै बेला विद्रोहीहरू उनीहरूका कोठामा पसे र तैँले हाम्रो सिआइडी किन गरिस् भनेर खरेललाई फलामको भालाले रोपेर पढिरहेकै ठाउँमा मारिएको बेहोरा सार्वजनिक गरिएको थियो । अनि खरेलदम्पतीलाई खड्गप्रसाद वलीले मारेको भन्ने प्रहरी प्रशासनसमक्ष उजुर गरिएको थियो । यसै सन्दर्भमा वलीका गुरु जयप्रसाद यूकेले म (नरेन्द्रराज प्रसाई)लाई भनेका थिए– 'त्यस दिन खड्गप्रसाद वली गौरीगञ्ज गएका थिए । उनलाई स्थानीय सामन्तले फसाउन खोजेका थिए । तर खरेलदम्पतीलाई चाहिँ डाँकाले मारेको हुनुपर्छ ।' त्यसै स्कुलमा पढिरहेका भीष्म प्रसाई (पछि एआइजिपी)ले पनि भने– 'यस मामलामा वलीको चाहिँ हात थिएन ।'

झापा विद्रोहले दुवागढीका ज्ञानबहादुर बस्नेतको अन्तिम प्राण लिएको थियो । उनी साधारण किसान थिए । उनी दाउरा चिरेर बेच्तै परिवार पाल्ने गर्थे । उनी साँझपख काखमा आफ्नी तीन महिनाकी छोरी खेलाएर घरै बसिरहेका थिए । त्यसै बेला विद्रोही उनी छेउमा पुगे । केही नबोली विद्रोहीले उनलाई खुकुरीले छपाछप काट्न थाले र अन्तत: काटेरै मारी छाडे । त्यस घटनामा काखे नानीको अनुहार र शरीर पनि पूरै रगतले भिजेको थियो । उनी भूइँमा बजारिएर रोइरहेकी थिइन् ।

झापा विद्रोहका प्राय: घटना साहित्यकार तथा स्थानीय 'विवेचना' दैनिकका प्रधान सम्पादक नकुल काजीको अभिलेख (डायरी)मा पनि पाइन्छन् । वास्तवमा झापा हत्याका सबै घटनास्थलमा प्रहरीसँगसँगै या अघिपछि पुग्नेहरूमा नकुल काजी नेपाल राष्ट्रभरिकै एक मात्र पत्रकार थिए ।

झापा विद्रोहको परिकल्पनाकार र नायक शिवप्रसाद शिवाकोटी थिए भने योजनाकार मोहनचन्द्र अधिकारी थिए । शिवाकोटीको शेषपछि विद्रोहीमध्ये केही कुनैले म नै त्यस विद्रोहको नाइके हुँ भनेर पनि लेखे । डा.नारदनाथ भारद्वाज र सोमनाथ दाहालले सम्पादन गरेको 'शिवप्रसाद शिवाकोटी : झापा विद्रोहका एक कमान्डर'नामक ग्रन्थमा झापा विद्रोहका अग्र पङ्क्तिका योद्धा सीपी मैनालीदेखि प्रधानमन्त्री खड्गप्रसाद वलीसम्मले शिवप्रसाद शिवाकोटीलाई नै झापा विद्रोहका जगढुङ्गा र मियोका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

झापा विद्रोहमा अनाहक धेरै सोझासाझा र कसुरविहीन मान्छे पनि फसेका थिए । उदाहरणका लागि यसबारे नकुल काजीले म (नरेन्द्रराज प्रसाई)लाई भनेका थिए– 'मङ्गल सुनुवार पनि हत्याकाण्डमा सहभागी थिए । उनलाई पक्रिन चार जना प्रहरी हल्दीबारी पुगेका थिए । उनीहरू त्यहाँ स्थानीय महाजन हाँगा राजवंशीका घरमा बास बसेका थिए । हाँगा त्यस क्षेत्रकै धनी मान्छे थिए । उनी कति धनी थिए भने उनका घरमा हात्ती पनि पालिएको थियो । तर उनी

सारै सोझा र सुधा थिए । उक्त दिन पुलिसहरू राति उनकै घरमा बास बसेका थिए । अड्डाका जोसुकै मान्छे त्यस ठाउँमा पुगेपछि हाँगाका घरमा भात नखाई उनीहरू फर्कँदैन थिए ।

राति हाँगाका घरमा बास बसेका प्रहरीले बिहानै हाँगा राजवंशीलाई सोधे– 'मङ्गल भनेका को हुन् ?' हाँगाले 'मङ्गल भनेको त उः पर खेतमा हलो जोतिरहेका मान्छे हो' भनेर देखाइदिए । वास्तवमा मङ्गललाई प्रहरीले किन खोजेको भन्ने बेहोराको हाँगालाई केही ज्ञानै थिएन । त्यसैले मङ्गल सतारलाई प्रहरीले मङ्गल सुनुवार भनेर समाएर लगेका थिए । त्यस असावधानीले नाउँ मिलेकै कारण एउटा सोझो हलीलाई पनि सोह्र वर्ष जेलमा राखिएको थियो ।'

झापा विद्रोहमा डेढदुई सय योद्धाहरूको सहभागिता थियो । तर त्यहाँ शिवप्रसाद शिवाकोटीचाहिँ प्रशासनका मुख्य आँखी थिए । त्यसैले उनको टाउको हाजिर गराउनेलाई सरकारले पुरस्कार दिने भन्ने हल्ला पनि चारैतिर छरिएको थियो । विद्रोहको कार्य आरम्भ भएपछिका दिनहरूमा त्यहाँ उनको मात्र नेतृत्वले साथ दिएको मानिएन । त्यतिखेर उनले भारतमा बसेर योजना बनाउँदा त्रुटि पनि भएको थियो । यसबारे पछि उनले म (नरेन्द्रराज प्रसाई)लाई भनेका थिए– 'झापा विद्रोहमा कोही नमर्नुपर्ने मान्छे पनि मरे र कोही मर्नैपर्ने भनिएका पनि बचे । त्यस बेलाको विद्रोहलाई हामीले वैज्ञानिकीकरण गर्न नसक्ता हामीप्रति नकारात्मक जनभावना पनि पलाएको हो । तर यति हो झापा विद्रोहको जग नै नेपालमा बहुदलीय प्रणालीको आरम्भ भएको हो भनेर सबैले स्वीकार्नै पर्छ ।' शिवप्रसाद शिवाकोटीका यी संवाद खसेका बेला नेपालमा गणतन्त्रचाहिँ आउने कुनै प्रकारको पनि सङ्केत देखिएको थिएन । तर पनि असोचनीय कुरा नेपालमा गणतन्त्र आयो र त्यसपछि पुष्पकमल दाहाल 'प्रचण्ड'ले चाहिँ भन्न बिराएनन्– 'झापा विद्रोह नेपाली राजनीतिक इतिहासमा एउटा कोशेढुङ्गा हो ।'

# शिवप्रसाद शिवाकोटीबारे उनका सहयोद्धाको उद्घोष

शिवप्रसाद शिवाकोटीको कर्मथलो झापाको शनिश्चरे सालबारी स्थानीय जनताको आशा, भरोसा र भविष्य राख्ने ठाउँका रूपमा रूपान्तर हुन थालेको थियो । शनिश्चरे भन्नु अर्जुनधारा महानगरपालिकाभित्र पर्छ र सालबारी शनिश्चरेको एउटा शाखा गाउँ मानिन्छ । सालबारी भन्नु कम्युनिस्टको अखडा मात्र थिएन; वरिपरि घना जङ्गलले बेरेर माझमा गाउँबस्ती भएको सुन्दर हरियाली, रसिलो र मनोरम ठाउँ नै मानिन्थ्यो । त्यो मेरो सालबारीको क्षेत्र कत्रो थियो भने– जङ्गलको कापैकाप हिँडेर त्यो ठाउँको वरिपरि छिचोल्दा झन्डै डेढ घण्टा लाग्न सक्थ्यो । त्यस ठाउँमा मैले २०५५ सालपछि आफ्नो पाइला राखेको छैन । अनि मेरी आमाको निधन भएपछि अर्थात् २०६८ सालपछि त्यस ठाउँबाट मेरो नाता नै पनि समाप्त भयो । वास्तवमा मेरो घरको अंश मद्वारा नै गराएको थिएँ । तर मैले भने पैत्रिक सम्पत्तिका हकमा एक चप्परी माटो र एक पैसा नै पनि लिन चाहिनँ र लिइनँ पनि । यसबारे मेरी गुरुदेवी इन्दिरा प्रसाईकृत ‘मेरी सासू’ (भागीरथा प्रसाईको आकृति : २०६५) मा लेखिएको छ र मैले लेखेको जीवनी कृति ‘मेरी आमा भागीरथा प्रसाई’ (२०७६) मा पनि आबद्ध छ । तर आमाको शेषपछि अंशियारहरूले त्यहाँको सबै घरजग्गा बेचिदिए । अब त झन् त्यस ठाउँसँग हाम्रो नातामा नै बुझो लागिहाल्यो ।

म भएको झापाको रमणीय सालबारीमा कहिले मनमोहन अधिकारीलाई भेटिन्थ्यो, कहिले मोहनचन्द्र अधिकारीलाई देखिन्थ्यो र कहिले खड्गप्रसाद वलीसँग बात मार्न पाइन्थ्यो । त्यहाँ सीपी मैनाली हामीलाई नीति निर्देशन दिन आइरहन्थे । उनी हाम्रा आदर्श नेता थिए । साथै आरके मैनाली पनि घरीघरी सालबारी नै धाइरहन्थे । त्यस गाउँभित्र तिनीहरू शिवप्रसाद शिवाकोटीलाई नै भेट्न भनेर आउँथे । खास गरेर झापामा जनक्रान्ति गर्ने अभियानको शिवप्रसाद शिवाकोटीले नेतृत्व गर्न थालेपछि त्यस ठाउँमा नेता, बुद्धिजीवी र लडाकू योद्धाहरूको क्रमश: भीड लाग्न थालेको थियो ।

शिवप्रसाद शिवाकोटी आफ्नो कर्मउपर सधैँ जागरुक थिए । उनी बौद्धिक पनि थिए र लडाकू पनि थिए । उनी आफूभन्दा पूर्वज नेताको जयजयकार गर्ने अनुशासित, मर्यादित र आज्ञाकारी क्रान्तिकारी थिए । त्यस बखतसम्म उनले मानेका र पत्याएका शिखर कम्युनिस्टमध्ये तीन भाइ अर्थात् पुष्पलाल, मनमोहन अधिकारी र मोहनचन्द्र अधिकारी मात्रै थिए । अनि नेपालको राजनीतिमा पछिल्ला दिनहरूमा देखा परेका अरू प्राय: सबै उनका सहयोद्धा, सहयोगी र चेला मात्र थिए । आजको राजनीतिको शिखर ओहोदा र चर्चित नाउँमा टेकेका कम्युनिस्टका उनीप्रतिको दृष्टिकोण उच्च कोटिको पाइन्छ ।

शिवप्रसाद शिवाकोटीको कार्यउपर उनको राजनीतिक सिद्धान्तका प्रतिद्वन्दीको पनि सकारात्मक धारणा आइरहन्थ्यो । झापा विद्रोहबारे राजनेता विश्वेश्वरप्रसाद कोइरालाले पनि आफ्नो मत राखेका थिए । कोइरालाको भनाइलाई यसरी लेखिएको छ– 'झापा विद्रोहमा झापाली युवाहरूको त्याग र बलिदानको उच्च प्रशंसा गर्दै त्यस सङ्घर्षको राजनीतिक मूल्याङ्कन हुनुपर्छ ।' ('शिवप्रसाद शिवाकोटी : झापा विद्रोहका कमान्डर' (१९७ पृ.) ।

शिवप्रसाद शिवाकोटी निष्ठावादी योद्धा थिए । राजनीतिप्रति उनको समर्पण जनउत्थानमा नै केन्द्रित थियो । पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीले उनलाई भविष्यको नेपालका होनहार मान्थे । साथै अधिकारीकै सारथी र विश्वासपात्र अर्का राजनेता पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले उनलाई 'आफ्नै पौरख र गौरवमा बाँच्ने योद्धा' मान्थे । 'निस्वार्थ भावना, आन्दोलनप्रतिको निष्ठा र राष्ट्र र समाजलाई परिवर्तन र रूपान्तरणको महान् सपनालाई साकार पार्ने प्रेरक शक्तिका रूपमा' नेपालले उनलाई उभ्याएका थिए । वास्तवमा शिवाकोटी कम्युनिस्टको झापा विद्रोहका एउटा सशक्त पहरा नै थिए ।

शिवाकोटीले धेरैलाई ज्ञान दिए, शक्ति दिए र आडभरोसा दिए । त्यसैले उनको नेतृत्वको शक्तिशाली वैशाखी टेक्नेहरूको कहिले पनि अनिकाल लागेन । वास्तवमा उनी झापा विद्रोहका एउटा बलियो, दरिलो र ओजिलो खम्बा थिए । त्यस खम्बाको वरिपरि धेरै कमरेडहरूले परिक्रमा गरेका थिए । त्यही परिवेशमा प्रधानमन्त्री खड्काप्रसाद वलीले उनलाई 'आफ्नो भरोसा' पनि ठान्थे र मियो पनि मान्थे । साथै उनी शिवाकोटीका भरपर्दो चेला पनि थिए । उनले आफ्नो संरक्षकका रूपमा पछिल्ला दिनमा पनि शिवाकोटीलाई अघि सारिरहे । शिवप्रसाद शिवाकोटीबारे वलीले भनेका थिए– 'झापा आन्दोलन सुरु गर्नुभन्दा अघिदेखि नै शिवप्रसाद शिवाकोटी आन्दोलनका एक चर्चित नेता हुनुहुन्थ्यो । उहाँ लडाकू स्वभाव र निडर व्यक्ति हुनुहुन्थ्यो । त्यस कारण आन्दोलनमा उहाँ हुनुहुन्छ भनेपछि साथीहरू एउटा भरोसाको स्थितिमा आउँथे । पहिलेपहिले म पनि उहाँमाथि भरोसाको स्थितिमा हुन्थें । शिवप्रसाद शिवाकोटी झापा आन्दोलनको मियोका रूपमा हुनुहुन्थ्यो ।' हो, २०२५ सालतिर नै शिवाकोटी वलीहरूका नेताका रूपमा स्थापित भइसकेका थिए । वलीका शब्दलाई दोहोऱ्याएर भन्नुपर्दा 'शिवाकोटी झापाली वामराजनीतिका मियो' नै थिए ।

शिवप्रसाद शिवाकोटी नभएको भए झापा विद्रोह पनि सायद हुँदैनथ्यो । त्यो कठोर, अपत्यारिलो र कहालीलाग्दो विद्रोहको सुरुवात गर्ने नै शिवाकोटी थिए । यसै परिवेशमा उनका सहयोद्धा मोहनचन्द्र अधिकारीले भनेका थिए– 'झापा विद्रोहका कमान्डर शिवप्रसाद शिवाकोटी नै थिए' । अधिकारीले झापा विद्रोहमा शिवाकोटीलाई आडभरोसा पनि दिए र आडभरोसा पनि लिए । उनी शिवाकोटीबारे बराबर सम्मान गरेर पनि भन्ने गर्थे– 'शिवप्रसाद शिवाकोटी जनताका आँखाका नानी थिए ।' साथै देशको अवस्था खतराको बिन्दुमा पुगेको स्थितिमा अथवा भनौँ, संसद्मा दुईतिहाई ल्याएर विजय भएको शासन व्यवस्था पतन भएको कम्युनिस्टका बारेमा पनि अधिकारीले भनेका थिए– 'आज पनि शिवप्रसाद हुँदा हुन् त कम्तीमा पनि उनको र मेरो आवाजले आज निदाएकाहरूलाई ब्यूँताउन सकिन्थ्यो कि भन्ने मलाई लागिरहेको छ ।'

शिवप्रसाद शिवाकोटीको राप, नाप र कापमा नपरेका कम्युनिस्ट झापामा बिरलै थिए । त्यसैले टाढाटाढाबाट पनि उनलाई भेट्न सालबारीमा कम्युनिस्टहरूको लस्कर लाग्थ्यो । यही क्रममा पूर्वाञ्चलीय कम्युनिस्टको सशक्त योद्धा नन्दकुमार प्रसाई पनि केही जान्न र केही जनाउन सालबारी पुग्ने गर्थे । अनि पछिल्ला दिनमा उनले भन्ने पनि गरे– 'शिवप्रसाद शिवाकोटी स्वयम् एउटा आन्दोलन हुनुहुन्थ्यो । झापा काण्डको प्रथम भ्रूणको पिता नै शिवप्रसाद शिवाकोटी हुनुहुन्थ्यो ।' उनी 'भ्रूणको पिता' भएपछि सम्पूर्ण कम्युनिस्ट नै त्यति बेला शिवाकोटीको थाप्लोमा उभिनु स्वाभाविकै पनि थियो ।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि शिवप्रसाद शिवाकोटीलाई खुबै आदर गरे । खनाल भन्नु कम्युनिस्ट सिद्धान्तका अर्का एक जना शिखर चिन्तक मानिन्छन् र तिनै विचारकले शिवाकोटीबारे भनि पनि रहे– 'शिवाकोटीले आफूलाई सधैँ एउटा निष्ठावान् र नैतिकवान् नेताको रूपमा प्रस्तुत गर्नुभयो । उहाँ अविरल पार्टी, क्रान्ति, देश र

जनताप्रति अनि मार्क्सवाद, लेनिनवादप्रति दृढ रहनुभयो । उहाँले पार्टीको विकास, निर्माण र विस्तार तथा जनसङ्घर्षको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान गर्नुभयो ।'

झापा आन्दोलनका अर्का सक्रिय प्रमुख योद्धा राधाकृष्ण मैनाली पनि थिए । पछिल्ला दिनका उनीमा केही विचलन पनि आएको देखियो । उनी पुष्पलालीय कम्युनिस्टभित्रै जन्मे, हुर्के र बढे । तर पछिल्लो राजनीतिमा उनी सफलै पनि भए र मन्त्रीसम्म भए । त्यस कालखण्डमा उनीसँग शिवाकोटीको भेटघाट भयो तर उनले शिवाकोटीलाई चिनेनन् । त्यही प्रसङ्गमा शिवाकोटीले नरेन्द्रराज प्रसाईलाई भनेका थिए– 'हामीले ज्यान फालेर ल्याएको बहुदलीय व्यवस्था त राजसी भएछ । आज म मन्त्री मैनाली भेट्न गएको थिएँ तर उनले त मेरो मतलबै गरेनन् । उनको कम्युनिस्ट सिद्धान्त उनीबाट निखिसकेछ ।' वास्तवमा त्यसपछि पनि मैनाली गुलियोमा भुल्लिएर राजाको नेतृत्वमा पनि मन्त्री खान पुगेका थिए । उनले राजसेवा गरिरहेकै बेला राजतन्त्रको टिकट पनि काटियो । त्यसपछि फेरि उनी आफ्नै कम्युनिस्ट जिन्दाबाद भन्न थाले । तर नेपाल कम्युनिस्ट पार्टीले उनलाई खिसीटिउरी र घोर अपमान गरेपछि उनी त्यहाँ टिक्न भने सकेनन् । त्यसपछि उनी पुष्पकमल दाहाल 'प्रचण्ड'को नेपाल कम्युनिस्ट पार्टी 'माओवादी'मा टाँस्सिन पुगे । त्यहाँबाट पनि उनले अपमानको ठूलै भारी बोक्नु पर्‍यो । त्यस ठाउँको पनि सिकार भएपछि उनी फेरि आफ्नै पार्टीमा फिरे । त्यतिखेर पनि आफ्नो पार्टीमा खड्गप्रसाद वलीकै बोलवालाले शिखर चुमिरहेको थियो । अनि वलीले पनि उनलाई चाटुकार भनेर एक रत्ती पनि गनेनन् । त्यसपछि उनले वलीलाई सहिदपत्नी ताक्ने भनेर तथा नाउँको आरोपमा बेइज्जत गर्न थाले । कतिसम्म भने राष्ट्रप्रमुख भइसकेकी एउटी नारीका नाउँसँग पनि मैनालीले वलीलाई घिसार्न छाडेनन् । तर पनि उनले झापा विद्रोहचाहिँ भुलेका थिएनन् ।

यसै क्रममा उनले भनेका थिए– ‘शिवप्रसाद शिवाकोटीलाई म झापा आन्दोलनअगाडिकै हस्तीका रूपमा सम्झन्छु । शिवजीलगायतले बनाएको साहसिलो जगमा झापा आन्दोलन उठेको हो ।’

झापा क्रान्ति ऐतिहासिक थियो । त्यस क्रान्तिले एकातिर पाँच जनालाई सहिद बनाएको थियो भने एक जनाले प्रधानमन्त्रीको ओहोदामा पनि विराजमान हुने मौका पाएका थिए । अनि त्यस पार्श्व भूमिकामा पनि शिवप्रसाद शिवाकोटी नै मानिन्थे । उनको कृत्यले नेपाल राष्ट्र नै हल्लिएको थियो । त्यसै बेलाको रापले अझैसम्म पनि कम्पन गरिरहेको छ । झापा विद्रोहको रौनक कस्तो थियो भने पूर्वाञ्चलबाट राजधानी आएका कम्युनिस्टहरूको चुरीफुरी नै शिवप्रसाद शिवाकोटीको बिम्ब थियो । यसैबारेको तथ्यलाई प्रकाश पार्दै पूर्वकार्यवाहक प्रधानमन्त्री वामदेव गौतमले लेखे– ‘झापा सङ्घर्ष व्यापक र सशक्त रूपमा फैलियो । यस आन्दोलनले शिवप्रसाद शिवाकोटीलाई नेताका रूपमा अगाडि बढायो । ... शिवप्रसादले आह्वान गरेपछि हजारौँ निशस्त्र फौज तयार हुन्थ्यो । उहाँको कमान्डमा फौजले मार्च पास गरेजस्तै देखिन्थ्यो । ... झापामा शिवजीले भनेअनुसारै कामकुरा लागू हुन्थ्यो ।’ वास्तवमा शिवप्रसाद शिवाकोटी झापा विद्रोहका एक जना अलौकिक कमान्डर थिए ।

शिवप्रसाद शिवाकोटीलाई जान्ने, बुझ्ने र आदर गर्ने अर्का कम्युनिस्ट नेताको नाउँ हो– चन्द्रप्रकाश मैनाली । उनी पछिल्ला दिनमा उपप्रधानमन्त्री पनि भए । झापा आन्दोलनताका नै उनको शिवप्रसाद शिवाकोटीसँग कार्यगत एकता भएको थियो । त्यस पछाडि पनि मैनालीले शिवाकोटीको गुणलाई सदैव हृदयमा टाँसिरहे । अनि उनले भनि पनि रहे– ‘शिवप्रसाद शिवाकोटी झापा विद्रोहका जगढुङ्गा हुन् ।’ त्यति मात्र होइन, मैनालीले शिवाकोटीको झापा क्रान्तिको महिमा गान गाउन पनि छाडेनन् । उनले यसबारे लेखे

पनि– 'शिवप्रसाद शिवाकोटी झापा विद्रोहका एक अविस्मरणीय नायक हुनुहुन्थ्यो । उहाँ नायक मात्र नभएर त्यस विद्रोही संरचनाको जगढुङ्गा पनि हुनुहुन्थ्यो । उहाँजस्तो जगढुङ्गाबिना झापा विद्रोहको स्थापना हुन सक्ने थिएन ।' अनि झापा विद्रोहका अर्का सैद्धान्तिक बौद्धिक र सङ्गठनको मियोको नाउँ नै सीपी मैनाली पनि थियो । तिनै मैनाली शिवप्रसाद शिवाकोटीको योगदानबाट थप प्रेरित थिए ।

नेपाली कम्युनिस्ट आन्दोलनमा पुष्पलालपछाडिको सशक्त आन्दोलन झापा आन्दोलन थियो । त्यही आन्दोलनको झिल्कोले नेपाली कम्युनिस्ट आन्दोलनका अनेक राजमार्ग, गोरेटो, गल्लीहरूमा विविध प्रकारको बीजारोपण पनि भएको थियो । तर झापा विद्रोहचाहिँ सुखानीमा गएर सेलाएको थियो । पछिल्ला दिनमा नेपाल कम्युनिस्ट पार्टी 'माओवादी' कम्युनिस्ट आन्दोलनको महसुर भएर पनि देखा पऱ्यो । जसको नेतृत्व पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरेका थिए । अन्तत: त्यही दलको गुदी, रस र बोक्रा ग्रहण गरेर राजाको विरोधमा अरू दलहरू पनि गणतान्त्रिक आन्दोलनमा खनिएका थिए । अन्तत: त्यही दलको भरमा भारतलगायत अन्य केही देशसमेत लागेर नेपालमा राजतन्त्र उखेलिएको थियो । अनि यसको भित्री श्रेय रामनाथ दाहालदेखि शिवप्रसाद शिवाकोटीसम्मलाई पनि दिनुपर्ने भयो । अथवा भनौँ, पुष्पलालदेखि मदन भण्डारीको छाता ओढ्ने सम्पूर्ण कमरेडहरूलाई दाहाल र शिवाकोटीको नाउँको आवश्यकता खट्कियो । साथै अहिलेसम्म पनि रामनाथ दाहालदेखि शिवप्रसाद शिवाकोटीसम्मले यही बेहोराको अगुवाइमा आफूहरूको नाउँ लेखाइरहेका छन् । यसबारे नेपाल कम्युनिस्ट पार्टी एमालेका विशिष्ट नेता, चिन्तक, विचारक र पूर्वमन्त्री प्रदीप नेपालले भने– 'अहिलेको नेपाल कम्युनिस्ट पार्टी (एमाले)को मूल २०२७ सालदेखि २०३० सालसम्मको झापा सङ्घर्ष नै हो ।' वास्तवमा झापा विद्रोहको रौनक

नै चुम्बकीय थियो । कतिसम्म भने रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटी एमालेका आदर्श नै पनि मानिए । अनि कतारका लागि नेपाली राजदूत डा.नारदनाथ भारद्वाज र सोमनाथ दाहालको सम्पादनमा प्रकाशित 'शिवप्रसाद शिवाकोटी : झापा विद्रोहका एक कमान्डर'नामक ग्रन्थले पनि यसै बेहोराको सग्लो रूपमा पुष्टि गरेको पनि पाइन्छ ।

# शिवप्रसाद शिवाकोटीलाई सुखानी हत्याको झड्का

झापा विद्रोहका कारण त्यहाँका मान्छेहरू आकुलव्याकुल भएका थिए । त्यस विद्रोहबाट खास गरेर शोषक, फटाहा र सामन्त मनोभाव भएका मान्छेहरूको सातोपुत्लो गएको बुझिन्थ्यो । शिव दाइहरू त्यस बेलासम्ममा नक्सलाइट कम्युनिस्टको शीर्षकमा कहलिन थालिसकेका थिए । त्यसै फेरोमा झापा आन्दोलनका मुख्य नायक मानिएका रामनाथ दाहाल पनि पक्राउ परेका थिए । उनी बुटन चौधरी मारिएको सात महिनापछि समातिएका थिए । अथवा भनौं, उनी २०२९ मङ्सिर २८ गते उनकै घरछेउमा पक्राउ परेका थिए । रामनाथ दाहाललाई पक्राउ गरेपछि प्रहरी प्रशासनले उनलाई दानवीय व्यवहार देखाएको थियो । कतिसम्म भने तीन महिनासम्म उनलाई पिट्तै रगत छदाउँदै र अस्पताल लगेर उपचार गर्दै र फेरि पिट्तै, रगत छदाउँदै गरेर पुलिस प्रशासनले जेलमा राखेका थिए ।

राजा महेन्द्रको निधनपछि राजा वीरेन्द्रलाई नवचाकरीदारहरूले खेलाउन थालेको बुझिन्थ्यो । त्यसैले त्यस कालमा नेपालमा न्याय र अन्यायबारे अप्ठचारो अवस्थाको सिर्जना हुन थालेको थियो । राजनैतिक कुराहरू वार्ताबाट समाधान हुनुपर्ने या जनताको पीरमर्का बुझेर प्रशासनले न्याय दिन सक्ने भन्ने कुराले त्यति अर्थ राख्न सकिरहेको थिएन । राजा वीरेन्द्रको शासनकालमा जनहत्यामा क्रमश: बडोत्तरी हुने कारण नै राजाका चाकरीदार र कर्मचारीहरूको हाबी नै प्रमुख तत्त्व मानिन्थ्यो । त्यसैले झापामा त्यति ठूलो डँडेलो लाग्दा पनि

सरकारी पक्षबाट सुरुमा त्यतिसारो चासो देखाएको पाइँदैन थियो । भनौँ, झापा आन्दोलनका एउटा नायक रामनाथ दाहालदेखि झापा विद्रोहका अर्का एउटा नायक शिवप्रसाद शिवाकोटीसम्मको वार्तामा आएर मध्यस्थता गर्ने सरकारका तर्फबाट जिल्ला, अञ्चल र केन्द्रबाट कुनै मान्छे देखा परेका थिएनन् । अनि क्रमशः देशमा दुःखद घटनाहरू पनि दोहोरिरहेका थिए ।

•

२०२९ फागुन २० गतेको कुरा हो– झापा जेलबाट इलाम जेल सार्ने बहानामा शनिश्चरे बजारको बाटोबाट बेलुका ४ बजेतिर रामनाथ दाहाल, वीरेन राजवंशी, नेत्र घिमिरे, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई पुलिसले डोऱ्याएर लगिरहेका थिए । त्यस बेला उनीहरूका हात फलामका चुराले बाँधिएका थिए । पाराखोपीको पुलबाट म घर फर्कंदै गरेको अवस्थामा मैले अपर्झट त्यो दृश्य देखेको थिएँ । त्यसै घडी राम दाइका आँखामा मेरा आँखा जुध्न गएका थिए । त्यस बखत हामी एकअर्कालाई केही सेकेन्ड टुलुटुलु हेरिरहेका थियौँ । उनी पुलिसको डोरीको डोऱ्याइमा सरासर हिँडिरहे ।

त्यस दिन म सालबारी नगएर शनिश्चरे बजारमा नै बसेको थिएँ । २१ गते बिहानै हामीले थाहा पाएका थियौँ– उनीहरूलाई सुखानी जङ्गलमा पुऱ्याएर गोली ठोकेर मारिएको रहेछ । अर्थात् २०२९ फागुन २१ गते बिहानको सूर्योदयसँगै मेरा दाजु रामनाथ दाहाललाई इलाम जाने मूलबाटैको सुखानीको जङ्गलमा गोली हानेर मारिएको थियो । त्यतिखेर मैले त्यो दृश्य पनि सुखानीमा नै पुगेर हेरेको थिएँ । त्यतिखेर म सुखानी पुग्नुपर्ने कारण के थियो भने– मेरा दाजु विष्णुभक्त प्रसाईको झापाको शनिश्चरेमा हाङपाङ फोटो स्टुडियो थियो । मेची अञ्चलका एसपी पद्मबहादुर मानन्धर सरासर हाम्रो घरमा आएर मेरा दाजुलाई क्यामरासहित उनी चढेकै जिपमा

बस्ने उनको आग्रह भयो । जिपभरि प्रहरी थिए । त्यहाँ बस्ने सिट पनि थिएन । तर पनि म मेरो दाजु बसेको मोटरको पछाडि झुन्डिएर नै भए पनि सुखानी पुगेको थिएँ । सुखानी पुगेपछि मैले अकल्पनीय र हृदयविदारक दृश्य देखेँ र मन थाम्न नसकेर म त्यहीँ रोएको थिएँ ।

हामी सुखानी पुग्नुअघि घटनास्थलमा मान्छेलाई हिँड्न पुलिसले प्रतिबन्ध लगाएको रहेछ । त्यस ठाउँमा झन्डै पन्ध्र जनाजति प्रहरी बन्दुक बोकेर उभिएका देखिन्थे । तर घटनास्थल वारि र पारि मान्छेको कुँडुलो थियो । एकातिर त्यो इलाम झापाको मूलबाटो थियो र अर्कातिर पाँच जनालाई गोली ठोकेर मारेको समाचारले त्यो क्षेत्रमा कोलाहल मच्चिइसकेको थियो । घटनास्थल पुगेपछि एसपीको मोटरबाट हामी सबै ओर्लियौँ । त्यति बेला एउटा प्रहरी आएर एसपी पद्मबहादुरसमक्ष सलाम हान्दै बोलेको थियो– 'रामनाथ माओ त्सेतुङ भनेर जोडले करायो, अरूले जिन्दाबाद भने ।' अनि एसपी मानन्धरले त्यसै बेला कड्केर पुलिसलाई भनेका थिए– 'नबोल्, चुप लाग् !' हामी सुखानी पुगेको केही बेरमा नै इलामबाट पनि प्रहरीको एउटा जिप त्यहीँ आएर अडिएको थियो । त्यस जिपमा प्रहरी निरीक्षक त्रैलोक्यनाथ वली र जिपभरि प्रहरीहरू थिए ।

केही समयपछि त्यहाँ बाटो हिँड्नेका लागि निषेध हटाइएको थियो । अनि त्यो कहालीलाग्दो ठाउँमा मान्छेहरूको भीड बढ्ने क्रम जारी भयो । रामनाथ दाइ इलाम जाने मोटरको बाटैको कापमा रगतको आहालमा उत्तानो परेर सुतिरहेका थिए । त्यहाँ मारिएका अरू क्रान्तिकारीहरूको मृत शरीर पनि त्यस्तै बीभत्स, दर्दनाक र हेरिनसक्नुको थियो । त्यो ठाउँ कतै रगतको दह, रक्ताम्मे र रगतकै टाटैटाटाले ढाकिएको थियो ।

रामनाथ दाइका कम्मरमा चाहिँ झन्डै २० फुटको लामो डोरीले बाँधिएको थियो । अरूहरूका पनि कसैका खुट्टा, कसैका

कम्मरमा त्यस्तै लामालामा डोरी बाँधिएका थिए । तर सबैका हातमा हतकडी नै पनि छँदै थिए ।

रामनाथ दाइका छातीमा गोलीका तीनवटा ठूलाठूला दुला परेका थिए । उनलाई गोली हान्दा उनी यताउति दौडिएका थिए, सायद ! किनभने उनी ढलेको वरिपरिका रूखबिरुवाका बुटा सोत्तरझैं माडिएका थिए । सबै क्रान्तिकारीहरूलाई एकअर्काको आठदेखि दस फुटसम्मको हाराहारीमा बाँधिएको थियो । उनीहरू बाँधिएका वरिपरि सबैतिरका बुटा र झारहरू माडिएका थिए । त्यहाँ कसैका टाउकामा गोली हानिएको थियो, कसैका भुँडीमा र कसैको गुप्ताङ्गमा नै गोली लागेको थियो । एक जना कमरेडको टाउकाको खबटा उछिट्टिएर नौदस फुटजति टाढा देखिन्थ्यो । एक जनाको भुँडी फोरिएर छ्यालब्याल भएको थियो । मैले त्यहाँ रामनाथ दाइ र नेत्र घिमिरेलाई मात्र चिनेको थिएँ । घिमिरेचाहिँ झाडीको बुटोकै फेदमा ढलेका थिए । अनि त्यतिखेर उनलाई देखाउँदै एउटा पुलिस हाँस्तै बोलेको थियो– 'यस मान्छेको त परिवार नियोजन नै भयो नि !' घिमिरेका छाती र गुप्ताङ्गमा गोली लागेको भ्वाङ देखिन्थ्यो ।

त्यस घडीको त्यो दृश्य हेरेर रुँदै म त्यस साँझ घर फर्केको थिएँ । अनि सुखानीको सबै बेलीबिस्तार मैले मेरी आमालाई सुनाएको थिएँ । त्यतिखेर मैले मेरी आमालाई पनि मसँगसँगै रुवाएको थिएँ । सुखानीको त्यो रक्तकुण्डको डरलाग्दो इतिहास त्यसै दिन मैले मेरो डायरीमा पनि कोरेको थिएँ ।

••

सुखानी काण्डपछि झापा विद्रोहमा समर्पित सम्पूर्ण क्रान्तिकारीहरूको भावनामा डरलाग्दो ठेस लागेको थियो । त्यस घटनाले शिव दाइको जीवनमा ठूलो धक्का लागेको थियो । भनौं, त्यस बेलाको दु:खद अवस्थाका कारणले उनलाई राजनीति र व्यक्तिगत

रूपमा भयङ्कर क्षति पुगेको थियो । त्यस घडी उनले जहाज डुब्दाको सर्वस्व अनुभूत गरेका थिए । वास्तवमा रामनाथ दाइको जीवनलीला टुङ्गिएपछि शिव दाइ पानीबिनाको माछाजस्तैको अवस्थामा पुगिसकेका थिए । त्यसपछि प्रशासनले उनको झन् सारो खोजीनिती गर्न थालेको थियो । शिव दाइलाई जहाँ भेटचो त्यहीँ गोली हान्ने भन्ने हल्लाले झापा जिल्लालाई छोपेको थियो । त्यसपछि केही सीप नलागी उनी रातिराति झापा आउन पनि छाडेका थिए । अनि उनी सरासर भारतको आसाम पुगेका थिए । तर उनी आसाम पुगेको बेहोरा हामीले पनि धेरैपछि मात्र थाहा पाएका थियौँ ।

रामनाथ दाइहरूको हत्या गरिएपछि जयप्रसाद यूके पनि राजनीतिमा सक्रिय भएको मैले चाल पाइनँ । यूके दाइजस्तै अरू पनि विद्रोहीहरूमध्ये केही आआफ्नो खेतीकिसानीमा लागे भने केही विद्रोही र राजनीतिज्ञहरू कम्युनिस्ट सिद्धान्तका विविध स्वरूपमा भित्रभित्रै सङ्गठनमा मौजुद थिए । खास गरेर रामनाथ दाइहरूलाई सहिद बनाएपछि राज्यले झापाका लागि कठोरभन्दा कठोर सुरक्षाका उपायहरू अपनाएको थियो । त्यसपछि क्रमश: र क्रमश: रूपमा झापा विद्रोहचाहिँ सुस्ताएर नै गएको थियो, हराएर नै गएको थियो र छोपिएर नै गएको थियो ।

# शिवप्रसाद शिवाकोटीको निर्वासित जीवन

सालबारीको गोरु काण्डदेखि शिवप्रसाद शिवाकोटीका लागि प्रहरी प्रशासनको डरलाग्दो गस्ती सुरु हुन थालेको थियो । त्यतिखेर झापामा त्यस्तो स्थितिसँग सामना गर्न सम्बन्धित पात्रलाई सजिलो थिएन । अनि त्यतिखेर शिवप्रसाद शिवाकोटीले आफ्नो जीवन रक्षाका लागि बाटो खोज्नैपर्ने अवस्थाको सिर्जना भएको थियो । त्यस बेला प्रहरी प्रशासनका आँखामा शिवप्रसादसिवाय अरू विद्रोही देखिएका थिएनन् । सालबारीबाट नजिक पर्ने जस्तै– भारतको पानीटचाङ्की, नक्सल, बागडुग्रा, सिलिगुढी र खरसाङ, कालेबुङ, दार्जिलिङ आदि ठाउँमा समेत नेपालका प्रहरीको सुराकी पुगिसकेको थियो । त्यसपछि शिवाकोटीले लामो यात्रा समाउनुपर्ने बाध्यताले उनलाई घचघच्चाएको थियो । त्यसैले उनी सरासर भारतको आसाम पुगेका थिए ।

झापा हत्याकाण्ड भएपछि झापामा धेरै मान्छे जन्मकैदका सिकार भएका थिए । तीमध्ये मोहनचन्द्र अधिकारी, चन्द्रप्रकाश मैनाली, राधाकृष्ण मैनाली, खड्गप्रसाद वली, अम्बरबहादुर कार्की, अम्बरबहादुर अधिकारी, मनकुमार गौतम, गौरा प्रसाई आदिलाई जन्मकैद गर्ने मुद्दा लगाइएको थियो । शिवप्रसाद शिवाकोटीका जेठा छोरा भीष्मराज शर्माका अनुसार झापा विद्रोहमा २५–३० जना प्रमुख नेतृत्वलाई जन्मकैद गर्नेबारेको जानकारी सुनाइएको थियो । त्यसै फेरोमा शिवप्रसादले रातोरात निर्वासित हुनुपरेको थियो ।

झापा विद्रोहका प्रसङ्गमा सरकारी पक्षले अति कठोर नीति लिएको थियो । त्यसै परिवेशमा शिवप्रसाद शिवाकोटीलाई पनि प्रशासनले डरलाग्दो स्थितिमा प्रस्तुत गरेको थियो । उनलाई पनि जन्मकैद हुने फैसलामा लगिएको थियो । उनलाई त्यस घडी राजकाज, जनहत्या, डाँका आदि विषयको मुद्दासमेत पनि भिराइएको थियो । उनको सर्वस्व जफत गर्ने पनि फैसला भएपछि उनका लागि आफ्नो माटोले पनि त्यहाँ नबस्न निर्देश गरिरहेको थियो । त्यति मात्र होइन, 'शिवप्रसादलाई जहाँ भेटे पनि गोली हान्ने' प्रहरीले निर्देशन पाइसकेका थिए । ती सबै कारण जोडिएर नै उनी रातारात भारतको जलपाईगुडी हुँदै आसाम पुगेका थिए ।

आसाम पुगेपछि शिवप्रसादले नेपालबारे गहिरो चिन्तन गरे । तर त्यतिन्जेलसम्ममा उनले नेपाल फर्कनु भनेको आत्महत्या गरेझैँ हुने परिस्थितिको सिर्जना भएको थियो । त्यसैले उनले भारतमा नै आफ्नो निर्वासित जीवन बिताउने निर्णय गरेका थिए । साथै उनले क्रमश: आफ्ना सन्तानलाई आफू बसेको आसाममा ओसार्ने प्रबन्ध गरे । त्यहीअनुरूप २०३० सालमा उनले जेठा छोरा भीष्मराजलाई आसाम बेलाएका थिए । त्यतिखेर भीष्म सात वर्षका थिए ।

शिवप्रसादले आसाममा बसेका बेला इलममा नै बाँधिने निधो गरे । सोहीअनुरूप उनले आफ्नी ठूलीआमाकी छोरी जानुका प्रसाईको खेतमध्ये केही जग्गा मागेर खेती गर्न थाले । उनले त्यहाँ धानखेती गर्न थाले र सुनपाटको पनि खेती सुरु गरे । त्यस काममा उनी सफल पनि भए । तर पनि त्यस ठाउँबाट आफ्ना सन्ततिको भविष्य त्यति उज्जल नहुने सम्भावना देखेर उनी शिवसागर जिल्लाको बोकाखाटमा सरे । त्यसै बेला उनले आफ्नी आमालाई झापाबाट त्यस ठाउँमा झिकाएका थिए । तर उनकी आमा त्यहाँ धेरै दिन अडिन सकिनन् र झापा नै फिरिन् ।

बोकाखाटमा पनि शिवप्रसादको वामराजनीति सुरु भएको थियो । बोकाखाट भारतीय कम्युनिस्ट पार्टीको फराकिलो विस्तार देखेर नै उनी त्यस ठाउँमा बसाइँ सरेका थिए । केही वर्षसम्म त्यस ठाउँमा उनी कम्युनिस्ट पार्टीकै कार्यमा समर्पित थिए । अनि पार्टीमा उनको निष्ठाका कारण कम्युनिस्ट पार्टीले उनलाई सदस्यता पनि प्रदान गरेको थियो ।

शिवप्रसादलाई लामो समयसम्म आसामको बोकाखाटमा बस्न जुरेन । उनी त्यहाँ एक वर्ष मात्र बसे । त्यसपछि उनी धेमाजी जिल्लाको गोगामुख बसाइँ सरे । त्यस ठाउँलाई चाहिँ उनको मनले खाएको थियो । अनि घरसल्लाहले शिवप्रसादले ससुरालीको सहयोगमा त्यहाँ तीन बिघा जमिन किने । त्यसैताक अर्थात् २०३० सालको कुरा हो– उनकी आमा झापामा नै स्वर्गीय भइन् । आफ्नी आमा बितेको पैँतालिस दिनपछि मात्र उनले समाचार पाएका थिए । आमाको निधनपछि उनले पत्नी र छोराछोरीलाई झापाबाट गोगामुखमा स्थानान्तरण गराएका थिए ।

धेमाजी कम्युनिस्टहरूको बोलवाला भएको जिल्ला थियो । त्यस ठाउँमा पनि शिवप्रसादको राजीनीति फस्टाउन थालेको थियो । त्यस बेला उनले त्यहाँ स्थानीय राजनीतिमा आफूलाई प्रस्ट देखाउन थालिसकेका थिए । त्यसैले पनि उनका लागि धेमाजी कर्मभूमिका रूपमा अनुवाद भएको थियो ।

शिवप्रसाद धेमाजीको खेती किसानमा मात्र सीमित भएनन् । उनले त्यहाँ विविध व्यापार गर्ने मनसाय पनि राखे । परिणामस्वरूप उनले त्यहाँ कपडा दोकान र लुगा सिलाउने कारखाना खोले । त्यस ठाउँमा त्यो स्तरको थानथान कटराइज, टेलरिङ र उलनको कपडा पसल र रेडिमेड कपडा पसल सदरमुकामबाहेक अन्त थिएन । उनले पसल खोलेपछि त्यस ठाउँमा सुट लगाउनेको पनि जनसङ्ख्यामा बढोत्तरी हुन थालेको थियो । धेरैले पैसा तिरेर लगाए अनि धेरैले

बाँकीमा पनि सुट लगाए । खास गरेर कम्युनिस्ट भन्नेहरूले चाहिँ उनको पसलबाट सुट उधारो लान थाले । अनि उनको पसलको नाउँ नै उधारो पसलमा परिणत हुन थाल्यो । नाफामा चलेको उनको पसल क्रमश: घाटैघाटामा जान थाल्यो । अन्तत: आफ्नै सैद्धान्तिक साथीहरूका कारण शिवाकोटी टाट पल्टे र केही सीपै नलागेपछि उनले पसल बन्द गरिदिए ।

शिवप्रसादको पसल हटेपछि उनले अर्को व्यवसाय सुर गरे । अथवा भनौँ, उनले त्यसै ठाउँमा फलफूल खेती गर्न थाले । त्यस व्यवसायबाट उस्किन उनले रातोदिन प्रयास गरे । उनको पसिनाको कमाइमा उनी पास पनि हुन थाले । भनौँ, फलफूल खेतीबाट उनी क्रमश: उस्किन थाले ।

शिवप्रसाद शिवाकोटी खेतीमा अब्बल मानिन्थे । झापामा झैँ आसाममा पनि उनको खेती गर्ने शैली उच्च कोटीको थियो । त्यसैले उनले लखिमपुर जिल्लास्तरीय उदाहरणीय कृषकको उपाधिसमेत पाएका थिए । त्यसपछि जिल्ला सरकारबाट उनले कृषिका लागि विशेष औजार पनि प्राप्त गरेका थिए । त्यसपछि उनी कृषि व्यवसायमा झन् सारो चम्केका थिए ।

शिवप्रसाद बसेको जिल्ला लखिमपुरमा गाँजा, भाङ, जुवातास, रक्सी, जाँडको ठूलो व्यापार हुन्थ्यो । त्यस ठाउँमा गाँजा खानेहरूको सङ्ख्या अधिक थियो । किशोर, युवा, प्रौढ र बूढाबूढीहरूका साथमा गाँजा खाने चिलिमसमेत हुन्थ्यो । साथै चोरी डाँकाका कारणसमेत जोडिनाले त्यो ठाउँ असल मानिँदैनथ्यो । अनि शिवप्रसादले तिनीहरूलाई सम्झाइबुझाई गरे । भनेको नटेर्नेउपर कम्युनिस्ट नेताहरू र पुलिस प्रशासनको गुहार मागेर उनले त्यस प्रकारका विकृति हटाउँदै जान थाले । अन्तत: त्यो ठाउँ एउटा सौम्य, शान्त र शालीन ठाउँका रूपमा अनुवाद भएको थियो ।

लखिमपुरमा स्थानीय आदिवासीबाहेकलाई जग्गाको लालपुर्जा पनि दिँइदैनथ्यो । तर शिवप्रसादको सक्रियतामा त्यहाँ सबैले आआफ्नो जग्गाको लालपुर्जा पाउन थालेका थिए । उनको त्यहाँका जनताप्रतिको मोहको कारण उनलाई गोगामुख टाउन हाईस्कुलको सञ्चालक समितिको सदस्यमा पनि मनोनयन गरिएको थियो । त्यसपछि उनलाई त्यहाँका बासिन्दाले आफ्नो संरक्षक मान्न थालेका थिए ।

गँजेडीको अखडा भएकै कारण लखिमपुर जिल्लाको शुक्रबारे बजारलाई चिलिमपुर भन्ने गरिन्थ्यो । चिलिमपुर लखिमपुरको नामी ठाउँमध्येकै मानिन्छ । त्यस ठाउँमा गरेको सत्कार्यले त्यहाँका बासिन्दाले शिवप्रसादको ससम्मान धेरै नाउँ लिएको पाइन्छ ।

•

शिवप्रसादको फलफूल खेतीले धेरै आम्दानी दिन थाल्यो । उनले एक्लै नभ्याएपछि उनकी श्रीमती र विद्यार्थी छोराहरूले बरबगैँचा र खेतीपातीमा उनलाई सहयोग गर्न थाले । त्यस कालखण्डसम्ममा उनले कम्युनिस्ट पार्टीमा पनि धेरै नाउँ कमाइसकेका थिए । अनि स्वास्नी, छोराछोरीलाई बरबगैँचा जिम्मा दिएर उनी पूर्ण रूपमा राजनीतिमा नै सक्रिय हुन थाले । उनको राजनीति र किसानीले जनप्रियता हासिल गर्न थाल्यो । तर त्यसै बखत प्रधानमन्त्री इन्दिरा गान्धीले लगाएको सङ्कटकालको फेरोले फेरि विपक्ष राजनीतिज्ञहरूलाई सताउन थालेको थियो । त्यसैले त्यतिखेर उनले पनि इन्दिरा गान्धीविरोधी नेतृत्व लिनुपर्ने भयो । त्यस कालखण्डमा भारतीय कम्युनिस्ट पार्टीका जिल्लाका उनी पनि एक जना नेता थिए । त्यस पार्टीमा उनी पूर्णकालीन काम गर्थे । परिणामस्वरूप उनलाई भारतीय सरकारले आफ्नै घर गोगामुखमा नियन्त्रणमा राख्यो र दुई वर्षसम्म उनी नजरबन्दमा परेका थिए । त्यसपछि उनको खेतीपाती र बरबगैँचाको आम्दानीमा पनि सुकेनास लाग्न थाल्यो ।

शिवप्रसाद राजनीतिक तथा आर्थिक कारणले गोगामुखमा धेरै टिक्न सकेनन् । अनि आठ वर्षपछि उनी परिवारसहित नलबाडी जिल्लामा बसाइँ सरे । त्यहाँ उनी पूर्व जिल्लामा परिचित भएकै रङ लागेको थियो । परिणामस्वरूप उनलाई त्यहाँका कम्युनिस्टले काँध थाप्न थाले । साथै उनी त्यहाँ राम्रो समाजसेवीका हकदार हुन थाले । त्यस ठाउँमा जनप्रियता कमाएपछि उनी काउली उच्चमाध्यामिक विद्यालयको सञ्चालक समितिको अध्यक्षमा समेत छानिए ।

नलबाडीमा शिवप्रसादले चार बिघा खेत किनेर कृषि उद्योग चलाए । त्यस उद्योगमा पनि उनी प्रथम कोटिमा देखिए र जिल्लाबाट पुरस्कृत हुन थाले । सुपारी, नरिवल, गहुँ, धान र फलफूलमा उनको योग्यता माथिल्लो स्तरको देखिएको थियो । नलबाडीमा स्थानीय विविध अन्याय र मर्काको विरोधको नेतृत्व गर्न पनि उनी चुक्तैन थिए । परिणामस्वरूप उनी अखिल भारत किसान सभाको प्रतिनिधि सदस्य पनि भए ।

शिवप्रसाद शिवाकोटीले निर्वासित जीवनमा आफ्नो आर्थिक अवस्था उकास्न हरेक उद्योग गर्नुपरेको थियो । उनले हरेक काम गर्दा फलामको च्यूरा चपाउनुपरेको थियो । निष्ठापूर्वक पसिना बगाएर काम गरेको हुँदा निर्वासित जीवनमा पनि शिवप्रसादपरिवार सफल भएका थिए । भारतीय भूमिमा त्यस प्रकारको बसाइका बारे शिवप्रसादका साहिँला छोरा युवराज शर्माले पनि मन खोलेर लेखे– 'हामी भारतमा हुँदा चरम आर्थिक अवस्थाका कारण स्कुल बिदा हुँदाका दिनहरूमा तरकारी र फलफूल बारीमा काम गर्ने र दुई मुठा साग भए पनि बजारमा लगेर बिक्री गर्ने, घरका हलीहरूलाई खेतमा खाजा पुऱ्याउन, धान काट्ने र दाइँ गर्ने, धान सिला खोजेर ल्याउने र बिक्री गर्ने, गाईबस्तु चराउने आदि सबै काम गरिन्थ्यो । त्यति मात्र नभई घरअगाडिको स्कुलको ठूलो फुटबल क्रिकेट मैदानमा

हुने खेलकुद प्रतियोगिता वा हिउँदमा आयोजना हुने रात्रिकालीन थिएटरहरूमा चियापान, तामुल (सुपारी), चुरोट बेचेर हामी मनग्गे आम्दानी गर्ने गर्थ्यौं । हरेक शुक्रबारको हाटमा बजारको कारोबार सकिएपछि धागो व्यापारीहरूका सामान बोराहरूमा हालिदिने र घोडा, गाडामा हालिदिने काम पनि भ्याइन्थ्यो । धेरैजसो समय बुबा सामाजिक र राजनीतिक काममा र मुमा घरायसी काम र खेतीमा व्यस्त भएको हुँदा हामी स्वःस्फूर्त त्यस्ता काममा अग्रसर हुने गर्थ्यौं र आफ्नो खर्च आफैं व्यवस्थापन गर्थ्यौं । पछि कक्षा आठ पढ्दादेखि नै घरवरिपरिका आठदस जना बच्चाहरूलाई मैले ट्युसन पढाउन सुरु गरें । कतिले नगदै र कतिले वार्षिक रूपमा धान शुल्कका रूपमा तिर्ने गर्थे ।'

पछिल्ला दिनमा शिवप्रसादका छोराहरूले नेपालमा आएर पनि आआफ्नै व्यवसाय समाते । अनि चारै जना छोरा आआफ्ना काममा सफल भए । उनीहरूमध्ये सबै जना एकभन्दा अर्को निपूर्ण भएर निस्के । मानौं, उनीहरूले परिश्रम गर्न आफ्नी आमाका पेटमा नै सिकेका थिए ।

शिवप्रसाद शिवाकोटीले निर्वासित जीवनमा रगतका आँसु खसाए पनि सुटुक्कै पुस्थे । जस्तै विषम परिस्थितिमा पनि उनी हाँसीहाँसी समाजमा आफ्नो सकारात्मक पहिचान छाड्ने गर्थे । हरेक बाटामा ठेस लागेर खुट्टा रक्ताम्मे हुँदा पनि उनी कर्ममा नै मात्र जुटिरहन्थे । वास्तवमा कर्म उनको जीवनको शब्दकोश थियो । त्यस पाठलाई उनले कुनै अप्ठ्यारो अवस्थामा पनि रट्न छाडेनन् । उनले जति हारे पनि र जति जिते तापनि उनको पैतालादेखि शिरसम्म कर्म नै कर्मको मात्र बास थियो । त्यही कर्मलाई बोकेर उनले त्यो बिरानो ठाउँमा आफ्नो दिनचर्या धानेका थिए ।

# शिवप्रसाद शिवाकोटीको स्वदेश प्रवेशपछिको पीडा

२०४६ सालको कुरा हो; त्यतिखेर राजाको प्रत्यक्ष नेतृत्वमा परिचालित पञ्चायत व्यवस्था खतम पार्न देशीविदेशी शक्तिहरू लागिरहेका थिए । त्यसै घडी शिव दाइ आफ्ना बौद्धिक साथीहरू लिएर आसामबाट दिल्ली पुगेका थिए । त्यतिखेर पञ्चायतको विरुद्धमा भइरहेको आन्दोलनलाई थप मलजल गर्ने अभिप्रायको शक्ति बढाउन उनी पनि दिल्लीबाट नै सक्रिय थिए । बहुदलवादीहरूको सङ्घर्ष भइरहेकै अवस्थामा नेपालमा राजाले बहुदलीय व्यवस्था दिने घोषणा पनि गरे ।

रामनाथ दाइदेखि शिव दाइहरूसम्मको सिद्धान्त, लक्ष्य र योजना बहुदलीय व्यवस्थाको फेरबदल मात्रमा सीमित थिएन । नेपालमा उनीहरू गणतन्त्रको सपना देख्थे तर त्यतिखेर उनीहरूको सपनालाई दिवास्वप्न भन्नेहरू नै धेरै, धेरै र धेरै थिए । वास्तवमा २०४६ सालपछिको राजनैतिक परिवर्तनले विद्रोहीहरूका लागि दिवास्वप्न नै साबित गरिदिएको थियो । त्यति मात्र पनि होइन, नेपालमा गणतान्त्रिक व्यवस्था आउँदासमेत पनि सुखानीका ती सहिदहरूलगायत शिव दाइको सपनाको कदर गर्न सकेको देखिएन । नेताहरूको निजी स्वार्थका कारण उनीहरूका प्राय: हरेक कृत्यमा कैफियत नै देखिन्थ्यो । पराई देशको उठबसमा लागेर समेत उनीहरूको छवि विकृत हुन थालेको थियो । राष्ट्रलाई नै सकेसम्म भताभुङ्ग गरी उनीहरूले गणतन्त्रलाई नै गन्हाउने पारेका थिए ।

२०४६ सालमा बहुदलीय व्यवस्थाको आगमनपछि राजनीतिमा लागेकाहरूउपर राजाले आममाफीको घोषणा गरिदिए । त्यसपछि प्राय: निर्वासित नेपालीहरूको स्वदेश फर्कने लहर चलेको थियो । त्यही क्रममा शिव दाइ पनि नेपाल भित्रिएका थिए । नेपाल आएर उनी आफ्नो साला प्रेम दाहालकै घर झापाको सुरुङ्गामा बसेका थिए । त्यसैताक उनकी पत्नी कृष्णा शिवाकोटीलाई ब्रेन क्यान्सर भइसकेको थियो । अन्तत: वीराङ्गना कृष्णा भाउजूको नेपालमा नै स्वर्गारोहण भयो ।

भाउजूको शेषपछि शिव दाइ पीडादायी अवस्थामा रुमल्लिएका थिए । त्यसपछि उनले आफ्ना लागि नेपालमा कुनै स्थान देख्न सकेका थिएनन् । यति हुँदाहुँदै पनि उनका पाँचै जना छोराहरू भीष्मराज शर्मा, कृष्णराज शर्मा, युवराज शर्मा, द्वीराज शर्मा र गोविन्दराज शर्माले भने नेपाल राष्ट्रमा नै सम्पूर्ण रूपमा आआफ्ना खुट्टा टेकिसकेका थिए ।

•

झापा क्रान्ति भनौं या विद्रोह भनौं, अथवा शिव दाइ र रामनाथ दाइका कारण झापातिरका दोषी र निर्दोषी धेरै मान्छेहरू तीन वर्षदेखि बीस वर्षसम्म जेल बसेका थिए । तीमध्ये पनि कति जना बेपत्ता भए, मरे र मारिए । त्यसरी फसेका र फसाइएका मान्छेहरूका आफन्तले शिवप्रसाद शिवाकोटी र रामनाथ दाहालका कारण यस्तो घटना भयो भने र भन्न पनि छाडेनन् । अनि कतिकति मान्छेहरू शिव दाइ र रामनाथ दाइको तालिम पाएर या उनीहरूको नाउँको पुच्छर या शिर समाएर या उनीहरूको राजनीतिक बाटो पछ्याएर नेपाल सरकारको शिरसम्म पनि पुगे । तर तिनीहरूले चाहिँ रामनाथ दाइ र शिव दाइका कारणले आज म यहाँ यसरी उभिएको छु भन्ने औपचारिक घोषणा गरेको चाहिँ कसैले पनि पढ्न, सुन्न र देख्न पाएनन् ।

•

२०५१ सालको कुरा हो– शिव दाइ फेरि नेपाल आएका थिए । त्यतिखेर झापा विद्रोहका सहयोगीहरूबाट उनी छक्क परे । संसदीय व्यवस्थामा प्राय: सबैको राजसी हाजिरी देखेर उनी तीन छक्कै परे । त्यति मात्र होइन, नेपालको राजनीतिमा उनी स्तरको कुनै झिनोमसिनो उनको ठाउँ पनि रहेको उनले देखेनन् । त्यतिन्जेलसम्ममा उनका कार्यकर्ता र सहकर्मीहरू शासन व्यवस्थाका ठाउँठाउँमा आबद्ध भइसकेका थिए । त्यसै बेला शिव दाइ म (नरेन्द्रराज प्रसाई)को घर घट्टेकुलोमा आएर कमरेडहरूको चालामालाका बारे कुरा गर्दै रोएका थिए । त्यस बेला उनले मलाई भनेका थिए– 'भाइ ! हामीले जनउत्थान र देशको समृद्धिका लागि ज्यानको बाजी लगायौँ, माटो गुमायौँ र जनधन नै पनि गुमायौँ । २०४६ साल आउँदा मैले त केही न केही रूपमा जनताको शासन आयो भन्ठानेको थिएँ तर होइन रहेछ । कमरेड ठानिएकाहरूलाई पैसा, पद र कुर्सी मात्र नै चाहिएको रहेछ । शिर ठाडो पारेर हिँडेको कम्युनिस्टको सिद्धान्तलाई २०४६ सालपछि मूर्छित पारिएको रहेछ । अब त मलाई कम्युनिस्ट हुन पनि ग्लानि हुने भयो । तिमीले बेलैमा कम्युनिस्टको सिद्धान्त छाडेर मुक्ति लिएछौ । मैले पहिला गरेको कृत्यउपर मलाई पछुतो र लाज हुने काम यिनीहरूको चालचलनले पारिदिएको छ । तर पनि मेरो मनभित्र एउटा झिनो आशा भने टाँस्सिएकै छ– कुनै दिन मेरो सिद्धान्तको कम्युनिस्ट बहुरिएर पनि आउन सक्ला !'

•

अन्तत: आफ्ना सारा सपना अधुरै छाडेर शिव दाइ चिरनिद्रामा आरोहित भए । अनि हामी रोएको त्यो दिन थियो– २०५३ चैत ९ गते शनिबार । उनी त्यसै दिन बिहानै ३ बजे भारत आसामको नलबारी जिल्लाको कुमारीकटा गाउँमा स्वर्गीय भएका थिए ।

# स्रोतव्यक्ति

१. कमलराज आङ्दम्बे (ल.हरिराज आङ्दम्बेका छोरा)
२. कृष्णादेवी शिवाकोटी (शिवप्रसाद शिवाकोटीकी पत्नी)
३. केशवकुमार बुढाथोकी (पूर्वमन्त्री)
४. खगमाया वली (रामनाथ दाहालकी बहिनी)
५. खगेन्द्र प्रसाई (रामनाथ दाहाल र शिवप्रसाद शिवाकोटीका निकट पात्र तथा पूर्वमन्त्री)
६. खगेन्द्रप्रसाद ढकाल (धर्मप्रसाद ढकालका छोरा)
७. खड्गप्रसाद दाहाल (शिवप्रसाद शिवाकोटीका आत्मीय पात्र तथा झापा विद्रोहका योद्धा)
८. गणेश विमली (विष्णुप्रसाद विमलीका छोरा तथा पूर्वसांसद)
९. चन्द्रप्रकाश मैनाली (झापा विद्रोहका अग्र पङ्क्तिका योद्धा, वामपन्थी विचारक र चिन्तक, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी)का महासचिव तथा पूर्वउपप्रधानमन्त्री)
१०. जयप्रसाद यूके (वामपन्थी चिन्तक, रामनाथ दाहालका सल्लाहकार तथा झापा आन्दोलनका योद्धा)
११. दधिराम उप्रेती (शिवप्रसाद शिवाकोटीका आत्मीय पात्र तथा झापा आन्दोलनका योद्धा)
१२. नकुल काजी (झापा विद्रोहका विविध घटनाका जानिफकार, साहित्यकार तथा पत्रकार)
१३. प्रदीप नेपाल (नेपाल कम्युनिस्ट पार्टीका विचारक र चिन्तक, पूर्वमन्त्री तथा साहित्यकार)

१४. बथु चौधरी (बुटन चौधरीका घरज्वाइँ)
१५. बलिराज इङ्नाम (शिवप्रसाद शिवाकोटी र बुटन चौधरीका स्थानीय साथी)
१६. भागीरथा प्रसाई (नरेन्द्रराज प्रसाईकी आमा)
१७. भीष्म प्रसाई (पूर्व एआइजिपी)
१८. भीष्मराज शर्मा (शिवप्रसाद शिवाकोटीका छोरा)
१९. मोहनचन्द्र अधिकारी (वामपन्थी विचारक र चिन्तक, नेपालका नेल्सन मण्डेला तथा झापा विद्रोहका योजनाकार)
२०. युवराज शर्मा (शिवप्रसाद शिवाकोटीका छोरा)
२१. प्रा.राजेन्द्र सुवेदी (झापा विद्रोहसँग सुपरिचित र 'झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' कृतिका भूमिका लेखक)
२२. राधाकृष्ण मैनाली (झापा विद्रोहका अग्र पङ्क्तिका योद्धा, वामपन्थी चिन्तक तथा पूर्वमन्त्री)
२३. रामनारायण चौधरी (बुटन चौधरीका छोरा)
२४. प्रा.डा.रामप्रसाद उप्रेती (रामनाथ दाहालका आत्मीय पात्र)
२५. लक्षिमा दाहाल (रामनाथ दाहालकी आमा)
२६. विश्वेश्वरा दाहाल (रामनाथ दाहालकी पत्नी तथा पूर्वसांसद)
२७. विष्णुभक्त प्रसाई (शिवप्रसाद शिवाकोटीका सल्लाहकार)
२८. शिवप्रसाद शिवाकोटी (झापा विद्रोहका एउटा नायक : शिवप्रसाद शिवाकोटी' कृतिनायक)
२९. प्रा.डा.सुरेन्द्र केसी (नेपाली कम्युनिस्ट आन्दोलनविषयक प्रथम विद्यावारिधि)
३०. हरि रानामगर (शिवप्रसाद शिवाकोटी र बुटन चौधरीका छिमेकी, अर्जुनधारा नगरपालिकाका प्रमुख; झापा)

# लेखक परिचय

## नरेन्द्रराज प्रसाई

**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)

**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)

**जन्म** : २०११ साल चैत २९ गते (हाङपाङ आठराई, ताप्लेजुङ)

**शिक्षा**

बीए– त्रिचन्द्र क्याम्पस

**कृति**

८६ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन)

**विभूषण**

- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**

- जेसिस साहित्य स्वणर्पदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)

- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वणर्पदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि

**संस्थापक तथा सदस्यसचिव**

- नइ प्रकाशन (२०५२)
- त्रिमूर्ति निकेतन (२०५९)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

### जीवनी

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)
११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२४. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२५. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२६. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)
५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)
२. चाँदनी शाहका रचना (२०४३)
३. ज्ञानज्योति (२०४९)
४. अरुणा लामा : कथा र व्यथा (२०५०)
५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)
३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)
५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)
७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)
१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)

१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**अङ्ग्रेजी भाषा**

1. A biography of Parijat (Translation by Shampo Lama : 2003)
2. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
3. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)
4. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)
5. A biography of Devkota (Translation by Anukritika : 2017)
6. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
7. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
8. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
9. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)

**नेवारी भाषा**

१. वाङ्मय शताब्दी पुरुष (अनुवादक– अणुराज जोशी : २०७८)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)

३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी (जीवनी)**

• देवकोटाको जीवनशैली (२०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)
३. हाँसीहाँसी जलिरहेँ (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसिडी : २०५८)

**फुटकर**

७५० भन्दा धेरै फुटकर लेखरचना प्रकाशित

**नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति**

- प्रा.डा. वासुदेव त्रिपाठी

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- प्रा. राजेन्द्र सुवेदी

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- इन्दिरा प्रसाई

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

**• नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बाराकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)
२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)